सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ मंसिर २०८२, आइतबार (14 Dec 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

लुम्बिनीलाई ‘चामत्कारिक’ उपाधि

एनपिएलको पहिलो सिजनमा अन्तिममा रहेको लुम्बिनी लायन्स यसपालि अनपेक्षित नतिजा निकाल्दै च्याम्पियन

अधिल्लोपटकको विजेता जनकपुर बोल्ट्स भने अन्तिममा



उपाधि जितेपछि खुसियाली मनाउँदै लुम्बिनी लायन्सका खेलाडी । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सुदूरपश्चिम रोयल्स फेरि उपविजेतामै सीमित

पहिलो संस्करणमा उपविजेता बनेको सुदूरपश्चिम रोयल्सले यसपालि उपाधि उचाल्ने चर्चाबिच फेरि पनि उपविजेतामै चित्त बुझायो

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणमा अन्तिममा परेको लुम्बिनी लायन्सले यसपालि उपाधि उचालेको छ। संयोग यस्तो भयो कि अधिल्लोपटक उपाधि जितेको जनकपुर बोल्ट्स यसपालि अन्तिममा परेको छ भने सुदूरपश्चिम रोयल्स फेरि पनि उपविजेतामै समेटिएको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा उपाधिका लागि शनिबार भएको खेलमा लुम्बिनीले सुदूरपश्चिमलाई ६ विकेटले हराएको हो। लुम्बिनी च्याम्पियन मात्रै बनेन, फाइनलमा ह्याट्रिक विकेट लिएका कप्तान रोहितकुमार पौडेलले प्रतियोगिताकै सर्वोत्कृष्ट नेपाली खेलाडी बनेर करिब ६० लाख रुपैयाँ पर्ने कार र धेरै रन (२७६) बनाउने नेपाली खेलाडीका रूपमा पल्सर बाइक पनि जिते। उनले कारमा आमासहित परिवारलाई राखेर क्रिकेट मैदान परिक्रमा गराए। यति मात्रै होइन, लुम्बिनीकै स्पिनर शेर मल्लले पनि इमर्जिङ प्लेयर घोषित भएर मोटरसाइकल र दुई लाख जिते। उनले प्रतियोगितामा १७ विकेट लिएका थिए। एनपिएलमा मल्लको पनि रोचक संयोग यस्तो रह्यो, पहिलोपटक जनकपुर च्याम्पियन बन्दा उनी जनकपुरमै थिए।

१ मंसिरबाट सुरु भएको प्रतियोगिताको सुरुवाती खेलमा कमजोर देखिएको लुम्बिनी पछिल्ला ६ खेलमा लगातार जित निकाल्दै फाइनलमा पुगेको थियो। यो यात्रामा लुम्बिनीले लिग चरणमा सानदार प्रदर्शन गरेका विराटनगर किंग्स र काठमाडौं गोर्खाजस्ता टोलीलाई इलिमिनेटर र क्वालिफायर २ मा पराजित गरेको थियो।

कप्तान पौडेलले उपाधि जित्ने सपना पूरा भएको बताए। ‘एनपिएल जित्ने सपना पूरा भएको छ, हामीले ठुलो उपलब्धि प्राप्त गरेका छौं,’ रोहितले भने, ‘तीन खेल हारेपछि दबाब

» पृष्ठ २ मा क्रमश:



उपाधि जितेपछि लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल भन्छन्-

टिमको मिहिनेतले सफलता हात पऱ्यो

एनपिएल जित्ने सपना पूरा भएको छ, हामीले ठुलो उपलब्धि प्राप्त गरेका छौं। तीन खेल हारेपछि दबाब थियो, टिमको मिहिनेतले सफलता हात पारेको हो। सुदूरपश्चिमलाई ८६ रनमा अलआउट गर्छौं भन्ने सोचेका थिएनौं। आज सबै चिज मिलेर आयो। ह्याट्रिकले पनि सुदूरलाई दबाब भयो। फाइनलमा ह्याट्रिक हुन्छ भन्ने कल्पनै थिएन। आज मेरो दिन नै राम्रो रहेछ।

कसले के पुरस्कार पाए ?



■ रोहित पौडेल
कप्तान तथा मार्की, लुम्बिनी लायन्स
सर्वोत्कृष्ट नेपाली खेलाडी
पुरस्कार : **कार**

उत्कृष्ट ब्याटर (नेपालीतर्फ सर्वाधिक २७६ रन बनाउने खेलाडी)
पुरस्कार : **पल्सर बाइक**

■ सन्दीप लामिछाने
कप्तान तथा मार्की, विराटनगर किंग्स
सर्वोत्कृष्ट बलर (१७ विकेट)
पुरस्कार : **पल्सर बाइक**



(सुदूरपश्चिमका अविनाश बोहरा र लुम्बिनीका शेर मल्लले समान १७ विकेट लिए। इकोनोमीका आधारमा सन्दीप सर्वोत्कृष्ट बलर बने।)



■ शेर मल्ल
खेलाडी, लुम्बिनी लायन्स
उदयीमान खेलाडी
पुरस्कार : **पल्सर बाइक**

■ रुबेन ट्रम्पलम्यान
खेलाडी, लुम्बिनी लायन्स
सर्वोत्कृष्ट खेलाडी
नगद : **रु. ५,००,०००/-**





■ एडम रोसिंटन
खेलाडी, पोखरा एभेन्जर्स
सर्वोत्कृष्ट ब्याटर
(सात खेलमा ३२३ रन)
नगद : **रु. २,००,०००/-**

प्यानल बनाउँदै ओली र पोखरेल

■ ओली समूहमा अध्यक्षबाहेक महासचिवमा शंकर पोखरेलको सम्भावना बलियो रहँदा अन्य पदाधिकारीबारे शनिबार रातिसम्म ठोस आकार आएको छैन

■ पोखरेल समूहमा महासचिवमा सुरेन्द्र पाण्डेलाई अगाडि सारेर टिम बनाउने कसरत छ, तर सबै आकांक्षीलाई व्यवस्थापन गर्न कठिन देखिएको छ

आजबाट भृकुटीमण्डपमा बन्दसत्र र निर्वाचन प्रक्रिया

आज बिहानैबाट भृकुटीमण्डपमा बन्दसत्र सुरु हुँदै, केन्द्रीय सचिवालयले नै अध्यक्षमण्डलको काम गर्ने, केन्द्रीय निर्वाचन आयोगलाई कामको जिम्मा दिने

उम्मेदवारी मनोनयनपछि भोटिङ मेसिनमा अल्फाबेटिकल्ली फोटोसहितको नामको सूची राख्न कम्तीमा १५ घण्टा लाग्ने, ८० वटा भोटिङ मेसिनमा मतदान गराउने र एकजना प्रतिनिधिलाई मत दिन २५ मिनेट लाग्ने अनुमान

शुरोजंग पाण्डे/नयाँ पत्रिका

१५ सदस्यीय पदाधिकारीसहित केन्द्रीय कमिटीकै प्यानल बनाउने गरी अध्यक्षका उम्मेदवार अध्यक्ष केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूह दुवैले आन्तरिक गृहकार्य सुरु गरेका छन्। अहिलेलाई प्यानल नभनिहाल्ने, तर उम्मेदवारी मनोनयनपछि सार्वजनिक गर्ने गरी दुवै पक्षले आ-आफ्नो टिम निर्माणको गृहकार्य सुरु गरेका हुन्।

ओली समूहले पदाधिकारीबाहेक समेटुनुपर्ने केन्द्रीय सदस्यहरूको प्रारम्भिक सूची तयार गरिसकेको उनीनिकट एक नेताले बताए। ओली समूहमा सबैभन्दा पेचिलो पद

» पृष्ठ २ मा क्रमश:

■ ११औं महाधिवेशनका प्रतिनिधि र शुभेच्छुकमाझ ओलीले सुनाए प्राथमिकता

चुनावी वातावरण बनेको छैन, संसद् पुनर्स्थापना हुनुपर्छ



भक्तपुरको सल्लाघारीमा एमाले ११औं महाधिवेशनको उद्घाटन सत्रमा सहभागी

सरकारलाई २१ फागुनमा चुनाव गराएर सत्ता हस्तान्तरण गर्ने कार्यादेश छ। चुनावको मिति तोकिएको छ, तर के तयारी कतै छ ? अहँ देखिँदैन। चुनाव चाहने सरकारले के गर्थ्यो ? सबै दलको विश्वास जित्थ्यो, निर्णयमा पारदर्शिता देखाउँथ्यो, सभा, जुलुस खुला गर्थ्यो। दलका गतिविधि प्रोत्साहित गर्थ्यो। चुनावको अनिवार्य सर्तका रूपमा रहेको निर्भयताको वातावरण निर्माण गर्थ्यो। तर, अहिले के भइरहेको छ ? संवादको सट्टा निषेध, बहसको सट्टा मुद्दा, प्रतिस्पर्धाको सट्टा धम्की, नेताको राहदानी रद्द र स्थान हद, निषेधाज्ञा। यसरी चुनावको वातावरण बन्छ कि डरको ? मतदानको स्वतन्त्रता सुरक्षित हुन्छ कि दबाब र आतंक बढ्छ ?

कम्युनिस्ट पार्टी स्थापनादेखि ११औं महाधिवेशनसम्म एमाले

७७ वर्षमा ११ महाधिवेशन

- ००६ (नेकपा स्थापना)
महासचिव- पुष्पलाल श्रेष्ठ
- ०१० (पहिलो)
महामन्त्री- मनमोहन अधिकारी
- ०१४ (दोस्रो)
महासचिव- डा. केशरजंग रायमाझी
- ०१९ (तेस्रो)
महासचिव- तुलसीलाल अमात्य
- ०४६ (चौथो)
महासचिव- मदनकुमार भण्डारी
(पार्टी विभाजन भएर नेकपा माले गठन)
- ०४९ (पाँचौं)
महासचिव- मदन भण्डारी
(एकीकृत पार्टीको नाम 'नेकपा एमाले')
- ०५४ (छैटौं)
महासचिव- माधवकुमार नेपाल
- ०५९ (सातौं)
महासचिव- माधवकुमार नेपाल
- ०६५ (आठौं)
अध्यक्ष- झलनाथ खनाल
- ०७१ (नवौं)
अध्यक्ष- केपी ओली
- ०७८ (दसौं)
अध्यक्ष- केपी ओली
- ०८२ (एघारौं)
अध्यक्ष- चयन हुन बाँकी

(विस्तृत समाचार पृष्ठ ३)

प्रहरीमा पहिल्यै थिए ठगीसम्बन्धी सात मुद्दा, फेरि ७२ युवासँग ठगे ६ करोड

मुख्य योजनाकार अनुपकुमार सिंह भारत भाग्दै गर्दा झापाबाट पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

ललितपुर महालक्ष्मी नगरपालिका- ४ का ५१ वर्षीय मनोजकुमार सिंह भन्ने अनुपकुमार सिंहको आदत नै बनिसकेको थियो ठगी। उनीविरुद्ध ठगीका ६ र धाकधम्कीसम्बन्धी एक गरी सात मुद्दा प्रहरीमा पहिल्यै दर्ता थिए, तर ठगीधन्दा छाडेनन्। युकेको म्यानचेस्टरस्थित मिडल्यान्ड होटेलमा आकर्षक तलब दिलाइदिने प्रलोभनमा ७२ युवाबाट ६ करोड रुपैयाँ ठगी गरेको मुद्दा परेपछि भने उनी पत्राउ परेका छन्।

सिंहलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले झापाबाट पक्राउ गरेको हो। प्रहरीमा उजुरी परेको सूचनापछि उनी काँकडभिट्टा नाकाबाट भारततिर भाग्दै थिए।

उनीविरुद्ध अनुसन्धान कार्यालयमा ४८ पीडितले जाहेरी दिएका छन्। जाहेरीमा सिंहले चार करोड ३९ लाख ५१ हजार ५५८ रुपैयाँ ठगी गरेको आरोप छ। तर, जाहेरी दिन आउने र नआउनेसमेत गर्दा सिंहले ७२ युवाबाट ६ करोड रुपैयाँभन्दा धेरै रकम ठगी गरेको कार्यालयका

» पृष्ठ २ मा क्रमश:



● **काजीकुमार आचार्य**, प्रवक्ता
काठमाडौं उपत्यका अनुसन्धान कार्यालय

युके पठाइदिने प्रलोभनमा सिंहले ७२ युवाबाट ६ करोड रुपैयाँभन्दा धेरै रकम ठगी गरेको देखिन्छ। जसमध्ये ४८ पीडितले त हामीकहाँ जाहेरी नै दिएका छन्। अन्य पीडितको पनि जाहेरी आउने क्रम जारी छ।

रकम फिर्ता माग्नेलाई ‘पूर्वराजपरिवारको सदस्य हुँ’ भन्दै धम्क्याउँथे सिंह

पक्राउ परेका अनुपकुमार सिंह ठगीधन्दाका मुख्य योजनाकार हुन्। उनले आफूलाई पूर्वराजपरिवारको सदस्य रहेको समेत भन्दै आएका थिए। सोही आधारमा उनले रोयल बिजनेस टिम नामको कम्पनी खोलेका थिए। उनीविरुद्ध प्रहरीका विभिन्न कार्यालयमा ठगीसम्बन्धी सात मुद्दा दर्ता भएका छन्। प्रहरीका अनुसार जिल्ला प्रहरी परिसर काठमाडौंमा चार र जिल्ला प्रहरी परिसर ललितपुरमा दुईवटा ठगीका मुद्दा दर्ता छन्। त्यस्तै, ठगीको रकम फिर्ता माग्ने पीडितलाई धम्क्याएको एउटा मुद्दा प्रहरी वृत्त दरबारमार्गमा दर्ता भएको छ। रकम फिर्ता माग्नेलाई उनी आफू पूर्वराजपरिवारको सदस्य रहेको भन्दै धम्की दिने गर्थे।

अबको प्रधानमन्त्री कस्तो ?



● **बलराम केसी**

अबका दिनमा हामीलाई अवकाशपछि 'मेमोवार' लेख्न सक्ने, अन्तर्राष्ट्रिय संघसंस्थामा बिक्न सक्ने, अवकाशपछिको राजनीति नधमिल्याउने प्रधानमन्त्री चाहिएको छ

(पृष्ठ ४)

सिरियाली शरणार्थीप्रति कठोर बन्दै छ जर्मनी



सिरियाली शरणार्थीलाई देशनिकाला गर्ने जर्मन योजना ४० वर्षअघिको टर्कीका आप्रवासी फिर्ता गर्ने अभियानसँग मेल खान्छ

(मिसेल लिन कानको लेख)

कार्यस्थलमा थकित जेन-जी पुस्ता

आवास र जीवनयापनमा बढ्दो लागत र रोजगारीमा अनिश्चितताले यो पुस्ता ठुलो आर्थिक दबाबमा छ

(नितिन डेक्काको लेख)

(पृष्ठ ५)

कात्तिकसम्मको कुल सेयर धितो कर्जा १ खर्ब ४६ अर्ब २२ करोड

सीमा हटाएपछि पनि सेयर धितो कर्जामा अपेक्षा गरिएअनुसार देखिएन आकर्षण

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चुनाव नलड्ने भए किन चाहिन्छ दल ?

२१ फागुनको निर्वाचनका लागि दर्ता भएका २९ दल चुनावमा नजाने



● **ईश्वरी पौड्याल**
पूर्वआयुक्त, निर्वाचन आयोग

दल खोल्दा विधान र घोषणापत्र बनाउँछन्। तर, दल किन खोल्नुभयो भन्दा प्रस्ट उत्तर आउँदैन। के विचारले किन दल खोल्नुहुन्छ भन्नेमा न आयोगले विश्लेषण गरेको छ, न दलले नै जवाफ दिन्छन्। यसमा आयोगले एउटा अध्ययन-अनुसन्धान गर्न जरुरी छ।



कमलराज भट्ट/नयाँ पत्रिका

सबै प्रक्रिया पुऱ्याएर निर्वाचन आयोगमा दर्ता भएका २९ दलले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भाग नलिने भएका छन्। आयोगमा दर्ता भएका कुल १४३ मध्ये निर्वाचन प्रयोजनका लागि ११४ दल मात्रै दर्ता भएका छन्।

आयोगले १-१४ मंसिरसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ताका लागि आह्वान गरे पनि २९ दलले चुनावमा भाग लिन इच्छा जनाएनन्। कानुनले बाध्य नपारेकाले दलहरू आयोगमा दर्ता भएर पनि निर्वाचनमा नजान पाउँछन्। निर्वाचन आयोगका प्रवक्ता नारायण भट्टराईले दल खोल्ने र चुनावमा भाग नलिने प्रश्न आइरहेको, तर यसको कुनै स्पष्ट जवाफ नभएको बताए। ‘कानुनले केही भनेको छैन। व्यावहारिक पाटोबाट हेर्दा किन नगरेको भन्ने

» पृष्ठ २ मा क्रमश:

■ कुन-कुन दलले भाग लिएनन् ?

१. चुरेभावर लोकतान्त्रिक पार्टी
२. राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी
३. नेपाली प्रिन्स पार्टी
४. मधेश तराई फोरम
५. आधुनिक नेपाल समाजवादी पार्टी
६. जनसेवा लोकतान्त्रिक पार्टी
७. नेपाल राष्ट्रवादी पार्टी
८. मधेशी जनअधिकार फोरम मधेश
९. शिव सेना नेपाल
१०. नेपाल समाजवादी कांग्रेस
११. बहुजन समाज पार्टी नेपाल
१२. जन राष्ट्रवादी पार्टी नेपाल
१३. अखण्ड सुदूरपश्चिम पार्टी नेपाल
१४. नेपाः राष्ट्रिय पार्टी
१५. राष्ट्रिय एकता मञ्च
१६. जनजागरण पार्टी नेपाल
१७. नेपालवाद
१८. जनप्रजातान्त्रिक पार्टी नेपाल
१९. आम आदमी पार्टी नेपाल
२०. राष्ट्रिय समाजवादी पार्टी नेपाल
२१. माओवादी कम्युनिस्ट पार्टी नेपाल
२२. माओवादी जनमुक्ति पार्टी नेपाल
२३. जनताको जनवादी पार्टी नेपाल
२४. नेसनलिस्ट पिपल्स पार्टी
२५. नेपाल कम्युनिस्ट पार्टी (लोकतान्त्रिक)
२६. नेपाल कम्युनिस्ट पार्टी परिवर्तन
२७. नेपाल विवेकशील पार्टी
२८. नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली)
२९. पुनर्जागरण पार्टी नेपाल

● चुनावमा भाग नलिएका दलका प्रतिनिधिले विभिन्न कारण देखाएका छन्। कसैले चुनाव लड्न स्रोत-साधन नभएको त कसैले चुनावै नहुने भएकाले भाग नलिएको बताएका छन्। तर, चन्दा संकलनका लागि मात्र दल नखोलेको दाबी उनीहरूको छ। तीमध्ये कतिपय लेखा परीक्षण नगरेर वा महाधिवेशन नगरेर जरिवानामा परेका छन्।

● ०७९ को निर्वाचनमा पनि आयोगमा दर्ता १२३ दलमध्ये ८७ ले मात्रै चुनावमा भाग लिएका थिए। त्यसवेला पनि ३६ दलले भाग लिएका थिएनन्।

कम्पनी दर्ता गरी व्यवसाय गर्नेभन्दा कान्तिपथमा दल दर्ता गरेर ‘उद्यम’ सुरु गर्न सजिलो हुने गलत धारणा बनेको छ



● **डा. दीपेश घिमिरे**, उपप्राध्यापक, त्रिवि

पहिलो विचारलाई जनतासमक्ष पुऱ्याउन, एजेन्डा सेट गर्न वा रणनीतिक दबाब सिर्जना गर्न चुनावमा नजाने निर्णय हुन सक्छ। दोस्रो पूर्वतयारी नपुग्ने, जनतासम्म पुग्न नसक्ने, उम्मेदवार छनोट र प्रशिक्षणसम्बन्धी तयारी नसघाउने कारणले पनि दल चुनावमा सहभागी नहुन सक्छ। तेस्रो महँगो निर्वाचन प्रणाली हो। चुनाव खर्च अत्यधिक भएकाले दाता आकर्षित गर्न नसक्ने नयाँ दलहरूको सहभागिता कमजोर हुन्छ। चौथो आन्तरिक कलह हो। लहलहैमा पार्टी खोलिन्छ, तर संरचना नबस्दै आन्तरिक विवाद बढ्दा चुनावमा जान नसकिने अवस्था बन्न सक्छ। पाँचौं निर्वाचन मितिप्रति अनिश्चिततालेे काम गर्छ। निर्वाचन तोकिएकै मितिमा हुनेमा शंका हुँदा पनि दलहरूले तयारी नगरेको देखिन्छ। छैटौं जमानत जफत हुने डरले काम गर्छ। अधिल्लो निर्वाचनमा धेरै दलले सदस्य संख्याभन्दा पनि कम भोट पाएका थिए। दल र उम्मेदवार अपरिचित हुँदा प्रदर्शन कमजोर भई जमानत जफत हुने सम्भावना बढी हुन्छ। सातौं उद्यमका रूपमा राजनीतिक दल उदाएका हुन्छन्। कम्पनी दर्ता गरी व्यवसाय गर्नेभन्दा कान्तिपथमा दल दर्ता गरेर ‘उद्यम’ सुरु गर्न सजिलो हुने गलत धारणा बनेको छ। छिटो आर्थिक लाभ लिन खोज्नु पनि एउटा कारण हो।

लुम्बिनीलाई...

पृष्ठ १ बाट क्रमशः

थियो, टिमको मिहिनेतले सफलता हात पारेका छौँ, आज मेरो दिन नै राम्रो रहेछ।'

'हाउस फुल' त्रिवि मैदानमा टस जितेर सुरुमा ब्याटिङ रोजेको सुदूरपश्चिमले प्रतियोगिताकै कमजोर सुरुवात गर्‍यो। १९ ओभरमा सबै विकेट गुमाउँदा ८६ रनको मात्रै लक्ष्य दियो। टोलीको इनिङ्समा ठुलो साझेदारी हुनै पाएन। एनपिएल दोस्रो संस्करणमा कुनै पनि टोलीले कम स्कोर बनाएको यो नै पहिलो हो। प्रत्युत्तरमा लुम्बिनीले नौ ओभरमै खेल जित्यो। चार विकेट गुमाउँदै जित निकालेर च्याम्पियन बन्यो।

च्याम्पियन लुम्बिनीले एक करोड १० लाख पाउँदा उपविजेता सुदूरपश्चिमले ५१ लाख पायो। प्रतियोगिताका मुख्य अतिथि सञ्चारमन्त्री जगदीश खरेल र क्यान अध्यक्ष चतुरबहादुर चन्दले रोहितलाई ट्रफी हस्तान्तरण गरे। तेस्रो बनेको विराटनगर किंग्सले २५ लाख तथा चौथो बनेको काठमाडौं गोर्खाजले १५ लाख पाए। प्रतियोगितामा पोखरा एभेन्जर्स, कर्णाली याक्स, चितवन राइनोज र जनकपुर बोल्ट्स लिग चरणबाटै माथि बढ्न सकेनन्।

विराटनगर किंग्सका कप्तान तथा मार्की सन्दीप लामिछाने प्रतियोगितामा सर्वोत्कृष्ट बलर बने। उनले मोटरसाइकल र दुई लाख पुरस्कार प्राप्त गरे। त्यस्तै, इनर्जेटिक प्लेयर अफ दी टुर्नामेन्ट चुनिँदै सुदूरपश्चिमका बलर अभिनाश बोहराले दुई लाख पाए। सन्दीप र अभिनाश दुवैले प्रतियोगितामा समान १७ वीकेट लिएका थिए।



फाइनलमा दिनेशको जादुमयी ब्याटिङ

सुदूरपश्चिमले दिएको ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीलाई ओपनर दिनेश अधिकारीको जादुमयी ब्याटिङले ४२ रन दिलायो। उनले १३ बलमा पाँच छक्का र एक चौका प्रहार गरे। पहिलो ओभरमै सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीलाई २७ रन हाने। त्यसपछि आएका अस्ट्रेलियन ब्याटर डार्सी सर्टले १३ बलमा १४ रन र कप्तान रोहितले १३ बलमा दुई चौका र एक छक्कासहित १६ रन बनाए।

टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिमको इनिङ्समा ओपनर ईशान पाण्डेले सर्वाधिक ३३ रन बनाउनुबाहेक अन्य खेलाडी चल्न सकेनन्। १६.३ ओभरसम्म क्रिजमा टिकेर ५१ बलमा एक चौका हिर्काएका ईशानलाई शेर मल्लले श्रीलंकन अलराउन्डर मोभिन सुवासिंघाबाट क्याच आउट गराएका थिए। त्यसबाहेक कप्तान ऐरीले २० बलमा १३, हर्मित सिंह र स्कट कुगुलेइनले पनि १० रन मात्रै बनाएर पेभिलियन फर्किएपछि सुदूरपश्चिम दबाबमा आएको थियो। यसअघि दुई अर्धशतक बनाएका विनोद भण्डारी डकआउट भएका थिए। लुम्बिनीका लागि रोहित, शेर मल्ल र रुबेन ट्रम्पलम्यानले समान तीन विकेट लिए। ट्रम्पलम्यान प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हुँदै पाँच लाख पाउन सफल भए।

प्रहरीमा...

पृष्ठ १ बाट क्रमशः

प्रवक्ता एसपी काजीकुमार आचार्यले बताए।

'युके पठाइदिने प्रलोभनमा सिंहले ७२ युवाबाट ६ करोड रुपैयाँभन्दा धेरै रकम ठगी गरेको देखिन्छ। जसमध्ये ४८ पीडितले त हामीकहाँ जाहेरी नै दिएका छन्। अन्य पीडितको पनि जाहेरी आउने क्रम जारी छ,' उनले भने।

प्रहरीका अनुसार सिंहसहित घटनामा संलग्न भक्तपुर मध्यपुर थिमि नगरपालिका- ९ बस्ने दोलखा मेलुङ गाउँपालिका- ७ का ५१ वर्षीय नरबहादुर श्रेष्ठ भनिने लड्डुबहादुर श्रेष्ठ पनि पक्राउ परेका छन्।

उनीहरूको समूहले युकेस्थित मिडल्यान्ड होटले र रोयल बिजनेस टिमसँग भएको नक्कली सम्झौतापत्र युवालाई देखाउने र लोभ्याएर चर्को रकम उठाउने गरेका थिए। युवालाई अझ विश्वस्त दिलाउन उनीहरूले नेपालस्थित बेलायती दूतावासबाट जारी भएको नक्कली भिसा मात्र नभई हवाई टिकटसमेत नक्कली बनाएर देखाउने गरेको खुलेको छ। रकम असुलेपछि भने उनीहरू ती युवाको सम्पर्कबाट फरार हुने गरेका थिए।

पक्राउ परेकामध्ये सिंह ठगीधन्दाका मुख्य योजनाकार हुन्। उनले आफूलाई पूर्वराजपरिवारको सदस्य रहेको समेत भन्दै आएका थिए। सोही आधारमा उनले रोयल बिजनेस टिम नामको कम्पनी खोलेका थिए। उनीविरुद्ध प्रहरीका विभिन्न कार्यालयमा ठगीसम्बन्धी सात मुद्दा दर्ता भएका छन्। प्रहरीका अनुसार जिल्ला प्रहरी परिसर काठमाडौंमा चार र जिल्ला प्रहरी परिसर ललितपुरमा दुईवटा ठगीका मुद्दा दर्ता छन्। त्यस्तै, ठगीको रकम फिर्ता माग्ने पीडितलाई धम्क्याएको एउटा मुद्दा प्रहरी वृत्त दरबारमार्गमा दर्ता भएको छ। रकम फिर्ता माग्नेलाई उनी आफू पूर्वराजपरिवारको सदस्य रहेको भन्दै धम्की दिने गर्थे।

चुनाव नलड्ने...

पृष्ठ १ बाट क्रमशः

हो। भित्रभित्रै दलहरू मिलौँ भन्ने हो कि ? हामीले किन भाग नलिएको भनेर व्यक्तिगत भन्ने कुरा छैन। कोही छुटेका छन् कि भनेर आयोगले उदारता देखाएर समय थप गरिदिएको हो। अरू पाटोमा कानुनले केही बोलेको छैन,' उनले भने।

आयोगका पूर्वआयुक्त ईश्वरी पौड्याल दल खोल्नेहरू नै स्पष्ट नभएकाले यो प्रश्न उठिराखेको बताउँछन्। 'दल खोल्दा विधान र घोषणापत्र बनाउँछन्। तर, दल किन खोल्नुभयो भन्दा प्रस्ट उत्तर आउँदैन। के विचारले किन दल खोल्नुहुन्छ भन्नेमा न आयोगले विश्लेषण गरेको छ, न दलले नै जवाफ दिन्छन्। यसमा आयोगले एउटा अध्ययन-अनुसन्धान गर्न जरुरी छ,' उनी भन्छन्।

यसपटक निर्वाचनमा भाग नलिने २९ मध्ये १५ वटा त जरिवानामा परेका छन्। आयोगका अनुसार प्रायः कतिपय लेखापरीक्षण नगरेर वा महाधिवेशन नगरेर जरिवानामा परेका हुन्। जरिवाना तिरेर भाग लिन पाउने भए पनि तिरेका छैनन्। '१५ वटाले जरिवाना तिरेका छैनन्। जरिवाना नतिर्नेलाई अब स्पष्टीकरण सोध्ने र खारेजी प्रक्रिया अगाडि बढाउने सोचिरहेका छौँ,' ती आयुक्त भन्छन्।

आयोगका एक आयुक्त दल खोल्ने, तर चुनावमा नजाने प्रवृत्ति मौलाउँदो रहेको बताउँछन्। 'सामान्यतः दल खोल्ने जनताकै लागि हो। जनतामा जाने उत्तम माध्यम भनेको निर्वाचन नै हो। तर, कतिपय दल किन जाँदैनन् भनेर अध्ययन भएको छैन,' उनी भन्छन्, 'दल देखाएर हिँडन इन्ट्रेस्टहरू पूरा गर्ने र चन्दा उठाउने पनि देखिन्छ। जनताका लागि भन्दा आफ्नो हितका लागि उपयोग गरेको देखिन्छ। भाग नलिनेलाई के गर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था पनि छैन।'

चुनावमा भाग नलिएका दलका प्रतिनिधिले विभिन्न कारण देखाएका छन्। कसैले चुनाव लड्न स्रोत-साधन नभएको त कसैले चुनावै नहुने भएकाले भाग नलिएको बताएका छन्। तर, चन्दा संकलनका लागि मात्र दल नखोलेको दाबी उनीहरूको छ।

चुरेभावर लोकतान्त्रिक पार्टीका अध्यक्ष भूमिराज निरौला चन्दा उठाउन दल नखोलेको दाबी गर्छन्। 'हामी कसैसँग कुनै पनि चन्दा उठाउने होइन। चुनाव भनेर चन्दा उठाएको पनि छैन,' उनी भन्छन्, 'फेरि पनि अर्को दलको चुनाव चिह्नबाट लड्ने कि भन्ने भइरहेको छ। हामी आफैँ त लड्दैनौँ।'

जरिवानामा परेर पनि नतिरेका मधेश तराई फोरमका अध्यक्ष अमरप्रसाद यादव स्वच्छ चुनाव नहुने भएकाले भाग नलिएको बताउँछन्। 'हामीले वैचारिक संघर्ष र जनतालाई सचेत गराउन दल खोलेका हौँ। चुनावमा आचारसंहिता जिरो हुन्छ। जसको शक्ति छ, त्यही हुन्छ। परिवर्तन केही हुँदैन। कुनै सुधार नभई जाँदा खासै अर्थ छैन भनेर चुनावमा गएनौँ,' उनी भन्छन्, 'चन्दा उठाएर खान्छन् भन्ने आपेक्ष मात्र हो। जरिवाना तिर्न पत्र आएको छ, छिट्टै बुझाउँछौँ।'

नेपाल समाजवादी कांग्रेसका अध्यक्ष गोविन्दप्रसाद निरौला चुनावले निकासै नदिने भएकाले भाग नलिएको टिप्पणी गर्छन्। 'देशको परिस्थिति अप्ठेरो बाटोमा छ। अहिले राष्ट्रिय एकता आवश्यक छ, सबैसँग एकता चाहिएको छ,' उनी भन्छन्, 'एकताविनै चुनाव हुँदा-नहुँदा केही अर्थ छैन। यसअघि पनि चुनाव भएकै हुन्, तर शान्ति स्थायित्व हुन सकेन। चुनावले मात्र केही हुँदैन। चुनावप्रति विश्वास छैन।'

आयोगको कानुन तथा राजनीतिक महाशाखाका अनुसार ०७९ को निर्वाचनमा पनि आयोगमा दर्ता १२३ दलमध्ये ८७ ले मात्रै चुनावमा भाग लिएका थिए। त्यसवेला पनि ३६ दलले भाग लिएका थिएनन्।

काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेड
ग्वार्को, ललितपुर
२८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना
(दोस्रो पटक प्रकाशित मिति २०८२/०८/२८)

शेयरधनी महानुभावहरू,
मिति २०८२/०८/१९ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको १७३औं बैठकको निर्णय बमोजिम यस कलेजको २८औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयमा छलफल गरी निर्णय गर्न बोलाइएको हुँदा उक्त साधारणसभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाइदिनुहुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा हुने मिति, स्थान र समय
मिति : २०८२/०९/२० गते, आइतबार अर्थात ४ जनवरी २०२६।
स्थान : काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेडको रजिष्टर्ड कार्यालय ल.पु.म.न.पा.वडा नं.- १७ ग्वार्को, ललितपुर।
समय : बिहान ११:०० बजे।

साधारणसभामा छलफल हुने विषयहरू:
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरण अर्थात २०८२ साल आषाढ मसान्तसम्मको वासलात, २०८१ साल श्रावण १ गतेदेखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

सर्टिफिकेट हरायो
मिति २०८२/४/२७ गते सोह्रखुट्टे बाट लैनचौर सम्म जाँदा मेरो निम्न व्यहोराको NEB बाट जारी भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु।
Name : Diwash Thapa
Reg. No.: 738224011
Symbol No.: 28200868
Serial No. : M0088130
Mobile No.: 9763692391

Khajura Rural Municipality
Office of the Rural Municipal Executive
Invitation for Bids
First Date of Publication: 2025/12/14

1. Khajura Rural Municipality invites electronic or sealed bids from the eligible Nepalese bidders for the construction of following contracts under National Competitive Bidding procedures.
2. Sealed or Electronic bids must be submitted to the office Khajura Rural Municipality by hand/courier or through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 pm on 2026/01/13. Bids received after this deadline will be rejected.
3. The summary of contracts are given below:

S. No	Contract Number	Contract Name	Estimate Amount Without VAT, PS & Contingencies	Bid Security (NRs)	Price of Bidding Document(antarik rajaswa khata)
1	KRM/NCB/ WORKS/26/2082-83	Banke Jilla Khajura Gaunpalika Wada No.3 Khajura Ga.Pa.3 Hulaki Rajmarg Dekhi Baijanath Ga.Pa.6 Mahendra Rajmarg Samjhana Chowk Jodne Sadak Starunnati	5936297.99	2,00,000	3000
2	KRM/NCB/ WORKS/27/2082-83	Buspark Nirman	7326094.41	2,20,000	3000
3	KRM/SQ/WORKS/ 28/2082-83	Dui Kothe Swasthya Chauki Bhawan Nirman	1219107.67	40,000	1000(2025/12/29)Last date of Submission
4	KRM/NCB/ WORKS/29/2082-83	Janata Ma.Vi. 4 Kothe bhawan Bathawa School	3143131.15	95,000	3000
5	KRM/NCB/ WORKS/30/2082-83	Khajura 07 Bipi Pratikshalaya hulaki sadak hudai kalaksan gau hudai sonbarsha pipiri school jodne Sadak starunnati garne karya	5936426.92	1,75,000	3000
6	KRM/NCB/ WORKS/31/2082-83	Gaughat Yoga Bhawan Nirman	1690962.10	50,000	1000(2025/12/29)Last date of Submission

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [KHAJURA RURAL MUNICIPALITY, KHAJURA, BANKE, 9858077744,9868018373 and khajura666@gmail.com] or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

प्यानल बनाउँदै...

पृष्ठ १ बाट क्रमशः

महासचिव बनेको छ। ओलीले पुनः शंकर पोखरेललाई नै महासचिव दोहोर्‍याएर प्रदीप ज्ञवाली र पृथ्वीसुब्बा गुरुङलाई उपाध्यक्षमा व्यवस्थापन गर्न खोजेका छन्।

तर, उपाध्यक्ष तीनवटा मात्र रहेकाले विष्णु पौडेल पनि दोहोरिने र रामबहादुर थापालाई पनि दोहोर्‍याउनुपर्ने भएकाले ज्ञवाली र गुरुङमध्ये एकलाई मात्र उपाध्यक्ष बनाउन सकिने बाध्यतामा ओली छन्। गुरुङलाई उपाध्यक्षमा व्यवस्थापन नगर्दा टिममै अप्ठ्यारो पर्न सक्ने र अर्को समूहले महासचिवको उम्मेदवार बनाउन सक्नेतर्फ पनि ओली पक्षले ध्यान दिइरहेको एक नेताले बताए। उपमहासचिव ज्ञवालीले पुनः नदोहोरिने भन्दै महासचिवकै लागि अडान राखिरहेको स्रोतले जनाएको छ।

त्यस्तै, उपमहासचिवमा पुनः विष्णु रिमाल दोहोरिँदा पद्मा अर्याल, रघुवीर महासेठ, छविलाल विश्वकर्मा र लेखराज भट्टसम्मलाई कसरी व्यवस्थापन गर्ने ओलीलाई चुनौती छ। सचिवहरूको उपमहासचिवमा बढुवा नहुँदा महासेठ, विश्वकर्मा र भट्टमध्ये दुईजना अर्को टिममा जाने खतरा छ। उपमहासचिवमै भानुभक्त ढकालले पनि रुचि राखेका छन्। त्यस्तै, सात सचिवमा नयाँ अनुहारसहितका नेतालाई प्रत्येक प्रदेशबाट एकजना समेट्नुपर्ने चुनौती छ।

अर्कोतिर, पोखरेल पक्षले उपाध्यक्षमा युवराज ज्ञवालीलाई दोहोर्‍याउने तयारी गरेको छ। अष्टलक्ष्मी शाक्यलाई पनि उपाध्यक्षमै दोहोर्‍याउने, उनी नदोहोरिँदा विन्दा पाण्डे उठाउने, अर्को टिमबाट आउन सक्ने सम्भावित सचिव महासेठ, भट्ट र विश्वकर्मामध्ये सबैलाई उपाध्यक्ष र उपमहासचिवमा पनि व्यवस्थापन गर्न सकिने गरी छलफल सुरु गरेको छ। महासचिवमा भने उपाध्यक्ष सुरेन्द्र पाण्डेलाई उठाउने सम्भावना बलियो बन्दै गएको उनीनिकट एक पदाधिकारी तहका नेताले बताए। पाण्डेले पनि उपाध्यक्षमा भन्दा कार्यकारी पद महासचिवमै बढी रुचि देखाएका छन्।

त्यसो हुँदा सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्ट उपमहासचिवमा उठ्ने या अर्को टिमबाट आएकालाई छोडेर सचिवमै दोहोरिनसमेत तयार देखिएका छन्। सचिवहरूमा भने गोकुल बाँस्कोटा, कर्ण थापा, विनोद ढकालदेखि ४० वर्ष कम उमेरसमूहलाई समेत ध्यान दिँदै रचना खड्कालाई उठाउने गरी प्रारम्भिक छलफल चलिरहेको एक पदाधिकारीले बताए।

आजबाट भृकुटीमण्डपमा बन्दसत्र र निर्वाचन प्रक्रिया

आइतबार बिहानैबाट भृकुटीमण्डपमा ११औँ महाधिवेशनको बन्दसत्र सुरु हुँदै छ। केन्द्रीय सचिवालयले नै अध्यक्षमण्डलको काम गर्ने निर्णय गरेकाले उसैले बन्दसत्र सुरु गर्नेछ। र, केन्द्रीय निर्वाचन आयोगलाई कामको जिम्मा दिनेछ। आइतबारबाटै निर्वाचन प्रक्रिया सुरु गर्ने प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए। 'दुई हजार २६२ प्रतिनिधिको नामावली प्रकाशन, उम्मेदवारी मनोनयन, निर्वाचनको कार्यतालिका प्रकाशन गरेर आइतबार बिहानैबाट क्रमशः प्रक्रिया अगाडि बढ्छ,' गौतमले भने, 'सम्भवतः सोमबार उम्मेदवारी मनोनयन हुनेछ।'

तर, निर्वाचन आयोगका प्रमुख डा. विजय सुब्बाले निर्वाचित हुने क्लस्टर टुंग्याएर दिएपछि मात्र निर्वाचन प्रक्रिया अगाडि बढाउन सहज हुने बताए। 'क्लस्टर टुंगिएर आयो भने आइतबारबाटै पनि निर्वाचन कार्यतालिका सार्वजनिक गरेर प्रक्रिया अगाडि बढाउन सकिन्छ,' सुब्बाले भने। उम्मेदवारी मनोनयनपछि भोटिङ मेसिनमा अल्फाबेटिकल्ली फोटोसहितको नामको सूची राख्न कम्तीमा १५ घण्टा लाग्ने उनको भनाइ छ। नियमित रूपमा काम अगाडि बढ्दा १ पुसमा मतदान सकेर ढिलोमा २ गते बिहानभित्र परिणाम सार्वजनिक गर्न सक्ने योजना रहेको उनले सुनाए। उनका अनुसार ८० वटा भोटिङ मेसिनमा मतदान गराउने र एकजना प्रतिनिधिलाई मत दिन २५ मिनेट लाग्ने अनुमान छ। उनले मतदान सकिएको तीन घण्टाभित्र परिणाम सार्वजनिक गर्न सकिने बताए।

बन्दसत्र सञ्चालनका लागि प्रदीप ज्ञवालीको नेतृत्वमा प्रस्ताव लेखन र पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा माइन्युटिङ कमिटी बनाउने सचिवालयले निर्णय गरेको थियो। थप समिति र सदस्यहरू अध्यक्षमण्डलले नै बनाउनेछ भने डा. सुब्बा नेतृत्वको निर्वाचन आयोगले निर्वाचनसम्बन्धी काम गर्नेछ।

उद्घाटन समारोहमा अध्यक्षका प्रत्याशी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले सम्बोधन गरेनन्। उपमहासचिव प्रदीप ज्ञवालीको सञ्चालन, अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेलको मन्तव्य आउँदा वरिष्ठ उपाध्यक्ष पोखरेल बोलेनन्। स्रोतका अनुसार स्वागत सम्बोधन गर्न ओलीले गरेको प्रस्ताव पोखरेलले अस्वीकार गरेका थिए। आफूलाई पनि वक्ता राख्नुपर्ने पोखरेलको अडान थियो।

ओलीले एकलौटी प्रतिनिधि मनोनीत गरेको पोखरेलको आरोप


अध्यक्ष केपी ओलीले एकलौटी प्रतिनिधि मनोनीत गरेको भन्दै अध्यक्षका उम्मेदवार ईश्वर पोखरेल र उनीनिकट नेताहरूले गम्भीर आपत्ति जनाएका छन्। शनिबार बिहान १०८ जना मनोनीत प्रतिनिधिको सूची सार्वजनिक भएलगत्तै अध्यक्षका उम्मेदवार पोखरेलले त्यसप्रति आपत्ति जनाएका हुन्। ओलीले केन्द्रीय सचिवालयको शुक्रबारको बैठकमा १०८ जनाको नाम प्रस्ताव गरेका थिए। तर, त्यसमा विवाद भएपछि सहमतिमा टुंग्याउने भनिएको थियो। 'तर, सल्लाह नै नगरी नामसूची आएको छ। यसमा हाम्रो गम्भीर आपत्ति छ,' पोखरेलले भने। पोखरेल पक्षले १०८ जनामा आफ्नो पक्षबाट भेषराज अधिकारीसहित १० जनासम्म मात्र मनोनीतमा पारिएको निष्कर्ष निकालेको छ। तर, प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने पोखरेलसँगको सहमतिमै मनोनीत प्रतिनिधिको नाम टुंगिएको दाबी गरे। 'एकलौटी होइन, सहमतिमै टुंगिएको हो, छुटपुट नामसमेत समावेश गरेर सार्वजनिक गरिएको छ, त्यसैले उहाँहरूको दाबी झुटो हो,' उनले भने।

● विश्लेषकको नजरमा एमालेको ११औँ महाधिवेशन

एकजना नेतालाई अध्यक्ष बनाउने उद्देश्यमा सीमित हुँदै गएको देखिन्छ

श्याम श्रेष्ठ, राजनीतिक विश्लेषक

पहिला-पहिला एमालेका कार्यकर्ताबिच विचार र राजनीतिक बहस सशक्त रूपमा हुन्थ्यो। ती छलफलहरू बाहिरी तहसम्म सार्वजनिक हुन्थे, जसका कारण सर्वसाधारणले पनि एमालेभित्र के-कस्तो बहस चलिरहेको छ भन्ने बुझ्न पाउँथे। तर, अहिले त्यो सैद्धान्तिक र र



ाजनीतिक बहस हराउँदै गएको छ। अझ भनौँ एमालेमा बहस नै हुन छाडेको छ। एकजना नेताले जे बोल्छन्, त्यही आदेशझैँ मानिने अवस्था बनेको छ। यही अहिले एमालेको नियति बनेको देखिन्छ। यसरी पार्टी कति समयसम्म अघि बढ्न सक्छ भन्ने प्रश्न अझै खुलै छ।

एमालेको मार्क्सवाद-लेनिनवाद कहाँ पुग्यो भन्ने नै अनिश्चित भएको छ। अहिले पार्टीमा नाम मात्रको एकीकृतता बाँकीजस्तो देखिन्छ। त्यो पनि कति समय टिक्छ भन्ने प्रश्न छ, किनभने एमाले सर्वसाधारण जनताका मुद्दाबाट क्रमशः अलग्गिँदै गएको छ। उत्पीडित वर्गको प्रतिनिधित्व गर्ने उद्देश्यले गठन भएको एमालेले विगतमा लामो समयसम्म त्यो भूमिका निर्वाह गर्‍यो। तर, अहिले पार्टी एकजना नेतालाई अध्यक्ष बनाउने उद्देश्यमा सीमित हुँदै गएको देखिन्छ। लक्ष्य, उद्देश्य र सिद्धान्तभन्दा एमाले धेरै भड्किएको, आफ्नो लिकबाट टाढा पुगेको अनुभूति हुन्छ।

यो नियमित महाधिवेशन हो, हुनैपर्थ्यो र भएको पनि छ। तर, समयको धड्कनले के संकेत गरिरहेको छ ? हालैका आन्दोलनहरूले के माग गरिरहेका छन् ? ती प्रश्नको जवाफ महाधिवेशनको एजेन्डामा खासै देखिँदैन। त्यस अर्थमा एमाले समयको मागभन्दा धेरै पर पुगेको जस्तो देखिन्छ।

एमाले अझै पनि मूल प्रवाहको पार्टी हो, तर अहिले त्यो दक्षिणपन्थी मूल प्रवाहतर्फ ढल्किएको छ। चुनावकेन्द्रित राजनीतिमा अल्झिएर जनताको वास्तविक मुद्दामा काम गरेको देखिँदैन। न त तल्लो वर्गका सवाल उठाइएका छन्, न हलिया, कमैया, हरवा-चरवाका मुद्दा नै सम्बोधन गरिएका छन्। बिचौलियाको मारमा परेर हैरान भएका सर्वसाधारण जनताका पक्षमा न त एमालेले खुलेर बोलेको छ, न त ठोस कदम नै चालेको छ।

११औँ महाधिवेशनका प्रतिनिधि र शुभेच्छुकमाझ ओलीले सुनाए प्राथमिकता

चुनावी वातावरण बनेको छैन, संसद् पुनर्स्थापना हुनुपर्छ

एमाले अध्यक्ष केपी ओलीले निर्वाचनको कार्यादेश पाएको अन्तरिम सरकारले ठोस वातावरण बनाउन नसकेको दाबी गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दामा पुनः जोड दिएका छन्। पार्टीको सबैभन्दा ठुलो फोरम मानिने महाधिवेशनको उद्घाटन सत्रमा ओलीले एमाले निर्वाचनबाट भाग्ने दल नभएको जिकिर गर्दै अहिलेको अवस्थामा प्रतिनिधिसभा पुनर्स्थापना नै निकास हुने दाबी गरेका छन्।

भक्तपुरको सल्लाघारीमा शनिबार एघारौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा बोल्दै उनले महाधिवेशन प्रतिनिधि र सहभागीमाझ आगामी प्राथमिकताबारे स्पष्ट सन्देश सुनाएका छन्। उद्घाटन समारोहमा ओलीले करिब आठ दशकको इतिहासमा पार्टीले स्थापित गरेका मानक, जेन-जी आन्दोलन, आगामी राजनीतिक बाटो र पार्टी एकतामाथि केन्द्रित रहेर लिखित मन्तव्य दिएका थिए।

संविधान र लोकतन्त्रलाई सही बाटोमा फर्काउन प्रतिनिधिसभा पुनर्स्थापना अनिवार्य भएको उनको जिकिर छ। 'सरकारलाई २१ फागुनमा चुनाव गराएर सत्ता हस्तान्तरण गर्ने कार्यादेश छ। चुनावको मिति तोकिएको छ, तर के तयारी कतै छ ? अहँ देखिँदैन। चुनाव चाहने सरकारले के गर्थ्यो ? सबै दलको विश्वास जित्थ्यो, निर्णयमा पारदर्शिता देखाउँथ्यो, सभा, जुलुस खुला गर्थ्यो। दलका गतिविधि प्रोत्साहित गर्थ्यो। चुनावको अनिवार्य सर्तका रूपमा रहेको निर्भयताको वातावरण निर्माण गर्थ्यो,' ओलीले भने, 'तर, अहिले के भइरहेको छ ? संवादको सट्टा निषेध, बहसको सट्टा मुद्दा, प्रतिस्पर्धाको सट्टा धम्की, नेताको राहदानी रद्द र स्थान हद, निषेधाज्ञा। यसरी चुनावको वातावरण बन्छ कि डरको ? मतदानको स्वतन्त्रता सुरक्षित हुन्छ कि दबाब र आतंक बढ्छ ?'

चुनावको वातावरण बनाउँदा एमाले चुनावबाट नभाग्ने भन्दै उनले त्यस्तो वातावरण नभएकै कारण प्रतिनिधिसभा पुनर्स्थापनाको विकल्प नभएको ओलीको जिकिर थियो। ओलीले संसद् पुनर्स्थापनाको मुद्दामा सहकार्य गर्न अन्य दलसँगसमेत आग्रह गरे। 'म उपस्थित सबै दलका नेतागणलाई पनि लोकतन्त्रमाथिको यो प्रहार, संविधानमाथिको यो आघात र राष्ट्रमाथिकै यस संकटलाई बोध गरेर, यसबाट रत्तिभर विचलित नभई सहकार्यका साथ अगाडि बढ्न आह्वान गर्दछु,' उनको आह्वान थियो।

उद्घाटन कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवा र नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पनि निमन्त्रणा गरिएको थियो। तर, कांग्रेसबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेपाली कम्युनिस्ट पार्टीबाट देव गुरुङ सहभागी भएका थिए।

ओलीले देशलाई असफल राज्य बनाएर राज्यविहीनताको अवस्थामा पुर्‍याउने लामो गम्भीर षड्यन्त्रकै कारण जेन-जी आन्दोलनमा ठुलो विध्वंस मच्चिएको जिकिर पनि गरे। 'भदौ २४ को त्यो उन्माद के असन्तुष्ट समूहको प्रदर्शन मात्रै थियो कि त्यसको आडमा अर्को ठुलो खेल चलिरहेको थियो ? त्यस उपद्रवको लक्ष्य सरकार परिवर्तन मात्रै थियो कि त्यसभित्र राज्यको मेरुदण्ड नै भाँच्ने योजना पनि लुकेको थियो ?' प्रश्नको जवाफ दिँदै उनले भने, 'भ्रममा पर्नैहुन्न- स्थिरताको वाहक बनिरहेको, संवैधानिक प्रक्रियाबाट बनेको सरकार हटाउन त देशलाई खरानी पार्नैपर्थेन, संसद्बाटै त्यो काम गर्न सकिन्थ्यो या अर्को निर्वाचन कुर्न सकिन्थ्यो। तर, यो त संविधान, संवैधानिक प्रक्रिया र सात दशक लामो कठिन संघर्षको उपलब्धिका रूपमा प्राप्त हाम्रो लोकतन्त्रलाई ध्वस्त पारेर शून्यता सिर्जना गर्ने, अस्थिरता बढाउने, राज्यविहीनताको अवस्थामा पुर्‍याउने दीर्घ तयारीसहितको गम्भीर षड्यन्त्र थियो।' उनले जेन-जी आन्दोलनमा गम्भीर घुसपैठ भएको दाबी गर्दै विध्वंसका घटना केवल सत्ता परिवर्तनका लागि मात्र नभएको तर्क गरे।

तेस्रोपटक अध्यक्षको उम्मेदवार बन्ने तयारीमा रहेका ओलीले एउटै दिशा र लयमा उभिएको पार्टी निर्माणमा योगदान पुर्‍याउन आह्वान गरे। अध्यक्षका अर्का उम्मेदवार ईश्वर पोखरेल तथा प्यानल उम्मेदवारीको गृहकार्यमा रहेका आफ्ना समर्थक नेता-कार्यकर्तालाई लक्षित गर्दै उनले एकताको आवश्यकता औँल्याए। तर, एकताका लागि स्पष्ट रोडम्याप भने प्रस्तुत गरेनन्। साथै, उनले बलियो राष्ट्रिय शक्ति बन्ने अभियानका लागि हात र मन मिलाएर अघि बढ्न, एकताबद्ध र सशक्त पार्टी निर्माणमा योगदान गर्न सबैलाई आह्वान गरे।

ओलीले एकताको पहिलो सर्त सुरक्षित नेपाल हुने बताए। 'सुरक्षित नेपालको पहिलो सर्त के हो ? हामी-हामीबिचको एकता- एक एमालेले अर्को एमालेसँग हात मिलाउनु, मन जोड्नु। हामी ११औँ महाधिवेशनमा छौँ। यसको अंक ११ लाई एकछिन ध्यान दिएर हेरौँ- ११ मा दुईवटा एक हुन्छन्,' ओलीले भने, 'तर, छुट्टाछुट्टै, टाढाटाढा एक होइनन्, एउटै लाइनमा, एउटै दिशातिर फर्किएका, एउटै लक्ष्य बोकेर उभिएका एक हुन्। छुट्टाछुट्टै एक रहँदैनौँ, एउटै ११ बन्छौँ, बलियो शक्ति बन्छौँ।'

उनले एकताबद्ध एमाले बनेको अवस्थामा मात्र ११औँ महाधिवेशन सार्थक बन्ने भन्दै त्यसका लागि आह्वान पनि गरे। 'एक एमाले र अर्को एमाले छुट्टिए, रिसाए, एक-अर्कामाथि घात-प्रतिघात गरे- हामी साधारण 'एकएक, एक' मात्र रहनेछौँ। तर, एउटाले अर्कोको हात समायो, मन मिलायो- हामी एक-एक- ११ बन्छौँ, हामी ११ बन्दै अघि बढ्यौँ भने यो ११औँ राष्ट्रिय महाधिवेशन साँचो अर्थमा सफल हुन्छ।'

एमालेलाई जेन-जीविरोधी पार्टीका रूपमा आरोपित गर्नु कुनै नौलो नभएको ओलीको भनाइ थियो। 'जुन पार्टीले आफ्ना सबै संरचनामा नयाँ युवालाई स्थापित गर्न विशेष व्यवस्था गरेको छ, कसरी नयाँ पुस्ता विरोधी हुन्छ ? जसले सरकारमा हुँदा उद्यमशीलता सिकेर केही गर्न चाहने युवाको आँखाको आशालाई हेरेर सिप विकास कार्यक्रम विस्तार गर्‍यो, उत्पादन र बजार जोड्ने व्यवस्था मिलायो, स्टार्टअप कार्यक्रम अघि बढायो यो कसरी जेन-जीभन्दा टाढा हुन सक्छ ?' ओलीले भने।

उनले जेन-जी पुस्तालाई आग्रह गर्दै भने, 'म युवापुस्तालाई भन्न चाहन्छु– असहमति राख्नुस्, आलोचना गर्नुस्, जवाफ माग्नुस्, तर एउटा कुरा नबिर्सनुस्– आफ्नो संस्कृतिमा र सभ्यतामा गर्व गर्ने, सही सिद्धान्त र देश बदल्ने सपना बोकेको दलविना लोकतन्त्र सम्भव छैन।'

एमालेले ११औँ राष्ट्रिय महाधिवेशनको उद्घाटनका अवसरमा पार्टीको पक्षमा बलियो जनमत रहेको सन्देश दिने गरी शक्ति प्रदर्शन गरेको छ। जेन-जी आन्दोलनपछि सरकारबाट विस्थापित एमालेले भक्तपुरस्थित सल्लाघारीको १०८ रोपनी क्षेत्रफलमा जुलुससहितको शक्ति प्रदर्शन गरेको हो। एमालेले यस प्रदर्शनलाई लोकतन्त्र र संविधानलाई सही लिकमा ल्याउने पक्षमा देखिएको 'मिनी जनमत'का रूपमा दाबी गरेको छ। उद्घाटन समारोहमा उपत्यकासँगै बागमती, गण्डकी र मधेश प्रदेशबाट व्यापक सहभागिता जुटाइएको थियो।

महाधिवेशनमा कुन दलका नेताले के भने ?

● **पूर्णबहादुर खड्का**, कार्यवाहक सभापति, कांग्रेस

पार्टी फुट्दा र जुट्दाको अनुभूत हामीले भोगेका छौँ, त्यो हामीले पनि भोगेका छौँ, एमालेले पनि भोगेको छ, अरू दलहरूले पनि भोगेका छन्, साना मनमुटावका कारण पार्टीमा कुनै समस्या नआओस् भन्ने सबै नेता-कार्यकर्तामा आग्रह गर्न चाहन्छु। महाधिवेशनमा पार्टी नेतृत्वको विषय उठ्ने भएकाले एमाले त्यसमा सचेत होस्, संकटमा सबै नेताहरूको यसमा ध्यान पुग्योस्। सकेसम्म सहमतिमा नेतृत्व छानोस् नभए मैत्रीपूर्ण प्रतिस्पर्धा होस्।'

● **देव गुरुङ**, नेता, नेपाली कम्युनिस्ट पार्टी

कम्युनिस्टहरू नै देशभक्त हुन्छन् भन्ने विगतको इतिहासदेखि नै साबित हुँदै आएको छ, त्यसैले संकट परेका वेला सबै कम्युनिस्टहरू मिलेर अगाडि बढ्नुको कुनै विकल्प छैन। नेपालको कम्युनिस्ट आन्दोलन विखण्डन हुँदै आएको छ। यसलाई एकताबद्ध नगरी लोकतन्त्रको रक्षा गर्न कठिन छ। समाजवादी प्रणालीको स्थापना गर्न कठिन छ।

● **नेत्रविक्रम चन्द विप्लव**, महासचिव, नेपाल कम्युनिस्ट पार्टी

विध्वंसपछि एमाले कहाँ छ, कस्तो अवस्थामा छ भन्ने जटिल प्रश्न थियो, एमालेले त्यो जवाफ आजको सभाबाट दिएको छ। नेपाली जनताले मात्र होइन नेपालप्रति गिद्देदृष्टि राख्नेहरूले जवाफ पाएका छन्। यो सहभागिता दलहरूले देश सम्हाल्न सक्छन् भन्ने सन्देश हो। धेरैले कम्युनिस्टहरू अब देशमा सकिए, नेतृत्व गर्न सक्दैनन् भनेका थिए। यो सहभागिताले संसारभरलाई ठुलो सन्देश दिएको छ।

● **कवीन्द्र बुर्लाकोटी**, महामन्त्री, रास्वपा

निर्वाचनबाटै मुलुकको संकटको निकास खोजिनुपर्छ। एकले अर्कोलाई आरोप लगाउनेभन्दा पनि जनतामा गएर नयाँ म्यान्डेटसहित अगाडि बढ्नुको विकल्प छैन।

● **राजेन्द्र लिङ्देन**, अध्यक्ष, राप्रपा

अहिलेको संकटको घडीमा परम्परागत शक्ति, राजनीतिक दल र जेन-जी समूहहरूबिच नवीन समझदारी आवश्यक छ।

● **सुरेन्द्र झा**, महामन्त्री, लोसपा

संविधान संशोधनको अगुवाइ गर्न म एमालेको ध्यानाकर्षण गराउँछु।

कम्युनिस्ट पार्टी स्थापनादेखि ११औँ महाधिवेशनसम्म एमाले

प्रेम गौतम/नयाँ पत्रिका

१० वैशाख २००६ (२२ अप्रिल १९४९) मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो। पुष्पलाल श्रेष्ठको नेतृत्व (महासचिव)मा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेर भारतको कोलकाताको श्यामबजारमा नेकपा स्थापना भएको थियो। मोतीदेवीको भने भौतिक रूपमा उपस्थिति थिएन। कम्युनिस्ट घोषणापत्र जारी भएको १०२ वर्षपछि नेपालमा राणाशासनको निरंकुशता कायम रहेका बेला जहानिया राणाशासनको अन्त्यसहितको लक्ष्य लिएर नेकपाको स्थापना भएको थियो। नेकपाले ११ असोज ००८ मा भारतको कोलकातामा प्रथम राष्ट्रिय सम्मेलन गरी जनवादी कार्यक्रम पारित गऱ्यो। प्रथम सम्मेलनबाट पुष्पलाल महासचिवमा चयन भए। पाँच सदस्यीय राजनीतिक समितिमा पुष्पलालसहित मनमोहन अधिकारी, तुल्सीलाल अमात्य, शैलेन्द्रकुमार उपाध्याय र भाइसाहेब भनिने भारतीय नागरिक अयोध्या सिंह थिए।

नेपाल कम्युनिस्ट पार्टीको ०१० मा ललितपुरको पाटनमा भएको पहिलो महाधिवेशनले मनमोहन अधिकारीलाई महासचिव चयन गऱ्यो। १५ सदस्यीय कमिटीमा संस्थापक चारजना समेटिएनन्। पुष्पलाल पोलिटब्युरो सदस्य बने। पहिलो महाधिवेशनद्वारा निर्वाचित महासचिव मनमोहन चीनमा उपचारका लागि गएकाले दोस्रो महाधिवेशनमा उपस्थित भएनन्। डा. केशरजंग रायमाझीले नै कार्यवाहक महासचिवकै हैसियतले महाधिवेशन गराए। महाधिवेशनको झन्डोत्तोलन पुष्पलालले गरेका थिए।

दोस्रो महाधिवेशन १५-२५ जेठ ०१४ मा काठमाडौंको दरबारमार्गमा भयो। सम्मेलनले पुष्पलालले प्रस्तुत गरेको संविधानसभा र गणतन्त्रको कार्यक्रमसहितको दस्ताबेज पारित गरेको थियो। रायमाझीले प्रस्तुत गरेको 'पार्टीको कार्यक्रममा परिवर्तन किन ?' नामक दस्ताबेज अस्वीकृत भएको थियो। तर, नेतृत्वमा चाहिँ रायमाझी नै छानिएका थिए। पार्टी रायमाझी गुटको नियन्त्रणमा रह्यो। १७ मतमध्ये १२ मत रायमाझीले पाएका थिए। पुष्पलालले पाँच मत मात्रै पाए। पुष्पलाल पोलिटब्युरोमा समेटिए भने अधिकारी कमिटीमा समेटिएनन्। रायमाझीले महाधिवेशनबाट पारित कार्यक्रम लागू गर्न ध्यान दिएनन्। दुई-दुई वर्षमा महाधिवेशन गर्ने दोस्रो महाधिवेशनको निर्णयलाई पनि रायमाझीले उल्लंघन गरे। १ पुस ०१७ सालमा तत्कालीन राजा महेन्द्रको 'कु'लाई रायमाझीले 'प्रगतिशील कदम' भनेर स्वागत गरे। पुष्पलालको नेतृत्वमा उक्त कदमको विरोध गर्दै सघर्षको कार्यक्रम घोषणा गरियो।

रायमाझीले तत्कालीन राजाको कदमको समर्थन गरेपछि ०१७ फागुनमा भारतको दरभंगामा अल्पमत पक्षले विस्तारित बैठक बोलायो। ०१८ भदौमा दरभंगामै तुल्सीलाल अमात्य सचिव रहेको अन्तरजोन समिति गठन गरिएको थियो। तुल्सीलालले भारतमा रहेका पुष्पलाल श्रेष्ठ र मनमोहन अधिकारीसँग समन्वय गरेर नेकपालाई अघि बढाउने प्रयास गरेका थिए। अन्तरजोन समितिको निर्णयअनुसार ४-१५ वैशाख ०१९ मा नेकपाको तेस्रो महाधिवेशन भारतको बनारसमा भएको थियो। महाधिवेशनले तुल्सीलालले प्रस्तुत गरेको 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रम पारित गरेको थियो भने महासचिवमा पनि उनलाई नै चयन गरेको थियो।

छरिएर रहेको कम्युनिस्ट आन्दोलनको संयोजन गर्न २० मंसिर ०२८ मा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंहलगायतका नेताहरूको सक्रियता र सहभागितामा केन्द्रीय न्युक्लियस गठन गरेर एकताका लागि कोसिस गरिएको थियो। तर, पुष्पलाल त्यसमा सहमत भएनन्। कम्युनिस्ट आन्दोलनमा नयाँ विभाजन देखापऱ्यो। ३० भदौदेखि ७ असोज ०३१ मा भारतको वाराणसीमा मोहनविक्रम सिंहको अगुवाइमा चौथो महाधिवेशन आयोजना भयो। जसलाई चौथो महाधिवेशन (चौम)को नामले चिनिन थाल्यो। अर्को समूहले ०३६ मा एकता सम्मेलन गरी नेकपा घोषणा गऱ्यो।

नेकपामा फुट र विभाजनका कारणले धेरै समूह देखापरे। ०२८ मै पूर्वकोशी प्रान्तीय कमिटीअन्तर्गतको झापा जिल्ला कमिटीले सशस्त्र संघर्षको घोषणा गऱ्यो। त्यही क्रममा ०३२ जेठमा कोअर्डिनेसन केन्द्र (को-के) गठन भयो। को-के अघि बढ्दै जाँदा ११ पुस ०३५ मा मोरङको इटहरामा राष्ट्रिय सम्मेलन गरी नेकपा (माले) गठन गरियो। सिपी मैनाली महासचिव बने। मैनालीलाई हटाएर झलनाथ खनाल महासचिव बने। झलनाथले मदन भण्डारीलाई नेतृत्व हस्तान्तरण गरे। चौथो महाधिवेशनलाई मान्यता नदिएर मालेले ९-१४ भदौ ०४६ मा सिराहाको विष्णुपुरकट्टीमा चौथो महाधिवेशन आयोजना गऱ्यो। महाधिवेशनबाट मदन भण्डारी महासचिवमा छानिए। ०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकता भई नेकपा (एमाले) गठन भयो र अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा मदन भण्डारी चयन भए।

एमालेले १४-२० माघ ०४९ मा काठमाडौंमा पाँचौं महाधिवेशन गऱ्यो। जनताको बहुदलीय जनवाद (जबज) को कार्यक्रम पारित गर्दै महाधिवेशनले मार्क्सवादीबाट आएका मनमोहन अधिकारीलाई अध्यक्ष र मालेबाट आएका मदन भण्डारीलाई महासचिवमा चयन गऱ्यो। ०५० मा मदनको जिप दुर्घटनामा मृत्यु भयो। माधव नेपाल कार्यवाहक महासचिव भए।

१२-१८ माघ ०५४ मा एमालेको छैटौं महाधिवेशन नेपालगन्जमा भयो। महाधिवेशनले अधिकारीलाई अध्यक्ष र नेपाललाई महासचिवमा निर्वाचित गऱ्यो। महाकाली सन्धिको विवाद महाधिवेशनले मिलाउन सकेन। पार्टी विभाजन भयो। वामदेव गौतमले माले गठन गरे। मालेले विभाजनको औचित्य पुष्टि गर्न सकेन। आमनिर्वाचनमा एक सिट पनि जित्न नसकेपछि ०५८ मा वामदेव एमालेमा फर्किए।

सातौं महाधिवेशन १८-२२ माघ ०५९ मा जनकपुरमा भयो। महाधिवेशनमा सुरुमा केपी ओलीले माधवकुमार नेपाललाई चुनौती दिएका थिए। महाधिवेशनमा महासचिवको तर्फबाट राजनीतिक संगठनात्मक प्रतिवेदन र ओलीले 'पार्टी जीवनको प्रजातान्त्रीकरणसम्बन्धी धारणा र विधान संशोधन मस्यौदा प्रस्तावसहित चारवटा दस्ताबेज प्रस्तुत गरेका थिए। तर, महासचिवको बाहेक अन्य दस्ताबेज स्थगित गरिएको थियो। नेतृत्वमा ओलीले दाबी गरे पनि जित्ने स्थिति नभएपछि नेपाललाई नै समर्थन गरेका थिए। नेपाल नै महासचिवमा दोहोरिए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा एमाले तेस्रो दल बनेको र महासचिव नेपाल पनि पराजित भएपछि उनले नेतृत्व छाडे र झलनाथ खनाल कार्यवाहक महासचिव बने।

कार्यवाहक महासचिव झलनाथ खनालको नेतृत्वमा एमालेको आठौं महाधिवेशन ५-१४ फागुन ०६५ बुटवलमा भयो। महाधिवेशनबाट एमाले बहुपदमा गयो। खनालले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए। संगठन विभाग प्रमुख अमृत बोहरालै विधान संशोधन प्रस्ताव गरे र अध्यक्ष, उपाध्यक्ष, महासचिव र सचिवसहितको बहुपदीय व्यवस्था गरियो। अध्यक्षसहित सबै पदमा निर्वाचन भयो। अध्यक्षमा झलनाथ खनाल निर्वाचित भए भने केपी ओली पराजित भए।

नवौं महाधिवेशन १९ असार-१ साउन ०७१ मा काठमाडौंको भृकुटीमण्डपमा भयो। नवौं महाधिवेशनमा अध्यक्षमा केपी ओली र माधवकुमार नेपालबिच प्यानलगत प्रतिस्पर्धा भयो। नवौं महाधिवेशनमा 'कक्ष नदोहोऱ्याउने' घोषणा गर्दै एकपटक अध्यक्षमा निर्वाचित गर्न ओलीले आग्रह गरे। ओली अध्यक्षमा निर्वाचित भए। महासचिवमा पनि ओली प्यानलबाट ईश्वर पोखरेल निर्वाचित भए। उपाध्यक्ष, उपमहासचिव र सचिवमा भने दुवै पक्षबाट बराबरीजस्तै निर्वाचित भए। यहीबिचमा एमाले र माओवादीबिच ०७४ को दसैंको एकताको सहमति भयो।

एमालेलाई ६० प्रतिशत र माओवादीलाई ४० प्रतिशत सिट बाँडफाँड गरेर निर्वाचनमा गए। एमाले र माओवादी मिलेर ३ जेठ ०७५ मा नेकपा बन्यो। २३ फागुन ०७७ को सर्वोच्चको फैसलाबाट नेकपा एकता बदर भयो। दुबै दल पूर्ववत् अवस्थामा फर्किए।

एमालेको १०औं महाधिवेशन १०-१४ मंसिर ०७८ मा चितवनमा भयो। चितवनको नारायणी किनारामा उद्घाटन भएको महाधिवेशनको बन्दसत्र सौराहामा भयो। नवौं महाधिवेशनको प्रतिबद्धताविपरीत ओली दोहोरिएर अध्यक्ष बन्ने घोषणा गरे। तत्कालीन उपाध्यक्ष भीम रावलले ओलीविरुद्ध उम्मेदवारी दिए। ओलीले महाधिवेशनमा 'लिस्ट' नै बाँडेर निर्वाचित गराए। महाधिवेशनमा ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेका रावललाई निर्वाचनमा टिकट पनि दिएनन्।

■ कहिले कसको नेतृत्व ?

■ चौथो महाधिवेशन (नेकपा माले)
९ देखि १४ भदौ २०४६
स्थान : सिराहाको विष्णुपुरकटी, सर्रे अम्बास
महासचिव : मदनकुमार भण्डारी

■ पाँचौं महाधिवेशन (एमाले)
१४ देखि २० माघ २०४९
स्थान : काठमाडौं, दशरथ रंगशाला
अध्यक्ष : मनमोहन अधिकारी
महासचिव : मदन भण्डारी

■ छैटौं महाधिवेशन (एमाले)
१२ देखि १८ माघ २०५४
स्थान : नेपालगन्ज, बाँके
अध्यक्ष : मनमोहन अधिकारी
महासचिव : माधवकुमार नेपाल

■ सातौं महाधिवेशन (एमाले)
१८ देखि २२ माघ २०५९
स्थान : जनकपुर, धनुषा
महासचिव : माधवकुमार नेपाल

■ आठौं महाधिवेशन (एमाले)
५ देखि १४ फागुन २०६५
स्थान : बुटवल, रुपन्देही
अध्यक्ष : झलनाथ खनाल
महासचिव : ईश्वर पोखरेल

■ नवौं महाधिवेशन (एमाले)
१९ असारदेखि १ साउन २०७१
स्थान : काठमाडौं, भृकुटीमण्डप
अध्यक्ष : केपी ओली
महासचिव : ईश्वर पोखरेल

■ दसौं महाधिवेशन (एमाले)
१० देखि १२ मंसिर २०७८
स्थान : चितवन, नारायणगढ
अध्यक्ष : केपी ओली
महासचिव : शंकर पोखरेल

■ ११औं महाधिवेशन (एमाले)
२७ देखि २९ मंसिरसम्म २०८२
स्थान : भक्तपुर
अध्यक्ष : निर्वाचन बाँकी
महासचिव : निर्वाचन बाँकी

विवाद र विभाजनको शृंखला

● डा. केशरजंग रायमाझीले पञ्चायत शासनको समर्थन गरेपछि कम्युनिस्ट आन्दोलनमा औपचारिक विभाजन सुरु भएको थियो। रायमाझीको नेतृत्वमा बहुमत सदस्यले पञ्चायतको समर्थन गरेपछि अल्पमत समूहले राष्ट्रिय सम्मेलन गरेर पार्टी पुनर्गठन गरेका थिए। ०१८ भदौमा दरभंगामा तुल्सीलाल अमात्य सचिव रहेको अन्तरजोन समिति गठन गरिएको थियो। अन्तरजोन समितिको निर्णयअनुसार ४-१५ वैशाख ०१९ मा नेकपाको तेस्रो महाधिवेशन भारतको बनारसमा भएको थियो। महाधिवेशनले तुल्सीलालले प्रस्तुत गरेको 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रम पारित गरेको थियो भने महासचिवमा पनि उनलाई नै चयन गरेको थियो। तर, विवाद बढ्दै गयो। तुल्सीलालले 'कुन बाटो ?' र पुष्पलालले 'मूल बाटो' नामक पुस्तिका नै प्रकाशित गरे। पुष्पलाल र तुल्सीलालबिचको विवाद चर्किँदै जाँदा २०२५ सालमा पुष्पलालले भारतको गोरखपुरमा तेस्रो राष्ट्रिय सम्मेलन गरी अलग समूह 'पुष्पलाल समूह'घोषणा गरे। त्यसपछि कम्युनिस्ट पार्टी धेरै समूहमा विभाजित भयो।

● छरिएर रहेको कम्युनिस्ट आन्दोलनको संयोजन गर्न २० मंसिर ०२८ मा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंहलगायतका नेताहरूको सक्रियता र सहभागितामा केन्द्रीय न्युक्लियस गठन गरेर एकताका लागि कोसिस गरिएको थियो। तर, पुष्पलाल त्यसमा सहमत भएनन्। कम्युनिस्ट आन्दोलनमा नयाँ विभाजन देखापऱ्यो।

● ३० भदौदेखि ७ असोज ०३१ सालमा भारतको वाराणसीमा मोहनविक्रम सिंहको अगुवाइमा चौथो महाधिवेशन आयोजना भयो। जसलाई चौथो महाधिवेशन (चौम)को नामले चिनिन थाल्यो। अर्को समूहले ०३६ सालमा एकता सम्मेलन गरी नेकपा घोषणा गऱ्यो।

● नेकपामा फुट र विभाजनका कारणले धेरै समूह देखापरे। ०२८ सालमै पूर्व कोशी प्रान्तीय कमिटीअन्तर्गतको झापा जिल्ला कमिटीले सशस्त्र संघर्षको घोषणा गऱ्यो। त्यही क्रममा ०३२ जेठमा कोअर्डिनेसन केन्द्र (को-के) गठन भयो। को-के अघि बढ्दै जाँदा ११ पुस ०३५ मा मोरङको इटहरामा राष्ट्रिय सम्मेलन गरी नेकपा (माले) गठन गरियो।

● ०३९ मा मालेभित्र खटपट भयो, जतिवेला सीपी मैनाली महासचिव थिए। मैनालीलाई हटाएर झलनाथ खनाल महासचिव बने। झलनाथले मदन भण्डारीलाई नेतृत्व हस्तान्तरण गरे।

■ एमाले-माले विभाजन

२०५१ को मध्यावधि निर्वाचनमा एमाले ८८ सिट जितेर ठुलो दल बन्यो। ४ असोज २०५३ मा संसद्बाट दुईतिहाइ बहुमतले महाकाली सन्धि पारित भएसँगै एमालेमा विवाद बढ्यो। महाकाली सन्धिको विरोध गर्दै वामदेव गौतमले ०५४ फागुनमा एमाले विभाजन गरेर माले गठन गरे।

■ एमाले-एकीकृत समाजवादी विभाजन

एमालेबाट विद्रोह गरी ०७८ भदौमा पूर्वमहासचिव माधवकुमार नेपालले एकीकृत समाजवादी गठन गरे। तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७७ पुस ५ मा असंवैधानिक रूपमा संसद् विघटन गरेपछि तत्कालीन नेकपामा विवाद चुलिएको थियो। दुई अध्यक्ष ओली र प्रचण्ड दुई खेमामा विभाजित भएका थिए। प्रचण्डलाई नेपाललेसाथ दिएका थिए। एकले अर्कालाई कारबाहीको शृंखला चलिरहेको बेला सर्वोच्च अदालतले एकता भंग गरिदिएको थियो। एमाले र माओवादी पूर्ववत् अवस्थामा फर्किएको बेला नेपाल पक्षले एमालेबाट विद्रोह गरी एकीकृत समाजवादी गठन गरेको हो। एकीकृत समाजवादी, माओवादीसहितका १७ दल/समूह मिलेर हाल नेपाली कम्युनिस्ट पार्टी बनेको छ।

दुई महिनाभित्र इको पहिरोको काम सुरु गर्ने सहमति

● भोटेकोशी गाउँपालिका- २ का वडाध्यक्ष **कुमार श्रेष्ठ** भन्छन्- स्थानीयसँग सहमति हुन सकेको थिएन। तर, हाललाई अन्तर्राष्ट्रिय कोदारी राजमार्ग सुचारु गर्ने सहमति जुटेको छ। ६० दिनभित्र निर्माणको काम सुरु हुनेछ।



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका- २ कोदारीस्थित इको पहिरो नियन्त्रण गर्न दुई महिनाभित्र काम सुरु गर्ने सहमति जुटेको छ। तातोपानीका स्थानीय र सडक डिभिजन कार्यालय चरिकोटबिच यस्तो सहमति जुटेको हो। सहमतिसँगै आठ दिनदेखि बन्द कोदारी सडक खुला भएको छ।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला र सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायणदत्त भण्डारीले बिहीबार र शुक्रबार स्थानीयसँग वार्ता गरेका थिए। सहमतिपछि २० मंसिरदेखि बन्द सडक खुलेको छ। खासामा अड्किएका मालवाहक कन्टेनर धमाधम लिपिङ प्रवेश गर्न थालेका छन्। भोटेकोशी- २ का वडाध्यक्ष कुमार श्रेष्ठको नेतृत्वमा रहेका स्थानीय र सडक डिभिजनबिच सहमति भएपछि तातोपानी नाका सुचारु भएको छ। इको पहिरो नियन्त्रणका लागि अर्थ मन्त्रालयबाट ४८ करोड ४९ लाख रकम विनियोजन भएर ठेक्कासमेत आह्वान भइसकेको छ। 'ठेक्का सम्झौता गरेर दुई महिनाभित्र काम सुरु गर्छौं,' डिभिजन प्रमुख भण्डारीले भने। इको पहिरोमाथि रहेका मानवबस्ती जोगाउन सबै उपाय लगाउने पनि उनले बताए। 'भौगोलिक विकटताले सबै कुराको जिम्मा लिन सकिने अवस्था त छैन। तर, बस्ती सुरक्षालाई ध्यान दिने सहमति भएको छ,' उनले भने।



पहिरो नियन्त्रण गर्दा गाउँ सबैको जिम्मेवारी लिन माग गरेकाले स्थानीयसँग तत्काल सहमति हुनसकेको थिएन। हाललाई अन्तर्राष्ट्रिय कोदारी राजमार्ग सुचारु गर्ने सहमति जुटेको वडाध्यक्ष श्रेष्ठले बताए। '६० दिनभित्र निर्माणको काम सुरु गर्ने सहमति भएको हो,' उनले भने। कोदारी राजमार्ग बन्द हुँदा खासामा रोकिएका कन्टेनरका स्याउ कुहिएको छ। सडक खुला भए पनि चिनियाँले मालवाहक कन्टेनर धमाधम पास हुन नदिने हो कि भन्ने चिन्ता व्यापारीमा परेको छ।

औषधिको ओभरडोजले मृत्यु

रामेछाप/ नियमित सेवन गर्दै आएको डिप्रेसन औषधिको ओभरडोजले एकजनाको ज्यान गएको छ। चिकित्सकले दिएको भन्दा बढी औषधि सेवन गर्दा रामेछापको सुनापति गाउँपालिका- १ गुन्सीभदौरेका ६० वर्षीय इन्द्रबहादुर रायको ज्यान गएको हो। केही वर्षअघिदेखि डिप्रेसन समस्या देखिएपछि चिकित्सकको सल्लाहअनुसार उनले डिप्रेसनको औषधि सेवन गर्दै आएका थिए। उनले नियमित खाँदै आएको औषधिले आफूलाई नछोएको भन्दै बिहीबार राति आफैंले डबल डोज प्रयोग गरेका थिए।

औषधि सेवन गरेर सुतेका रायलाई अचानक चक्कर लाग्ने, वाकवाकी लाग्ने र बेहोस हुनेजस्ता लक्षण देखिएपछि तत्काल उपचारका लागि शुक्रबार दिउँसो काठमाडौं लैजाने क्रममा उनको बिच बाटोमै ज्यान गएको हो। उनको शव वीर अस्पतालमा रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले जानकारी दिए।

■ सवारीसाधनको अतिरिक्त सिट हटाउँदै ट्राफिक प्रहरी

पाँच दिनमा हटाइयो ४६७ अतिरिक्त सिट



बाँकेमा **विश्वराज पछ्लडङ्गया**

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले तीन सय सार्वजनिक सवारीसाधनबाट चार सय ६७ वटा अतिरिक्त (अवैध) सिट तथा 'ग्याप सिट' हटाएको छ। साप्ताहिक अभियान थालेको प्रहरीले पाँच दिनमा अतिरिक्त सिट हटाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक कनकबहादुर शाहीले जानकारी दिए। ट्राफिक नियम उल्लंघन गर्नेलाई कारबाहीको दायरामा ल्याउन जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले साप्ताहिक अभियान थालेको उनको भनाइ छ।

साप्ताहिक अभियानअन्तर्गत बाँके ट्राफिकले अतिरक्त सिट हटाउने, मोटरसाइकलको वास्तविक आवाज मोडिफाई गरी ध्वनि प्रदूषण गर्नेलाई नियमन गर्नुका साथै ट्राफिक सचेतना फैलाउँदै आएको उनले बताए। 'अतिरिक्त सिट तथा ग्याप सिट राखेका सार्वजनिक सवारीसाधनका चालक र सवारीधनीलाई एकपटकका लागि सम्झाइ-बुझाइ गरी पठाएका छौं,' उनले भने, 'फेरि राखेको पाइएमा कानुनबमोजिम कारबाही गरिनेछ।'

ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनलाई कारबाहीको दायरामा ल्याउन विशेष अभियान थालेको ट्राफिक प्रहरीले दुई महिनाको अवधिमा आफूखुसी नम्बर प्लेट परिवर्तन गरी सञ्चलन गरेका ७१ वटा इभी गाडीलाई कारबाही गरेको छ। 'ट्राफिक नियम उल्लंघन गर्ने १७ वटा इभी गाडीलाई कारबाहीका लागि यातायात व्यवस्था कार्यालय नेपालगन्जमा पठाएका छौं। कारबाहीबाट एक लाख सत्तरी हजार रुपैयाँ राजस्व संकलन भएको छ,' उनले भने।

ध्वनि प्रदूषण गर्ने र सर्वसाधारणमा आतंक सिर्जना गर्ने ४१ वटा मोटरसाइकललाई कारबाही गरी मोडिफाई गरिएको साइलेन्सर हटाउन लगाएको शाहीले बताए। 'मोटरसाइकलको वास्तविक आवाजलाई मोडिफाई गरी चर्को आवाज बनाएको पाइएपछि कारबाही गरिएको छ,' उनले भने।

शाहीले ५२ वटा यात्रुवाहक सवारीसाधनलाई भाडादर टाँस्न लगाएको जानकारी दिए। 'नम्बर प्लेट नभएका र स्पष्ट नदेखिने एक सय २६ वटा सवारीसाधनलाई नम्बर प्लेट लेख्न लगाएका छौ,' उनले भने,' आफूखुसी मानिस झुन्ड्याउन बनाइएका फलामको डन्डी हटाउन लगाइएको छ।' ओभरलोड बोक्ने १३ वटा सवारीसाधनलाई पनि ट्राफिक प्रहरीले कारबाही गरेको छ। 'एक हजार एक सय ३२ वटा साइकल तथा अन्य यान्त्रिक सवारीसाधनमा रातको समयमा टल्कने रिफ्लेक्टिभ स्टिकर टाँस गरिएको छ,' उनले भने।

पिक सिजनमा पनि सुस्त कोशी पर्यटन वर्ष

निजी क्षेत्र प्रचारप्रसारमा सक्रिय, कोशी सरकार अझै छलफलमै

विराटनगरमा **गणेश लम्साल**

पर्यटक घुमफिर गर्न आउने मुख्य (पिक) सिजन सुरु भइसक्दा पनि कोशी सरकारले घोषणा गरेको 'प्रदेश पर्यटन वर्ष २०८२' आठ महिना बितिसक्दा पनि अझै अलपत्र छ। निजी क्षेत्रका पर्यटन व्यवसायी भने जेन-जी आन्दोलनपछि 'नेपालको पर्यटन क्षेत्र सुरक्षित छ, ढुक्कले घुमफिर गर्न आउनुहोस्' भन्दै प्रचार-प्रसारमा सक्रिय भएका छन्।

कोशी प्रदेश सरकारले २७ चैत ०८१ मा तेह्रथुमको वसन्तपुरस्थित तीनजुरे मिल्के जलजलेमा भव्य रूपले कोशी भ्रमण वर्ष थालेको थियो। जसको उद्घाटन तत्कालीन उपप्रधानमन्त्री प्रकाशमान सिंहले गरेका थिए। कार्यक्रममा कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले 'प्रदेश पर्यटन वर्ष २०८२' मा कम्तीमा दुई लाख पर्यटक भित्रिने दाबी गरेका थिए। उनकै नेतृत्वको सरकारले पर्यटन वर्षलाई सफल बनाउन पाँच करोड ४६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो।

तर, चालू आर्थिक कर्षको पाँच महिना बितिसक्दा पनि २६ मंसिरमा पर्यटन नीतिबारे एउटा अन्तर्क्रिया कार्यक्रम मात्र आयोजना भएको छ। भ्रमण वर्षमा पर्यटक आउने 'पिक सिजन'को डिसेम्बर महिना आधा बितिसक्दा पनि अझै कोशी सरकारले पर्यटन वर्षका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकेको छैन। जेन-जी आन्दोलनपछि सरकारले गरेको निर्णयअनुसार २५ प्रतिशत बजेट कटौती गर्ने कि नगर्ने भन्नेबारे अझै निर्णय गर्न बाँकी नै छ।

● **कृष्णकुमार नेउपाने**
पर्यटन मन्त्रालयका महाशाखा प्रमुख

आर्थिक मन्त्रालयले स्वीकृति दिएपछि निर्देशन समितिले तयार गरेका कार्यक्रमअनुसार नै विनियोजित भएको बजेट खर्च हुनेछ।



● **भवेश श्रेष्ठ**, पर्यटन संयोजक
उद्योग वाणिज्य महासंघ कोशी

जेन-जी आन्दोलनको बहाना बनाएर सरकार सधैं अलमलमा परिरहनु हुँदैन, बाधा अड्काउ फुकाएर प्रदेश पर्यटन वर्ष सफल बनाउन सरकार फास्ट ट्र्याकबाट लाग्नुपर्छ।



पर्यटन मन्त्रालयले बजेट कटौती गर्दा कार्यक्रम प्रत्यक्ष प्रभावित हुने भन्दै बजेट कतौती नगर्न आग्रह गरेके छ। तर, सरकारले अर्को निर्णय नगर्दा आर्थिक मामिला मन्त्रालयले अझै बजेट कटौती गर्ने नगर्नेबारे स्वीकृति दिइसकेको छैन। जेन-जी आन्दोलनपछि सरकारको अलमलले गर्दा पर्यटन मन्त्रालयले पर्यटन वर्षका लागि कार्यक्रम निर्माण गर्न आवश्यक पर्ने मूल निर्देशन समिति र सञ्चालन गर्ने कार्यविधि भर्खरै निर्माण गरेको छ।



पर्यटन मन्त्रालयका महाशाखा प्रमुख कृष्णकुमार नेउपानेले मन्त्रालयका सचिव निर्देशक रहने गरी व्यवसायीहरूको समेत सहभागितामा सात सदस्यीय निर्देशन समिति गठन भइसकेको र कार्यविधि पनि निर्माण भएर राजपत्रमा प्रकाशित भइसकेकाले अब धमाधम बैठक बसेर कार्यक्रमको सूची तयार गर्न लागेको बताए। उनका अनुसार २६ मंसिरमा निर्देशन समितिको बैठकले कार्यक्रमको मोटामोटी खाका तयार गरेको छ।

'आर्थिक मन्त्रालयले स्वीकृति दिएपछि निर्देशन समितिले तयार गरेका कार्यक्रमअनुसार नै विनियोजित भएको बजेट खर्च हुनेछ,' उनले भने। निर्देशन समितिले तयार पारेको खाकाअनुसार भारतको बिहार, बंगाल र सिक्किम राज्यमा गएर पर्यटन गन्तव्य र सुरक्षा अवस्थाको प्रचार गर्ने, पर्यटकहरूको सेवाबारे स्थानीय व्यवसायीलाई अभिमुखीकरण गर्ने, पर्यटन व्यवसायहरूको सूची तयार गर्ने, पर्यटन पढिरेहका विद्यार्थीलाई र मिडियालाई प्रचार-प्रसारमा परिचालन गर्नेलगायतका पहिलो चरणमै गरिसक्पुर्ने कार्यक्रम छन्। सचिवहरूको सरुवा र जेन-जी आन्दोलनले पहिलो चरणमै गरिसक्पुर्ने पर्यटन प्रवर्द्धन र प्रचार-प्रसारका लागि गरिने प्रायः कार्यक्रम स्थगित भएका छन्। 'सरकारले गति तीव्र बनाएन भने कोशी पर्यटन वर्ष घोषणामै सीमित हुन सक्छ, यसमा गम्भीर हुनुपर्छ,' होटेल व्यवसायी महासंघ कोशीका उपाध्यक्ष रविन गौतमले भने।

उद्योग वाणिज्य महासंघ कोशीका पर्यटन समिति संयोजक भवेश श्रेष्ठले जेन-जी आन्दोलनपछि पर्यटनका लागि नेपाल असुरक्षित छ भन्ने भ्रम चिर्न भारतका विभिन्न सहरमा गएर छलफल र सेमिनार आयोजना गरिरहेको बताए। उनका अनुसार पर्यटन व्यवसायीहरूको छलफललाई भारतीय सञ्चारमाध्यमले समेत उच्च महत्त्व दिएर प्रचार-प्रसारमा सहयोग पुऱ्याइरहेका छन्। 'जेन-जी आन्दोलनको बहाना बनाएर सरकार सधैं अलमलमा परिरहनु हुँदैन, बाधा अड्काउ फुकाएर प्रदेश पर्यटन वर्ष सफल बनाउन सरकार फास्ट ट्र्याकबाट लाग्नुपर्छ,' उनले भने।

अबको प्रधानमन्त्री कस्तो ?

अबका दिनमा हामीलाई अवकाशपछि 'मेमोवार' लेख्न सक्ने, अन्तर्राष्ट्रिय संघसंस्थामा बिक्न सक्ने, अवकाशपछिको राजनीति नधमिल्याउने प्रधानमन्त्री चाहिएको छ



● बलराम केसी

अग्रलेख

स्वच्छ राजनीतिमा चुनाव पाँच वर्षमा एकपटक गरिन्छ। नेपालको कुनै संसद् पाँच वर्ष चल्न सकेन। अब प्रत्येक वर्ष चुनाव गर्नुपर्ने दिन नआओस्। यसपटकको चुनाव नयाँ पुस्ताबाट संसद् र सिंहदरबार आगामी पाँच वर्ष सञ्चालन हुने बनाऔँ, सिसी नयाँ, रक्सी पुरानै हुन नदिऔँ। २३ र २४ भदौको आन्दोलनले 'रिजेक्ट' गरेकाहरू सलबलाउन थालेका देख्दा तिनमा सत्ताको भोक अझै मरेको देखिँदैन। 'रिजेक्टेड'हरूलाई समाजले स्विकार्दैन। २३ र २४ भदौको आन्दोलनलाई 'युद्धविराम' मानेर अन्तिम आन्दोलन गर्नुपर्ने दिन नआओस्। ७६ युवाको नरसंहार र हजारौँ घाइतेको योगदान खेर जान दिनुहुँदैन।

आमचुनावमा हुने खर्चको हिसाब गर्न हुँदैन। तर, पाँच वर्षअगावै चुनाव गर्नुपर्दाको खर्च चुनावमार्फत नेतासँग हिसाब गर्नुपर्छ। चुनावमा हुने खर्चले मल कारखाना, सुपर स्पेसियालिटी हस्पिटल, भारतको 'आइआइटी'जस्तो 'नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी' बन्न सक्थ्यो।

३८ वर्षको प्रजातन्त्रमा सिंहदरबारलाई प्रधानमन्त्री, मन्त्री र नेताहरू उत्पादन गर्ने कारखाना बनाइयो। नेता दुईथरीका हुन्छन्। भारतको संविधान निर्माता डा. अम्बेडकरले भनेजस्तो एकथरी 'संविधान जतिसुकै राम्रो भए पनि संविधान ध्वस्त' पार्ने नेता, अर्को 'संविधान जतिसुकै खराब भए पनि जोगाउने' नेता हुन्छन्। हाम्रा पहिलो वर्गका परे। जनताबाट लखेटिएर सेनाले लुकाउनुपर्ने प्रधानमन्त्री गणतन्त्रले पायो। अम्बेडकर साँचो साबित हुनुभयो।

अमेरिकी राष्ट्रपति थियोडोर रुजबेल्टले अमेरिकी संविधान 'घोडा र बग्गी'को दिनको हो भने। 'ह्यान्डिल' गर्ने नेता र व्याख्या गर्ने अदालत राम्रो परेकाले 'औद्योगिक अमेरिका'मा पनि सफल छ भनेका थिए। अमेरिकी सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश वारेन बर्गरले संविधानको दुईसयौँ वार्षिकोत्सवमा 'अमेरिकी संविधान विश्वको सबभन्दा पुरानो लिखित संविधान हो। अपूरो थियो र आज पनि अपूरो छ, तर सफल छ, चलेको छ' भन्नुभएको थियो।

शासकको मूल्यांकन 'पहिलो १०० दिन'को कामबाट गरिन्छ। २३ र २४ भदौअगाडि शासन गरेको पाँच सय दिन नाघिसकेको थियो। प्रचार, भ्रष्टाचार र कुशासनबाहेक उपलब्धिका सूचक सबै नकारात्मक थिए।

'डेलिभरी' प्रायः शून्य थियो। कार्यसम्पादन ३० अंक पनि थिएन। ढल्नु स्वाभाविकै थियो। रा-ज-नी-ति लाई 'राजाले-जनताको भलाइका लागि-निकाल्ने-तीर' मान्नुपर्नेमा 'राम्रोसँग-जनता-निमाठ्ने/निचोर्ने-तिगडम' बनाएर सिंहदरबार 'अकुपाई' गरिरहे। डिजिटल युग, सुशासन, संविधानवाद, विकास, भ्रष्टाचार, कल्याणकारी राज्य, युवा पुस्ताको नेतृत्व र निर्णयमा युवा पुस्ताको पहुँच हुनुपर्छ भन्ने बुझ्न सकेनन्। सिंहदरबार अवकाश लिनुपर्ने उमेरकाहरूको अखडा बनिरह्यो।


आउँदो चुनावमा 'युवा वर्गको देश, युवा वर्गको सरकार' नारा बनाऔँ। चुनावलाई 'भ्रष्टाचार अन्त्य र नेपालीको भाग्य कोर्ने दिन' बनाऔँ। चुनावको दिन २३ र २४ भदौका दिन जलेका भग्नावशेष सम्झिऔँ र ती भग्नावशेष भ्रष्टाचारको उत्पत्तिस्थल हुन् भन्ने पनि मनमा लिऔँ। गणतन्त्रको १० वर्ष सिंहदरबार दल र कार्यकर्ताको अखडा बन्यो। अब सिंहरदबारलाई नेपाली जनताको अखडा बनाऔँ।

बेलायतमा १९४५ देखि २०२५ सम्म ८० वर्षमा लेबर पार्टीको क्लेमेन्ट एटलीदेखि आजका किथ स्ट्यामरसम्म २० प्रधानमन्त्री भए। सबै 'एसेट' बने। तर, ३८ वर्षमा हामीकहाँ ३० प्रधानमन्त्री बने। सबै 'लायबिलिटी' बने। यस्तो लाग्छ, नेपालमा प्रजातन्त्र चाँडै आएछ।

मतपत्रमा छाप लगाउँदा अंग्रेजीको 'एडिक्सन' अर्थात् 'लत' शब्द सम्झिऔँ। लागुऔषध, रक्सी, धूम्रपानको लतजस्तै नेतालाई 'पावर' को लत लाग्यो। अन्य लतले सेवन गर्नेलाई असर गर्छ। तर, 'पावर एडिक्सन'ले 'एडिक्ट'लाई फाइदा गर्छ, जनता मर्छन्। सत्ता जानु भनेको सत्ताको एडिक्सन गर्न नपाउनु हो। एडिक्सन बन्द भएपछि नेताको चरित्र देखियो। पटक-पटक प्रधानमन्त्री भइयो, तर केही गर्न सकिएन भन्ने सोच तिनमा कहिल्यै आएन।

चुनाव प्रजातन्त्रको अक्सिजन हो। तर, भाँड्न खोजिँदै छ। संसद्ले आधा अवधि बढी पार गरिसकेको थियो। सरकार मिलिजुलीको थियो। सरकारको असफलतासँगै २३ र २४ भदौको घटना विश्वले देख्यो। आमचुनावपछिको चौथो सरकार थियो। संसद्ले विश्वास गुमाइसकेकाले निर्वाचनबाट नयाँ संसद् संवैधानिक आवश्यकता थियो। विघटन नै यस्तैमा हुने हो। तर, बाँकी दुई वर्ष पनि प्रधानमन्त्री पदको लोभले अनेक छिद्र खोजेर राजनीतिक तवरबाट सुल्झाइनुपर्ने समस्यालाई न्यायपालिकामा पुर्‍याइयो। चुनाव राजनीति गर्न जनताबाट प्राप्त इजाजत हो। निर्वाचनमार्फत पुनः सत्ताको इजाजत प्राप्त गर्नुपर्छ।

केही नेतामाथि स्थानहद लागेको छ। शान्ति सुरक्षाको माग पनि छ। दुवै माग जायज हो। स्थानहदको फुकुवा माग जायज हो। कार्की आयोगले छानबिन गर्ने हो। छानबिनमा तात्कालीन प्रधानमन्त्री र गृहमन्त्रीको बयान गराउनुपर्ने हुन सक्छ। प्रधानमन्त्रीलाई उन्मुक्ति छ भन्ने भ्रम नहोस्। छानबिनका लागि स्थानहद तोकेको हो। तर, तोकाइ अनिश्चितकालीन जान हुँदैन। २६ मार्च १९९४ को 'डिक्लेरेसन अन क्राइटेरिया फर फ्री एन्ड फियर इलेक्सन' पालना गर्नुपर्छ। 'डिक्लेरेसन'विपरीतको चुनावले 'अन्तर्राष्ट्रिय मान्यता' पाउँदैन। धारा ४ को उपधारा (३) मा चुनावका लागि प्रचारप्रसार, मिडियामा पहुँच, आवतजावतलगायतमा प्रतिबन्ध लगाउन हुँदैन। स्थानहदले प्रतिबन्ध लाग्छ। स्थानहद अब फुकुवा गर्ने वेला आयो। 'डिक्लेरेसन' सरकारलाई मात्र होइन, दलहरूलाई पनि लागू हुन्छ। डिक्लेरेसनको धारा ४ को उपधारा (२) मा 'राजनीतिक दलले शान्ति सुरक्षा भंग हुने दंगा मच्चाउने, उक्साउने काम गर्न हुँदैन' भन्ने स्पष्ट छ। हालै एमालेले 'युथ फोर्स' गठन गर्‍यो। जुन सार्वजनिक छ। 'शान्ति सुरक्षा अब एमालेले गर्छ' भन्ने भनाइ सार्वजनिक छ। युथ फोर्सलाई कानुनले चिन्दैन। सबैले निर्भीक भएर मतदान गर्न पाउनुपर्छ। दलद्वारा गरिने शान्ति सुरक्षा अर्को दललाई मान्य हुँदैन। १९९४ को डिक्लेरेसनले पनि दलको सुरक्षा मान्दैन। सरकारले स्थानहद तोकेको आदेश फिर्ता र एमालेले गठन गरेको फोर्सले 'शान्ति सुरक्षा' नगर्ने घोषणा आउनुपर्छ। तब मात्र चुनावले मान्यता पाउँछ। प्रधानमन्त्री भाग्नुपर्ने अवस्था, पूर्वप्रधानन्यायाधीशले सरकार चलाउनुपर्ने अवस्था, त्यसमाथि राजनीतिक दलले शान्ति सुरक्षा गर्न भनेर 'ब्रिगेड' गठन गर्ने अवस्थाले अन्तर्राष्ट्रिय समुदायमा नेपालको इज्जत कस्तो होला ? विचार गरियोस्।



> संसदीय व्यवस्थामा प्रधानमन्त्री भनेको विमानको 'क्याप्टेन' र अँध्यारो रातमा गाडीको 'हेडलाइट' हो। अपरिपक्व क्याप्टेन र हेडलाइटविनाको गाडी रातमा गुडाउँदा के हुन्छ भन्ने बुझेर अबको निर्वाचनमा विवेक प्रयोग गरौँ।

हाम्रो प्रधानमन्त्री बेलायत र भारतका प्रधानमन्त्री तथा अमेरिकाको राष्ट्रपतिजस्तै हैसियत राख्ने पद हो। उताका प्रधानमन्त्रीले ती देशमा अवकाशपछि पदको मर्यादा राखेका छन्। हाम्रा नेताले पदको मर्यादा राख्न सकेका छैनन्। अन्य देशमा पूर्वप्रधानमन्त्रीले राजनीतिलाई धमिल्याएर पटक-पटक प्रधानमन्त्री बन्ने सोच राख्दैनन्। आफ्नो असफलता र अलोकप्रियता महसुस गर्छन्। पदमुक्त भएपछि पुनः राजनीतिमा फर्कंदैनन्। मेमोवार लेखेर बस्छन्। अमेरिकी राष्ट्रपतिहरूले क्लिन्टन फाउन्डेसन, कार्टर सेन्टर, जर्ज बुस लाइब्रेरी स्थापना गरेका छन्। त्यसमा प्राप्त चन्दा समाजसेवामा लगाएका छन्। 'मेमोवार'को अन्तर्राष्ट्रिय क्षेत्रमा 'हट सेलिङ' किताब बनेको छ। विदेशी विश्वविद्यालयको दीक्षान्त समारोहमा सम्बोधन गर्न सक्ने क्षमता र योग्यता उनीहरूमा छ। भारतका राष्ट्रपति एपिजे अब्दुल कलाम अर्का नमुना हुन्। राष्ट्रिय अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनी तथा संस्थाले सल्लाहकारमा नियुक्ति गरेका छन्। भर्खरै बेलायतका पूर्वप्रधानमन्त्री सुनक अमेरिकाको ठुलो बैंकको सल्लाहकारमा नियुक्त भए।

जेन्डर जस्टिस, क्लाइमेट चेन्ज, ग्लोबल वार्मिङ, विश्व शान्ति, ग्लोबलाइजेसन, दक्षिण-उत्तर वार्ताजस्ता फोरममा वक्ताका रूपमा लाखौँ डलर तिरेर, विमान चार्टर गरेर बोलाइन्छ। प्रवचनका लागि दसौँ लाख डलर शुल्क दिइन्छ। हाम्रा पूर्वप्रधानमन्त्री कुनैमा पनि यस्तो क्षमता देखिएन। हाम्रा प्रधानमन्त्रीहरू राजनीति धमिल्याउने, त्यसैमा रमाउने, धमिलो पानीमा माछा मार्ने र घरको बाघ बनको स्याल बन्ने अवस्था देखियो। गत सालको न्युयोर्क घटना र सांघाई सम्मेलनको एक्लोपनले देखियो।

नेतामा सत्ताको लोभले नछाड्ने हो भने नेपाल भनेजुयला बन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट 'वारेन्ट' जारी हुन सक्ने अवस्था पनि आउन सक्छ। विदेशका कुनै पनि प्रधानमन्त्रीले पदबाट हटेपछि वा एकपटक चुनाव हारेपछि राजनीति धमिल्याएका छैनन्। रिस देखाएका छैनन्। मुद्दा गरेका छैनन्। पुनः राजनीति गरेका छैनन्। हाम्रा मात्र किन यस्ता लोभी ? अलोकप्रियता महसुस नगर्ने ? डेलिभर गर्न नसक्ने ? असफल भएको महसुस नगर्ने ? अन्य देशका प्रधानमन्त्री र राष्ट्रपतिले बसालेको परम्परा नसिक्ने ? अन्य देशको प्रधानमन्त्रीले पदको प्रतिष्ठा, इज्जत र संविधान र संसदीय परम्परा र इज्जत बचाएका छन्। कसैले पनि चुनाव हार्नेबित्तिकै वा चुनावअगाडि राजनीति धमिल्याएर धमिलो पानीमा पुनः प्रधानमन्त्री बन्ने प्रयास गरेका छैनन्। राजनीतिक दलले ब्रिगेड गठन गरेका छैनन्। 'हट सेलिङ' हुने पुस्तक लेखेका छन्, प्रवचन दिएका छन्। अमेरिकी राष्ट्रपति जर्ज बुसले पाँच सय पृष्ठको 'डिसिजन पोइन्टस्' र भारतका राष्ट्रपति बेन्कटरमनको सात सय पृष्ठको 'माई प्रेसिडेन्सियल इयर' र भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीले तुरुन्त बिक्ने पुस्तक लेखे। हामीकहाँ त्यस्तो नेता पाइएन। प्रधानमन्त्री पद उत्पादन गर्ने देशमा पर्‍यो।

खोइ हाम्रा पूर्वप्रधानमन्त्रीको मेमोवार ? खोइ हाम्रा पूर्वप्रधानमन्त्रीको पुस्तक ? हाम्रा पूर्वप्रधानमन्त्रीलाई प्रवचन दिन किन बोलाउँदैनन् ? हाम्रा प्रधानमन्त्री अवकाशपछि अन्तर्राष्ट्रिय संघसंस्थामा किन बिक्दैनन् ? आजसम्मका पूर्वप्रधानमन्त्रीले यी कुरा मनमा लिनुपर्‍यो। राजनीति धमिल्याउनुभएन। घरको बाघ वनको स्याल बन्नु भएन। हातहातै बिक्ने मेमोवार र किताब लेखेर नेपालीलाई देखाउनुपर्‍यो। विदेशी संघसंस्थालाई अंग्रेजीमा सम्बोधन गर्न सक्ने ताकत देखाऊ। तब पो फुर्ती गर्न सुहाउँछ। आउँदो आमचुनावमा हामीले यस्तो प्रधानमन्त्री छानौँ। अन्त्यमा, संसदीय व्यवस्थामा प्रधानमन्त्री भनेको विमानको 'क्याप्टेन' हो। अँध्यारो रातमा गाडीको 'हेडलाइट' पनि हो। अपरिपक्व क्याप्टेन र हेडलाइटविनाको गाडी रातमा गुडाउँदा के हुन्छ ? सबै जानकार छौँ। आजसम्म नेपालीले दुःख पाएको कारण नै हाम्रा क्याप्टेनको अपरिपक्वता र धमिलो हेडलाइटको गाडीका कारण हो। आउँदो चुनावबाट सुधार गरौँ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

नेपाली क्रिकेटका राष्ट्रिय टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई



■ एनपिएलको दोस्रो संस्करण पनि सकियो। यसलाई कसरी हेर्नुभएको छ ?

यसलाई 'ग्रान्ड सक्सेस' नै भन्नुपर्छ। 'म्याच'हरू राम्रै भए। व्यवस्थापन र अन्य पक्ष 'स्मुथ' नै रहे। दर्शकको चासो पनि लोभलाग्दो देखियो। काठमाडौँबाहिरदेखि एनपिएल हेर्नकै लागि भनेर दर्शक आए। अझै पनि धेरैतिरका दर्शकलाई प्रत्यक्ष हेर्ने अवसर जुटाउन सकिएको छैन। दर्शकको मागअनुसार आगामी दिनमा 'होम एन्ड अवे' गर्न सके बाहिरका दर्शकले पनि प्रत्यक्ष खेल हेर्ने अवसर पाउने थिए। एउटै मैदानमा यति लामो 'टुर्नामेन्ट' गर्नु राम्रो होइन। यसले पिचको 'क्वालिटी'मा पनि समस्या आउँछ। 'मिडिया कभरेज', दर्शकको चासो, विदेशी खेलाडी, विदेशी प्रशिक्षक, 'कमेन्टेटर', विदेशी च्यानल आदिको उपस्थिति हेर्दा एनपिएल एउटा अलग ब्रान्ड बन्न सफल भएको छ।

■ एनपिएलको दोस्रो संस्करणसम्म आइपुग्दा विदेशी खेलाडीसँगको 'एक्सपोजर'ले नेपाली खेलाडीको खेल कति परिष्कृत भएको पाउनुभयो ?

इमानदारीपूर्वक भन्ने हो भने केहीबाहेक नेपाली खेलाडीको सम्झिनलायक प्रदर्शनी देख्न पाइएको छैन। अलि चलेका खेलाडीको सूची हेर्दा प्रायः विदेशी खेलाडी नै अगाडि देखिन्छन्। राम्रा विदेशी खेलाडीको उपस्थितिमा उनीहरूसँगै ड्रेसिङ रुम सेयर गर्दा, मैदानमा प्रतिस्पर्धा गर्दा नयाँ-नयाँ खेलाडी अगाडि आएर तहल्का मच्चाउनुपर्ने हो। नयाँ-नयाँ ट्यालेन्ट आउनुपर्ने हो। तर, हाम्रा खेलाडीको 'परफर्मेन्स'चाहिँ 'एभरेज' नै देखियो।

■ नेपाली क्रिकेटको थप विकासका लागि के गर्नुपर्ला ?

त्यसका लागि त धेरै गर्न बाँकी नै छ। हाम्रो क्रिकेटको भौतिक पूर्वाधार निकै कमजोर छ। 'टुर्नामेन्ट'को 'स्ट्रक्चर'मा धेरै सुधार गर्न बाँकी छ। टियु र मूलपानीले मात्र हाम्रो क्रिकेटलाई माथि उचाल्न कठिन छ। यसका लागि काठमाडौँबाहिर पनि प्रतियोगिता गराउन सकिने खालका 'ग्राउन्ड'को खाँचो छ। नयाँ-नयाँ खेलाडी उत्पादनका लागि 'टुर्नामेन्टको फर्म्याट'मा पनि सुधार हुनुपर्छ।

प्रेरक प्रसंग

श्रेष्ठताको मापन

एकपटक देवता र दानवबिच कसको समुदाय श्रेष्ठ हो भन्ने विषयमा गम्भीर विवाद चल्यो। विवाद ब्रह्माकहाँ पुग्यो। दुवै पक्षको तर्क सुनिसकेपछि ब्रह्माजीले भने- तिमीहरू दुवै पक्षका कुरा मैले सुनेँ। यसको निर्णयका लागि तिमीहरू सबै आआफ्ना समुदायका सदस्यका साथ भोलि बिहान यहाँ उपस्थित हुनू।

निर्धारित समयमा देवता र दानव ब्रह्मलोक पुगे। ब्रह्माजीले दुवै समूहलाई अलगअलग कक्षमा भोजनका लागि आमन्त्रित गरे। दुवै कक्षमा चौरासी व्यञ्जन तयार गरिएका थिए। दुवै समूह आआफ्नो निर्धारित स्थानमा बसिसकेपछि खाना पस्किने काम सम्पन्न भयो। तर, ब्रह्माजीले आफ्नो शक्तिले दुवै पक्षका सदस्यको हात खुम्च्याउन नमिल्ने बनाइदिए।

यस्तो विषम परिस्थिति उत्पन्न भएपछि दुवै पक्षका सदस्य कसरी भोजन गर्ने भन्ने विषयमा अलमलमा परे। तर, दुवै समूहले आआफ्नो क्षमता र बुद्धिले उपाय निकाले। दानवहरूले थाल अलि पर राखेर हातले गाँस टिपे र त्यसलाई माथि उचालेर मुखमा पर्ने गरी खसाल्न थाले। यसो गर्दा केही खानेकुरा मुखमा पनि पर्‍यो भने केही शरीरभरि पर्‍यो। पानीको अवस्था पनि त्यस्तै रह्यो। खाना खाइसक्दा उनीहरूको शरीर विरुप देखिन्थ्यो भने सबै वस्त्रसहितै नुहाएर निस्किएजस्ता देखिन्थे।



उता देवताहरू पनि यही समस्यामा देखिन्थे। तर, उनीहरूले अलि फरक किसिमले समाधान निकाले। उनीहरू दुई-दुईजनाको समूहमा एक-अर्कातिर फर्किएर केही दुरीमा बसे। एक-अर्काको थालबाट गाँस निकाल्दै एक-अर्कालाई खुवाउन थाले। उनीहरूले पानी पनि यसैगरी एक-अर्कालाई पिलाए। अनि, अन्त्यमा त्यसैगरी एक-अर्कालाई चुठाएर उनीहरू उठे। भोजनपछि ब्रह्माजीले दुवै पक्षलाई बोलाए र भने- तिमीहरूको प्रश्नको उत्तर प्राप्त भयो। जो मानिस आफ्ना लागि मात्र सोच्छ र आफ्ना लागि मात्र काम गर्छ, ऊ जहिल्यै असन्तुष्ट रहन्छ र आफ्नै कर्मका लागि अपमानित पनि भइरहन्छ। तर, जसले अर्काका लागि पनि सोच्छ, सहयोग दिन्छ र आवश्यक परे लिन्छ पनि, ऊ जहिल्यै श्रेष्ठ ठहरिन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेलाई शुभकामना !

एमालेको एघारौँ महाधिवेशन भव्य रूपमा शुभारम्भ भएको छ। जति भव्य शुभारम्भ भएको छ, त्यति नै भव्य रूपमा यो महाधिवेशन सम्पन्न पनि होओस्। यसले पार्टीलाई गति दिन सक्ने गतिशील नेतृत्व चयन गरोस्। अध्यक्षमा कसलाई जिताउने भनेर निर्णय गर्ने अधिकार त महाधिवेशन प्रतिनिधिलाई मात्र छ। तर, उनीहरूले चयन गरेको नेतृत्वले आगामी दिनका चुनौतीलाई पन्छाएर पार्टीलाई गति दिन सकोस् भन्नेमा प्रतिनिधिले विशेष ध्यान पुर्‍याउनुपर्ने देखिन्छ। एमालेको वर्तमान नेतृत्व जसरी विगतमा चल्यो, त्यसैगरी आगामी दिनमा चल्न कठिन छ। त्यसैले, सकभर पार्टी रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणका विषयमा महाधिवेशन प्रतिनिधिको ध्यान जाओस्। महाधिवेशनको सफलताका लागि एमालेलाई शुभकामना !

● **सृष्टिका गर्बुजा**, जगाती, भक्तपुर

दुर्घटनाबारे सचेत बनौँ

नेपाली सडकमा सवारी दुर्घटनाका खबर खासै नौला होइनन्। यहाँ जति पनि दुर्घटना हुन्छन्, तीमध्ये अधिकांश चालककै लापरबाहीका कारण हुने गर्छन्। खासगरी, तीव्र गति, जथाभावी गरिने ओभरटेक, लापरबाहीपूर्वक सवारी हाँक्नु तथा मादक पदार्थ र लागुपदार्थको सेवन गरी सवारी चलाउनु यस्ता दुर्घटनाका प्रमुख कारण हुन्। त्यसैले, यसबारे चालकले नै सचेत बनेर आफूलाई सुधार्नुपर्छ। अन्यथा, दुर्घटनाको ग्राफ उकालो लागिरहनेछ।

● **गौरव महर्जन**
कीर्तिपुर, काठमाडौँ

जिम्मेवारी कसको हो ?

सरकारले यतिखेर समयमै काम सम्पन्न नगर्ने ठेकेदार कम्पनीसितको वर्षौं पुरानो ठेक्का तोड्ने क्रमलाई तीव्रता दिएको देखिन्छ। देशमा थुप्रै विकास आयोजना अलपत्र अवस्थामा रहेका र ठेकेदारले वर्षौंदेखि ठेक्का ओगटिरहेको देखिन्छ। यसरी अलपत्र अवस्थामा रहेका ठेक्का सम्झौता तोडिनु एक अर्थमा हेर्दा राम्रै पनि हो। तर, यसबाट राज्यलाई पर्ने अतिरिक्त आर्थिक भार, काममा हुने ढिलासुस्ती तथा सेवाग्राहीले झेल्नुपर्ने सास्तीको हिसाबकिताबचाहिँ कसले गर्ने ?

● **अजय ठाकुर**
सतुंगल, काठमाडौँ

क्यानलाई बधाई !

नयाँ च्याम्पियनको छनोटसँगै एनपिएलको दोस्रो संस्करण पनि सकिएको छ। यो सभ्य अनि भव्य आयोजनाका लागि नेपाल क्रिकेट संघ (क्यान) बधाईको हकदार बनेको छ। एनपिएल एउटा सामान्य क्रिकेट लिग मात्र नभई यो एउटा भव्य ब्रान्ड बनिसकेको छ। यसमा नेपाल र नेपालीको मात्र नभई विदेशी खेलाडी, प्रशिक्षकलगायत धेरैको चासो बढेको छ।

तर, यसो भन्दैमा एनपिएलको दोस्रो संस्करणको समाप्तिसँगै नेपाली क्रिकेट सफलताको अन्तिम विन्दुमा पुग्यो भन्ने होइन। यसका लागि नेपाली क्रिकेटले गर्न बाँकी अझै धेरै छ। एनपिएलले दर्शकदेखि प्रायोजकसम्म सबैमा क्रिकेटप्रति चासो जगाएको छ। मैदानमै पुगेर खेलाडीको हौसला बढाउने दर्शकको संख्या दिनदिनै बढिरहेको छ। दर्शकको यही माया नै नेपाली क्रिकेटको अमूल्य सम्पत्ति हो। यसलाई जोगाउनु जरुरी छ।

अब क्यानले आगामी दिनमा नेपाली क्रिकेटको भौतिक पूर्वाधार विकासका लागि थप काम गर्न बाँकी नै छ। यसमा क्यान एक्लैले केही गर्न सक्दैन। कम्तीमा पनि सात प्रदेश सरकारले आआफ्ना प्रदेशभित्र प्रतियोगिता खेल्न मिल्ने स्तरीय एउटा-एउटा क्रिकेट मैदान मात्र बनाइदिन सके गज्जब हुने थियो।

● **कल्पना चाम्लिङ**, सुकेधारा, काठमाडौँ

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चीन-जापान वाक्‌युद्धले बढाएको तनाव

मध्यपूर्वको युद्धले र युक्रेनको निरन्तर युद्धले घेरिएको संसारमा पूर्वी एसियामा तनाव बढ्दै गएको छ



देश/विदेश

● कुवान वी चेन


हालै हटाइएको सामाजिक सञ्जाल पोस्टमा जापानी सहर ओसाकाका लागि जनवादी गणतन्त्र चीनका 'कन्सुल जनरल'ले हालै जापानी प्रधानमन्त्री साने ताकाइचीको 'फोहोर टाउको' 'काट्ने' धम्की दिए। यो धम्की जापानको आत्मरक्षा बलले सामूहिक आत्मरक्षाको अधिकार प्रयोग गर्न र ताइबानमा चिनियाँ आक्रमणको घटनामा संलग्न हुन सक्ने ताकाइचीको सुझावको प्रतिक्रियामा थियो। चीनले ताकाइचीलाई उनको 'गलत टिप्पणी' फिर्ता लिन आह्वान गरेको छ।

ओकिनावा टापुनजिकै जापानी लडाकु विमानमा चिनियाँ सैन्य विमानले आफ्नो राडार बन्द गरेको आरोप लागेपछि चिनियाँ आक्रोश बढ्दै गएको देखिन्छ। चीनले जापानी समुद्री खाना आयातमा पनि प्रतिबन्ध लगाएको छ। चीनको प्रतिक्रियामा राजनीतिक र राष्ट्रवादी स्वरहरू छन्। चीनले ताइबानलाई आफ्नो क्षेत्रको 'अविभाज्य भाग' को रूपमा हेर्छ, जुन 'अपमानको शताब्दी'को सम्झना गराउँछ, जब 'सम्राज्यवादी' चीनले १८९५ मा टापु जापानलाई सुम्पिएको थियो र जापानी उपनिवेश बनेको थियो।' दोस्रो विश्वयुद्धपछि पनि ताइबानमाथिको सार्वभौमिकता कहिल्यै औपचारिक रूपमा स्थापित भएन। चीन आवश्यक परेमा बल प्रयोग गरेर ताइबानलाई मातृभूमिसँग 'पुनः एकीकरण' गर्नुपर्छ भन्ने मान्यता राख्छ। ताइबानलाई धम्की दिने उद्देश्यले गरिएको चिनियाँ सैन्य अभ्यासको संख्या र तीव्रता हालका वर्षमा उल्लेखनीय रूपमा बढेको छ। चिनियाँ नेता सी जिनपिङ्ले २०२७ सम्ममा ताइबानमाथि आक्रमण गर्न जनमुक्ति सेना परिचालन गर्न थालेको बताइएको छ।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत ताइबानको स्थिति जटिल छ। उसको एक कार्यकारी सरकार, जनसंख्या र परिभाषित क्षेत्र (राज्यत्वका सबै आवश्यक तत्त्व) भए पनि विश्वका धेरैजसो भागले आधिकारिक रूपमा ताइबानलाई राज्यको रूपमा मान्यता दिँदैनन्। क्यानडा र संयुक्त राज्य अमेरिकासहित धेरैजसो देश ताइबानसँग गैरआधिकारिक रूपमा संलग्न हुन्छन् र ताइबान चीनको हिस्सा हो भन्ने चीनको जिद्दीलाई 'स्वीकार' गर्छन्। चीनलाई दिइएको यो सम्मान भूराजनीति र रणनीतिक अस्पष्टताको विषय हो, जुन सम्भवतः चीनको विश्वव्यापी आर्थिक र राजनीतिक प्रभावका कारण भएको हो र कानुनमा यसको थोरै आधार छ।

चीनले प्रायः १९४३ को कायरो घोषणापत्रलाई ताइबानमाथिको आफ्नो दाबीको कानुनी आधार मान्छ। यद्यपि, यो हस्ताक्षर नगरिएको विज्ञप्तिमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कानुनी शक्तिको अभाव छ, जुन कुरा १९५५ मा बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले औँल्याए। कोरियाली युद्ध सुरु हुँदा, अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले भनेका थिए- '(ताइबान) को भविष्य निर्धारण प्रशान्त महासागरमा सुरक्षाको पुनर्स्थापना, जापानसँग शान्ति सम्झौता वा संयुक्त राष्ट्र संघको विचारको पक्षमा हुनुपर्छ।' जापान र मित्रराष्ट्रबिचको युद्ध समाप्त गर्ने १९५१ को सानफ्रान्सिस्को सन्धि कानुनी रूपमा बाध्यकारी हो। जापानले ताइबानलाई 'सबै अधिकार र दाबी' त्यागे पनि ताइबानको सार्वभौमिकताका सन्दर्भमा चीनको कुनै उल्लेख थिएन।

राष्ट्र संघले ताइबानमाथि सार्वभौमिकताको मुद्दालाई कहिल्यै विचार गरेको छैन, निर्णय गर्नु त परको कुरा। चीनले प्रायः १९७१ मा राष्ट्र संघ महासभाको प्रस्ताव २७५८ लाई ताइबानमाथिको आफ्नो सार्वभौमिकता दाबीका लागि अर्को कानुनी आधारका रूपमा उद्धृत गर्छ। तर, त्यो प्रस्तावले चीनको वैध प्रतिनिधिका रूपमा जनवादी गणतन्त्र चीनको स्थितिलाई मात्र सम्बोधन गर्छ र ताइबानको कुनै उल्लेख गर्दैन। युरोपेली संसद् र अस्ट्रेलिया, नेदरल्यान्ड्सका संसद्का साथै अमेरिकी कांग्रेसले राष्ट्र संघको प्रस्तावलाई विकृत



गर्ने र राजनीतिक उद्देश्यका लागि अन्तर्राष्ट्रिय संस्थामा अनुचित प्रभाव पार्ने प्रयासको खुला विरोध गरेका छन्।

ताकाइचीको टिप्पणी केवल दिवंगत जापानी प्रधानमन्त्री सिन्जो आबेको टिप्पणी 'ताइबान आपत्काल भनेको जापान आपत्काल हो' को पुनरावृत्ति हो। यो कुनै आश्चर्यको कुरा होइन, किनकि जापान र ताइबान १०० किलोमिटरभन्दा अलि टाढा मात्र छन्। ओकिनावा प्रान्तको योनागुनी टापुमा जापानको एन्टी-एयर मिसाइल र मियाको स्ट्रेटको मुखमा लामो दूरीको एन्टी-सिप मिसाइल तैनाथ गर्नु स्पष्ट रूपमा सम्भावित चिनियाँ आक्रमणको प्रतिरोध गर्ने उद्देश्य हो।

ताइबानबाट केवल ९० मिनेटको उडानमा पूर्वी एसियामा सबैभन्दा ठुलो अमेरिकी वायुसेना आधारस्थल र बढ्दो तनावबिच सम्भावित चिनियाँ मिसाइल आक्रमणको लागि तयारी गरिरहेको छ। ताइबान आफैँ महत्त्वपूर्ण समुद्री र उड्डयन मार्गको क्रसरोडमा अवस्थित छ र विश्वको ७० प्रतिशतभन्दा बढी माइक्रोचिप उत्पादन गर्छ। चीनले ताइबानलाई नाकाबन्दी वा आक्रमण रोज्छ भने यसले विश्व अर्थतन्त्रलाई गम्भीर रूपमा असर गर्नेछ, किनकि विश्वव्यापी समुद्री व्यापारको पाँचौँ भाग अर्थात् २.५ ट्रिलियन डलर मूल्यबराबरको कारोबार ताइबान स्ट्रेटमार्फत पारगमन हुन्छ। ठुलो शक्तिसँगै ठुलो जिम्मेवारी आउँछ र यो सबै राज्यका लागि सत्य हो। आक्रमणको धम्की, बल प्रयोग र विवाद समाधान गर्ने गैर-शान्तिपूर्ण माध्यम सबै अन्तर्राष्ट्रिय कानुनअन्तर्गत निषेधित छन्। गैरकूटनीतिक बयानबाजी र इतिहास र कानुनको विकृति पनि शान्तिका लागि हानिकारक छ। ताइबान साँच्चै चीनको एक अंश हो भने कुनै पनि विदेशी हस्तक्षेपलाई 'दबाउन' आक्रमण वा धम्की आवश्यक पर्दैन। आफ्नो दुष्ट कूटनीति र बल प्रदर्शनमार्फत चीनले वास्तवमा ताइबान मुद्दालाई विश्वव्यापीकरण गरिरहेको छ।

हालैको जी-७ ले जारी गरेको वक्तव्यमा उल्लेख भएझैँ अन्तर्राष्ट्रिय समुदायको 'ताइबान जलडमरुमा शान्ति र स्थिरता संरक्षणमा चासो' छ, किनकि चीनको सैन्य अभ्यास र युद्धको धम्कीले 'विश्व सुरक्षा र समृद्धि'लाई खतरामा पार्छ। मध्यपूर्वमा द्वन्द्व र युक्रेनमा निरन्तर युद्धले घेरिएको संसारमा पूर्वी एसियामा तनाव फेरि बढ्दै गएको छ। के शान्त देश विजयी होलान् ?

द कन्भर्सेसनबाट

(चेन म्याकगिल युनिभर्सिटीको एयर एन्ड स्पेल लका अनुसन्धानकर्ता हुन्)

सिरियाली शरणार्थीप्रति कठोर बन्दै छ जर्मनी

सिरियाली शरणार्थीलाई देशनिकाला गर्ने जर्मन योजना ४० वर्षअघिको टर्कीका आप्रवासी फिर्ती गर्ने अभियानसँग मेल खान्छ

सिरिया १४ वर्षसम्म क्रुर गृहयुद्धबाट गुज्रिँदा जर्मनीले हिंसाबाट उम्केर भाग्नेहरूलाई सुरक्षित आश्रय प्रदान गऱ्यो । डिसेम्बर २०२४ मा असद शासनको पतनसँगै त्यो द्वन्द्व समाप्त भएको पनि एक वर्ष पूरा भइसक्यो । अहिले जर्मनीमा नेतादेखि सर्वसाधारणसम्म पहिले शरण लिएका सिरियाली फर्किऊन् भन्ने चाहन्छन् । नोभेम्बरमा जर्मन चान्सलर फ्रेडरिक मर्जले 'निकट भविष्यमा' सिरियाली शरणार्थीलाई देशनिकाला गर्ने विवादास्पद योजनाको घोषणा गरे । अहिलेका लागि उनले जर्मनीमा रहेका करिब १० लाख सिरियालीलाई स्वेच्छाले फर्कन आग्रह गरेका छन् ।



● मिसेल लिन कान

कान रिचमन्ड विश्वविद्यालयमा इतिहासकी सहप्राध्यापक हुन् ।

सिरियाली शरणार्थीप्रति कठोर बन्दै गएको यस अडानलाई जर्मनीमा बढ्दो उग्र दक्षिणपन्थी पार्टी 'अल्टर्नेटिभ फर जर्मनी (एएफडी) 'लाई रोक्ने मर्जको प्रयासको रूपमा व्याख्या गरिएको छ । गत फेब्रुअरी २०२५ को आमनिर्वाचनमा एएफडी संसद्को दोस्रो ठुलो पार्टी बन्यो । आप्रवासनप्रति कठोर भएर एएफडीमा गएका मतदातालाई फर्काउन सकिने सरकारको तर्क देखिन्छ । तर, वास्तविकता जटिल छ । जातिवादी र मुस्लिमघृणा उग्र दक्षिणपन्थीमा मात्र व्याप्त छैन । बरु, यो दशकौंदेखि मूलधार जर्मन राजनीति र समाजको अंश रहँदै आएको छ ।

मर्जकै मध्यमार्गी पार्टी 'क्रिस्चियन डेमोक्रेटिक युनियन (सिडियू)ले सन् १९८० को दशकमा यसरी नै अर्को मुस्लिम आप्रवासी समूह टर्कहरूलाई देशनिकाला गर्न यस्तै रणनीति प्रयोग गरेको थियो ।

डिसेम्बर ८, २०२४ मा बसर असदको शासन पतन भएदेखि विदेश विस्थापित भएका लगभग १५ लाख सिरियाली स्वेच्छाले आफ्नो देश फर्किएका छन् । यो संख्या सन् २०११ मा सिरियामा गृहयुद्ध सुरु भएदेखि भागेका कुल संख्याको लगभग एकचौथाइ हो । अन्तको तुलनामा जर्मनीमा रहेका सिरियाली शरणार्थी फर्कन अनिच्छुक देखिन्छन् । धेरै त जर्मन समाजमा



> अन्य देशको तुलनामा जर्मनीमा रहेका सिरियाली शरणार्थी स्वदेश फर्कन अनिच्छुक देखिन्छन् । धेरै त जर्मन समाजमा घुलमिल भएका छन् । उनीहरूमध्ये लगभग १५ प्रतिशतले जर्मनीको नागरिकता प्राप्त गरेका छन् । लगभग दुई लाख ५० हजार सिरियाली बालबालिका जर्मनीका स्कुलमा पढ्छन् ।

घुलमिलसमेत भएका छन् । जर्मनीको शरण लिएका सिरियालीमध्ये लगभग १५ प्रतिशतले जर्मनीको नागरिकता प्राप्त गरेका छन् । लगभग दुई लाख ५० हजार सिरियाली बालबालिका जर्मनीका स्कुलमा पढ्छन् ।

अन्तर्राष्ट्रिय कानुनी सिद्धान्तले जीवन वा स्वतन्त्रताको गम्भीर खतराको सामना गर्ने देशमा शरणार्थीलाई जबर्जस्ती फिर्ता पठाउन निषेध गर्छ । डिसेम्बर २०२५ सम्म संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीले शरणार्थीलाई सिरिया फर्कन बाध्य पार्नु नहुने कुरामा जोड दिन्छ । तर, सिरियालीलाई स्वैच्छिक देश फिर्ती सहज बनाउने जर्मन कार्यक्रम औपचारिक रूपमा जनवरी २०२५ देखि कार्यान्वयनमा छ ।

सिरियालीलाई देश छोड्न मनाउन जर्मनीले उनीहरूलाई रकम भुक्तानी गर्ने प्रस्ताव गरिरहेको छ । जनवरीदेखि जर्मनीमा रहेका सिरियाली शरणार्थी स्वैच्छिक रूपमा फर्किए प्रतिपरिवार चार हजार ६५० अमेरिकी डलर (चार हजार युरो) सम्म पाउन सक्छन् । एक सरकारी कार्यक्रममार्फत जर्मन सरकारले यस वित्तीय प्रोत्साहनलाई सहज बनाएको छ । यस्तै जर्मन नीति अन्य आप्रवासी समूहमा पनि लागू छ ।

ध्वस्त मातृभूमि

सिरियाली शरणार्थीलाई फर्काउने जर्मन योजनाको एम्नेस्टी इन्टरनेसनल र ह्युमन राइट्स वाचजस्ता मानव अधिकार संस्थाले आलोचना गरेका छन् । आलोचकका अनुसार योजनामा घोषित रकम सिरियामा आफ्नो जीवन पुनः सुरु गर्न निकै सानो रकम हो । आर्थिक प्रोत्साहनले समाजमा फिर्ती र पुनः एकीकरणलाई सघाउने भए पनि यो 'बलियो र टिकाउ' हुनुपर्ने 'माइग्रेसन पोलिसी इन्स्टिच्युट'ले जोड दिएको छ ।

यसबाहेक, सिरियाभित्र रहेका दुईतिहाइ मानिस अहिले मानवीय सहायतामा बाँचिरहेका छन् । ७० लाखभन्दा बढी आन्तरिक रूपमा विस्थापित छन् । लामो गृहयुद्धका कारण सिरियाको बिजुली, पानी, सरसफाइ वा चिकित्साको अवस्था निम्छरो छ । अधिकांश मानिसका घरहरू नष्ट भएका छन् । त्यसबाहेक नयाँ सरकारको स्थापनापछि पनि सिरियाका धार्मिक अल्पसंख्यक, महिला र समलैंगिक व्यक्ति असुरक्षित रहेको मानव अधिकारवादी तर्क गर्छन् । यो कुरा जर्मन विदेशमन्त्री जोहान वाडेफुल आफैं अक्टोबर ३० को दमास्कस भ्रमण देखेकाले होला उनले आफ्नो अडान केही नरम पारेका थिए । 'यहाँको अवस्थामा सायदै कसैले सम्मानजनक जीवन बिताउन सक्छ,' उनले त्यतिबेला भनेका थिए ।

१९८० को दशकमा टर्किस आप्रवासीविरुद्ध जर्मनी

जर्मनीले आप्रवासीलाई देश छाड्न पैसा दिने प्रयास गरेको यो पहिलोपटक होइन । सन् १९८० को दशकमा मर्जकै पार्टी सिडियूले टर्किस आप्रवासीविरुद्ध यस्तै नीति लागू गरेको थियो । सन् १९६० र १९७० को दशकमा लाखौं टर्कहरू पश्चिम जर्मनीमा आएका थिए । दोस्रो विश्वयुद्धपछि जर्मनीको पुनर्निर्माणमा मद्दत गर्न सरकारले उनीहरूलाई औपचारिक रूपमै 'अतिथि कामदार'को रूपमा भर्ती गरेको थियो । सन् १९७० को दशकको अन्त्यसम्ममा उनीहरूले आफ्ना जीवनसाथी र बच्चाहरूलाई पनि जर्मनी ल्याउन थाले । योसँगै टर्कहरू जर्मनीको सबैभन्दा ठुलो जातीय अल्पसंख्यक बने ।

यसैबिच, सन् १९८० को दशकसम्म आइपुग्दा जर्मनीमा जातिवाद र इस्लामघृणा आकासियो । उग्र दक्षिणपन्थी मात्र होइन, मध्यपन्थी दलको पनि निसानामा टर्क पर्न थाले । नवनाजीहरूले त टर्कमाथि हिंसात्मक आक्रमण गर्न थाले । त्यतिबेला सबै राजनीतिक दलले इस्लाम जर्मन समाजसँग असंगत रहेको तर्क गरेका थिए । यही दृष्टिकोण ४० वर्षपछि अहिले फेरि युरोप र अमेरिका (ट्रम्प प्रशासन)का दक्षिणपन्थी राजनीतिज्ञले प्रतिध्वनित गरिरहेका छन् ।

त्यस नश्लीय वातावरणमा सन् १९८२ देखि १९९८ सम्म मध्यमार्गी दल सिडियूका नेता हेल्मुट कोहल जर्मनीका चान्सलर थिए । त्यस अवधिमा उनले टर्की आप्रवासीको जनसंख्यालाई आधाले घटाउने लक्ष्य लिएका थिए । तर, नाजी अत्याचार र निश्चित जनसंख्यामाथिको नरसंहारको इतिहास बोकेको जर्मनीका लागि एक आप्रवासी समूहलाई जबर्जस्ती निकाल्ने विकल्प लिन गाह्रो थियो । दोस्रो विश्वयुद्धपछि पश्चिम जर्मनी मानव अधिकारप्रति प्रतिबद्ध उदार लोकतन्त्रको रूपमा आफ्नो प्रतिष्ठा पुनर्स्थापित गर्न तल्लीन थियो ।

त्यस्तोमा मर्जको अग्रदूत कोहलले टर्कलाई देश छोडे रकम भुक्तानी गर्ने प्रस्ताव गरे । सन् १९८३ मा पश्चिम जर्मनीले विवादास्पद पुनर्वास कानुन पारित गऱ्यो । यसले टर्कहरूलाई स्वेच्छाले देश फर्कन आर्थिक प्रोत्साहन प्रदान गरेको थियो । सन् १९८३ मा पारित कानुनअनुरूप १५ प्रतिशत आप्रवासी अर्थात् लगभग दुई लाख ५० हजार टर्क पैसा लिएर टर्की फर्किए । त्यतिबेला फर्किएकाहरूले आफ्नो देश टर्कीमा प्रायः आर्थिक र सामाजिक कठिनाइको सामना गर्नुपऱ्यो । उनीहरूले त्यतिबेलाको कमजोर टर्किस अर्थतन्त्रमा खडा हुन संघर्ष गर्नुपऱ्यो । फर्किएकामध्ये धेरै टर्कहरू, त्यसमा पनि विशेषतः बालबालिका, 'जर्मनीकृत टर्क' भनेर अवहेलनाको सिकार भएका थिए ।

अहिले जर्मन सरकारले ल्याएको आर्थिक योजनालाई ठुलो संख्याका सिरियाली शरणार्थीले स्विकार्ने सम्भावना छैन । सिरियामा अझै मानवीय संकट रहेको अवस्थामा उनीहरूले सन् १९८० को दशकमा भन्दा गम्भीर कठिनाइको सामना गर्नेछन् । तथ्यांकअनुसार गत वर्ष असदको शासन पतन भएदेखि फर्किने सिरियालीमा जर्मनीबाट लगभग एक हजार ३०० मात्र छन् । त्यो जर्मनीमा बसोवास गरिरहेका सिरियाली जनसंख्याको ०.१ प्रतिशत मात्र हो ।

सिरियालीहरूले स्वेच्छिक रूपमा देश नछाडे उनीहरूमध्ये केहीलाई देशनिकाला गर्न सुरु गर्ने मर्जले चेतावनी दिएका छन् । उनले हालै सिरियाली राष्ट्रपतिलाई आपराधिक रेकर्ड भएका सिरियालीलाई फिर्ता लिने विषयमा छलफल गर्न जर्मनीमा आमन्त्रित गरे । सिरियालीको ठुलो संख्या रहेको सिरियाका छिमेकी देश लेबनान, टर्की र जोर्डनले उनीहरूलाई देशनिकाला गर्न सुरु गरिसकेका छन् ।

सम्भवतः मर्जले जर्मनीभित्रको राजनीतिक गतिशीलतालाई प्रतिक्रिया दिएका हुन सक्छन् । उग्र दक्षिणपन्थीहरू वास्तवमा बढ्दै गइरहेका छन्, जसको प्रतिक्रियामा मध्यपन्थीहरू आफैं दक्षिणपन्थतर्फ सर्दै गएका छन् । यस्तोमा मर्जको पार्टीले आप्रवासनमाथि कडाइ गर्नु आश्चर्यजनक कुरा होइन । तर, विगतमा जस्तै सरकारको कठोर प्रतिक्रियाले जर्मनीको मूलधारमै जातिवाद र इस्लामघृणालाई बढावा दिने जोखिम छ । र, यसपटक सिरियाली पहिलेका टर्कजस्तै निसानामा छन् ।

– द कन्भर्सेसनबाट

इतिहासमा आज

डिसेम्बर १४



सन् २०१२ : अमेरिकाको कनेक्टिकट राज्यको न्युटाउनस्थित सन्डे हुक इलिमेन्ट्री स्कुलमा गोली चल्दा २० बालबालिकासहित २६ जनाको मृत्यु । एडम लान्जा नाम गरेका व्यक्तिले गोली चलाएका थिए ।

सन् १८१२ : नेपोलियन बोनापार्टको नेतृत्वमा रुसमाथि भएको फ्रेन्च आक्रमण आजकै दिन औपचारिक रूपमा टुंगिएको थियो । युद्धमा फ्रान्सले ठुलो क्षति व्यहोर्नुपऱ्यो ।

सन् १९०० : जर्मन भौतिकशास्त्री म्याक्स फल्यांकले 'कालो वस्तुको रेडियस' विषयमा उनको सैद्धान्तिक निचोड आजकै दिन प्रस्तुत गरेका थिए । त्यस आलेखले भौतिकशास्त्रको नयाँ शाखा 'क्यान्टम फिजिक्स'को जन्म गरायो ।

सन् १९११ : नर्वेजियन अन्वेषक रोआल्ड एमुन्डसेन आजकै दिन दक्षिणी ध्रुव पुग्ने पहिलो व्यक्ति बनेका थिए ।

सन् १९२७ : इराकले बेलायती शासनबाट स्वतन्त्रता हासिल गऱ्यो । स्वतन्त्रतापछि पनि ब्रिटिस फौजले भने इराक छाडेन ।

सन् १९३९ : सोभियत युनियन लिग अफ नेसनबाट निष्काशित । फिनल्यान्डबारे अनावश्यक माग गरेपछि सोभियत युनियनलाई उक्त अन्तरसरकारी संगठनबाट निष्कासन गरिएको थियो ।

सन् १९६१ : तान्जेनियाद्वारा औपचारिक रूपमा राष्ट्र संघको सदस्यता प्राप्त । तांगनयिका र जनजिवर आर्किपेलागो मर्ज गरेर तान्जेनिया गठन भएको थियो । मर्ज हुनुअघि दुवै देश बेलायतको अधीनमा थिए ।

सन् १९८१ : सन् १९६७ को ६ दिने युद्धमा इजरायलले सिरियाबाट कब्जामा लिएको गोलान हाइटलाई औपचारिक रूपमा आफ्नो देशको भूमिको रूपमा समाहित गऱ्यो ।

सन् २००३ : पाकिस्तानका पूर्वराष्ट्रपति जनरल पर्वेज मुसर्रफको असफल हत्या प्रयास ।

सन् २००८ : बग्दादमा आयोजित पत्रकार सम्मेलनमा इराकका पत्रकार मुन्ताधर अल जाइदीद्वारा तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसमाथि जुत्ता प्रहार ।

सन् २०२० : अमेरिकामा कोरोना-१९ विरुद्धको पहिलो खोप पिफाइजर/बायोएनटेक दिन सुरु भयो । सोही दिन अमेरिकामा कोभिडबाट मर्नेको संख्या तीन लाख नाघेको थियो ।

युक्रेनका १० लाख घरपरिवार बिजुलीविहीन



किभ/ पछिल्लो रुसी हमलाका कारण ऊर्जा र औद्योगिक पूर्वाधारमा क्षति पुऱ्याएपछि युक्रेनमा दश लाखभन्दा बढी घरपरिवार बिजुलीविहीन भएका छन् । शुक्रबार रातभर रुसले युक्रेनका पूर्वाधारलक्षित हमला गरेपछि ठुलो संख्यामा युक्रेनी अन्धकारमा बस्न बाध्य भएका हुन् । युक्रेनका आन्तरिक मामिलामन्त्री इहोर क्लाइमेन्कोले युद्धबाट युक्रेनका पाँच क्षेत्र प्रभावित भएको र कम्तीमा पाँचजना घाइते भएको बताए । आगो निभाउने र आपूर्ति पुनर्स्थापित गर्ने काम भइरहेको उनले बताए । युद्धभरि युक्रेनी ऊर्जा पूर्वाधारमा रुसी आक्रमण सामान्य भए पनि जाडो सुरु हुँदै गर्दा मस्कोले आक्रमण तीव्र पारेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विदेशी दूतले यस सप्ताहन्तमा युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की र युरोपेली नेतालाई युद्ध अन्त्य गर्नेबारे थप वार्ता गर्न जर्मनीको यात्रा गर्ने क्रममा यो घटना भएको हो ।

शुक्रबार रातभरको आक्रमणमा रुसले ४५० भन्दा बढी ड्रोन र ३० क्षेप्यास्त्र प्रयोग गरेको युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बताए । रुसी हमलामा निप्रोपेट्रोभस्क, किरोभोहराद, माइकोलाइभ, ओडेसा र चेर्निहिभ क्षेत्र प्रभावित भएका छन् । रुसको रक्षा मन्त्रालयले आक्रमणमा किन्जल हाइपरसोनिक मिसाइलसहित अत्याधुनिक हतियार प्रयोग भएको जनाएको छ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले युक्रेनको जापोरिजिया आणविक ऊर्जा केन्द्रले 'विद्युतीय ग्रिडलाई असर गर्ने व्यापक सैन्य गतिविधिका कारण' रातारात सबै अफसाइट बिजुली अस्थायी रूपमा गुमाएको बताएको छ । यो प्लान्ट युक्रेनको रुसी-नियन्त्रित क्षेत्रमा छ । यो सञ्चालनमा छैन, तर यसको रिएक्टरलाई चिसो पार्न निरन्तर बिजुली आपूर्ति चाहिन्छ । रुसमा क्षेत्रीय गभर्नर रोमन बुसार्गिनका अनुसार साराटोभमा ड्रोन हमलाले आवासीय भवनमा प्रहार गरेपछि दुईजनाको मृत्यु भएको छ । ट्रम्प प्रशासनले क्रिसमससम्ममा युद्ध अन्त्य गर्ने सम्झौताका लागि जोड दिइरहेको छ र हालैका हप्तामा युक्रेनी र रुसी प्रतिनिधिसँग धेरै चरणको वार्ता गरिसकेको छ, यद्यपि कुनै सफलता हुन सकेको छैन ।

यसैबिच युक्रेन र रुसबिच मध्यस्थता गर्ने ह्वाइट हाउसको प्रयासको नेतृत्व गरिरहेका स्टिब विटकफले बर्लिनमा प्रस्तावित शान्ति सम्झौताको पछिल्लो संस्करणबारे छलफल गर्नेछन् । बर्लिन वार्तामा कुन युरोपेली नेताहरूले भाग लिनेछन् भन्ने पुष्टि भएको छैन । वाल स्ट्रिट जर्नलले बेलायतका प्रधानमन्त्री सर केयर स्टारमर, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ र जर्मन चान्सलर फ्रेडरिक मर्ज सबैले बैठकमा भाग लिने बताएको छ ।

कार्यस्थलमा थकित जेन-जी पुस्ता

आवास र जीवनयापनमा बढ्दो लागत र रोजगारीमा अनिश्चितताले यो पुस्ता ठुलो आर्थिक दबाबमा छ

सजेन-जी पुस्ताका कामदारले अहिलेसम्मकै उच्च स्तरको थकान महसुस गरेका बताएका छन् । एउटा नयाँ अनुसन्धानले पनि यस्तै खुलासा गरेको छ । अनुसन्धानले उनीहरू अभूतपूर्व तनावको स्तरमा बाँचिरहेको देखाएको छ । सबै उमेरका मानिसले बर्नआउट (तनाव, मानसिक कमजोरी) रिपोर्ट गर्दा जेन-जी र मिलेनियलहरूले प्रारम्भिक उमेरमा 'उच्च बर्नआउट' रिपोर्ट गरिरहेका छन् । संयुक्त राज्य अमेरिकामा दुई हजार वयस्कको सर्वेक्षणले एकचौथाइ अमेरिकीहरू ३० वर्षको उमेर नपुग्दै बर्नआउट हुने गरेको पत्ता लाग्यो । त्यस्तै, एक ब्रिटिस अध्ययनले कोभिड-१९ महामारीपछि १८ महिनाको अवधिमा बर्नआउट मापन गऱ्यो र जेन-जीका सदस्यले ८० प्रतिशत बर्नआउट स्तर रिपोर्ट गरिरहेको पत्ता लगायो । जेन-जी समूहमा बर्नआउटको उच्च स्तरबारे बिबिसीले पनि केही वर्षअघि रिपोर्ट गरेको थियो ।


> ११ देशका १३ हजारभन्दा बढी अग्रपंक्तिका कर्मचारी र प्रबन्धकलाई समेटिएको सर्वेक्षणमा जेन-जी कामदारले अन्यभन्दा बढी थकान महसुस गर्ने सम्भावना उच्च देखाएको छ

विश्वव्यापी रूपमा ११ देश र १३ हजारभन्दा बढी अग्रपंक्तिका कर्मचारी र प्रबन्धकलाई समेटिएको सर्वेक्षणले जेन-जीका कामदार अन्य कर्मचारीभन्दा बढी थकान महसुस गर्ने सम्भावना ८३ प्रतिशत बढी हुने गरेको देखाएको छ । अर्को अन्तर्राष्ट्रिय कल्याण अध्ययनअनुसार १८ देखि २४ वर्ष उमेरका लगभग एकचौथाइले 'अव्यवस्थित तनाव' अनुभव गरिरहेका थिए, जसमध्ये ९८ प्रतिशतले कम्तीमा एउटा बर्नआउट लक्षण रिपोर्ट गरेका थिए । त्यस्तै, क्यानडामा गरिएको क्यानेडियन व्यापार सर्वेक्षणले पत्ता लगायो कि जेन-जीका ५१ प्रतिशत उत्तरदाताले बर्नआउट महसुस गरे, यो सहस्राब्दी (५५ प्रतिशत) ले महसुस गरेकोभन्दा कम तर बुमर (२९ प्रतिशत) को भन्दा बढी थियो । त्यस्तै तनाव महसुस गर्ने जेन-एक्स ३२ प्रतिशत रहेको सो अध्ययनले पत्ता लाग्यो ।

जेन-जीका विद्यार्थीहरूको लामो समयदेखिको विश्वविद्यालय शिक्षक र यस पुस्ताका दुई छोराछोरीको बुबाको रूपमा, आजभोलिको कार्यस्थलमा जेन-जी बर्नआउटको स्तर निकै भयावह छ । युवा कामदार काममा केन्द्रित छैनन् वा काम र जीवनबिचको सन्तुलनको धेरै माग गर्ने भनेर उनीहरूलाई पन्छाउनुहुँदैन । काममा के बिग्रिएको छ र हामी यसलाई कसरी ठिक गर्न सक्छौं भन्नेबारे तिनीहरूले खतराको घन्टी बजाइरहेका छन् भन्ने कुरा हामी विचार गर्न सक्छौं ।

वास्तवमा के हो बर्नआउट ?

बर्नआउट व्यक्तिपिच्छे र पेसापिच्छे फरक हुन सक्छ । तर, अनुसन्धानकर्ताहरू सामान्यतया यसको मुख्य विशेषतामा सहमत हुन्छन् । यो तब हुन्छ, जब कामदारले आफ्नो कामबाट गर्ने अपेक्षा र कामले गर्ने मागबिच वास्तवमा द्वन्द्व हुन्छ । त्यो बेमेलले धेरै स्वरूप लिन सक्छ, अस्पष्ट काम, कामको ओभरलोड वा पर्याप्त स्रोत नहुनु । छोटकरीमा भन्नुपर्दा कामको अपेक्षा र यसको वास्तविकताबिच बढ्दो बेमेल हुँदा थकान हुने सम्भावना बढी हुन्छ । कम उमेरका कामदार, महिला र कनिष्ठ कर्मचारी लगातार शारीरिक र मानसिक थकानको उच्च जोखिममा हुन्छन् ।





● नितिन डेक्का

डेक्का ग्वेल्फ-हम्बर विश्वविद्यालयमा न्याय अध्ययनका व्याख्याता हुन्

बर्नआउट सामान्यतया तीन आयाममा अगाडि बढ्छ । थकान प्रायः बर्नआउटको पहिलो देखिने लक्षण हो, दोस्रो निराशा हो, जसले आफ्नो कामबाट अलगाव गराउँछ । यो अलगावले बर्नआउटको तेस्रो आयाममा पुऱ्याउँछ, व्यक्तिगत उपलब्धि वा आत्म-प्रभावकारिताको घट्दो भावना ।

किन जेन-जी पुस्ता थकानको जोखिममा छ ?

जेन-जीलाई बर्नआउटको जोखिममा पार्न धेरै शक्ति एकजुट हुन्छन् । पहिलो धेरै जेन-जीले कोभिड-१९ महामारीको समयमा र पछि कार्यबलमा प्रवेश गरे । यो गहिरो उथलपुथल, सामाजिक अलगाव र परिवर्तनशील कार्य प्रोटोकल र समयको माग थियो । यी अवस्थाले अनौपचारिक सिकाइलाई बाधा पुऱ्यायो, जुन सामान्यतया सहकर्मीसँगको दैनिक अन्तर्क्रियामार्फत हुन्छ । दोस्रो, फराकिलो आर्थिक दबाब तीव्र भएको छ । अमेरिकी अर्थशास्त्री पाविलना त्चेर्नेभाले तर्क गरेझैं, 'सामाजिक सम्झौताको मृत्यु र जागिरको मोह' (विश्वविद्यालय शिक्षाले राम्रो तलबसहितको जागिर दिने अपेक्षा)ले धेरै युवालाई अनिश्चित परिदृश्यमा उत्प्रेरित गर्न बाध्य पारेको छ ।

आर्थिक अवरोधको तीव्रता, बढ्दो असमानता, आवास र जीवनयापनको बढ्दो लागत र अनिश्चित रोजगारीको वृद्धिले यस पुस्तामा ठुलो आर्थिक दबाब सिर्जना गरेको छ । तेस्रो कारक भनेको कृत्रिम बुद्धिमत्ताअन्तर्गत भइरहेको कामको पुनर्संरचना हो ।

के गर्न सकिन्छ ?

यदि तपाईं यो पढ्दै हुनुहुन्छ र थकित महसुस गर्दै हुनुहुन्छ भने सबैभन्दा पहिले तपाईंले जान्नुपर्ने कुरा के हो भने तपाईं अत्यधिक प्रतिक्रिया जनाइरहनुभएको छैन र एक्लो हुनुहुन्न । सुखद खबर यो हो कि निको हुने तरिका छन् । बर्नआउटको सबैभन्दा बेवास्ता गरिएको पक्ष भनेको यसले उत्पन्न गर्ने अलगाव र एक्लोपनसँगको लडाइँ हो । सुधारको सबैभन्दा राम्रो उपाय भनेको काम गर्ने सहकर्मीसँग असल सम्बन्ध विकास गरेर अरूसँग पनि सम्बन्ध कायम गर्नु हो । यो उपाय बैठकपछि टोली समूहका साथीसँग केहीबेर बिताउनु वा सहकर्मीसँग साप्ताहिक कफीको व्यवस्था गर्नुजत्तिकै सरल हुन सक्छ ।

यसका साथै, अत्यधिक काम गर्नु राम्रो काम हो भन्ने विचार त्यागु उत्तिकै महत्त्वपूर्ण छ । आफ्नो क्यालेन्डरमा समय छुट्याएर र सहकर्मीलाई आफ्नो उपलब्धता स्पष्ट रूपमा संकेत गरेर काममा सीमा तय गर्नुहोस् । अर्थात्, अत्यधिक कामको बोझ नलिनुहोस् । कामलाई शान्तपूर्वक गर्नुहोस् र यसलाई हलुका रूपमा लिनुहोस् । थप आधारभूत समाधान कार्यस्थलबाट नै आउनुपर्छ । रोजगारदाताले कामदारको कल्याण र मानसिक स्वास्थ्यलाई सहयोग पुग्ने खालको थप लचिलो कार्य व्यवस्था प्रस्ताव गर्न आवश्यक छ । नेतृत्व तहमा बसेका व्यक्ति र प्रबन्धकले कामको अपेक्षा स्पष्ट रूपमा सञ्चार गर्नुपर्छ र कार्यस्थलमा अत्यधिक कार्यभारको सक्रिय रूपमा समीक्षा र पुनर्वितरण गर्ने नीति ल्याउनुपर्छ ।

कोवल स्मिथले कार्यस्थलमा नयाँ 'सिकाइको वास्तुकला' निर्माण गर्ने सुझाव दिएका छन्, जसमा परामर्श सेवा समावेश छ । कार्यस्थल रूपान्तरणको प्रयासले कार्यस्थललाई थप मानवीय बनाउन सक्छ, कामदारको बर्नआउट कम गर्न सक्छ र एआई अतिक्रमणको समयमा पनि भौतिक श्रमशक्तिको संलग्नतामा सुधार गर्न सक्छ,। जेन-जीका लागि राम्रो काम गर्ने कार्यस्थलले अन्ततः हामी सबैका लागि राम्रो काम गर्छ ।

– अलजजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २८ मंसिर ०८२

कात्तिकसम्मको कुल सेयर धितो कर्जा १ खर्ब ४६ अर्ब २२ करोड

सीमा हटाएपछि पनि सेयर धितो कर्जामा अपेक्षा गरिएअनुसार देखिएन आकर्षण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले व्यक्तिगततर्फको कर्जा सीमा हटाउँदा पनि सेयर मार्जिन प्रकृतिको कर्जा अर्थात् सेयर धितो कर्जामा आकर्षण न्यून देखिएको छ। व्यक्तिगत सेयर धितो कर्जामा तोकिएको अधिकतम २५ करोड रुपैयाँको सीमा केन्द्रीय बैंकले गत २२ असोजमा हटाएको थियो। त्यसपछि सेयर धितो कर्जाको माग बढ्ने अपेक्षा गरिए पनि न्यून नै रहेको देखिन्छ।

गत साउनमा तीन अर्ब ८३ करोड २० लाख र भदौमा एक अर्ब सात करोड ४० लाख रुपैयाँले सेयर धितो कर्जा बढेको थियो। तर, असोजमा भने त्यो ६५ करोड ९० लाख रुपैयाँले घटेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउँछ। सोही महिनामा व्यक्तिगत सेयर धितो कर्जाको सीमा हटाइएको थियो। त्यसपछि कात्तिकमा सेयर धितो कर्जा एक अर्ब २७ करोड ५० लाख रुपैयाँले बढेको छ। तर, यो अपेक्षाकृत नभएको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए।



मार्जिन प्रकृतिको कर्जाको बक्यौता अर्थात् आउटस्ट्यान्डिङको आधार यस्तो आँकडा देखिएको हो। गत असार मसान्तसम्म सेयर खरिद गर्न लगानीकर्ताले एक खर्ब ४० अर्ब ७० करोड ऋण लगेका थिए। त्यो साउन मसान्तसम्ममा एक खर्ब ४४ अर्ब ५३ करोड ५० लाख रुपैयाँ र भदौ मसान्तसम्ममा एक खर्ब ४५ अर्ब ६० करोड ९० लाख रुपैयाँ पुगेको थियो। तर, असोज मसान्तसम्म आउँदा त्यो घटेर एक खर्ब ४४ अर्ब ९५ करोड रुपैयाँमा सीमित भयो। कात्तिकमा त्यो एक अर्ब २७ करोड ५० लाख रुपैयाँ बढेर एक खर्ब ४६ अर्ब २२ करोड ५० लाख रुपैयाँ पुगेको हो। त्यसमा वाणिज्य बैंकबाट एक खर्ब २३ अर्ब ५१ करोड ३० लाख रुपैयाँ, विकास बैंकले १८ अर्ब ८८ करोड ९० लाख रुपैयाँ र वित्त कम्पनीबाट तीन अर्ब ८२ करोड ३० लाख रुपैयाँ कर्जा प्रवाह भएको छ।

एभरेष्ट बैंकका सिइओ सुदेश खालिङले सीमा हटाउँदा पनि सेयर धितो कर्जाको माग अपेक्षाकृत रूपमा नबढेको बताए। 'सीमा हटाएपछि सेयर धितो कर्जाको माग धेरै नै हुन्छ भन्ने आशा थियो। तर, अपेक्षा गरेजस्तो देखिएन,' उनले भने, 'अहिले कर्जाको माग जति छ, त्यसमा सेयर धितो कर्जा र ऊर्जातर्फ नै धेरै छ। तर, सेयर धितो कर्जामा जे अपेक्षा थियो, त्यो भएन।'

मुख्यतः सेयर बजारमा उत्साह नभएपछि कर्जाको माग नबढेको उनले बताए। २३ र २४ को जेन-जी आन्दोलनपछि सेयर बजारमा पनि अनिश्चितता छ। जेन-जी आन्दोलन र त्यसपछिको कर्फ्युका कारण सेयर बजार झन्डै डेढ साता बन्द भयो। नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले असोज २ गतेदेखि मात्रै सेयर कारोबार खुलाएको थियो। त्यसपछि बजार पनि घटेको थियो।

■ चार महिनामा सेयर बजारमा भएको लगानी र नेप्सेको अवस्था

महिना	थप कर्जा	कारोबार रकम	नेप्से परिसूचकको वृद्धि
साउन	३ अर्ब ८३ करोड ३० लाख	२ खर्ब ८९ अर्ब ५८ करोड	-६.४३
भदौ	१ अर्ब ७ करोड ४० लाख	९७ अर्ब १५ करोड	-१६१.११४
असोज	६५ करोड ९० लाख (ऋणात्मक)	६२ अर्ब ६० करोड	-१८५.०७
कात्तिक	१ अर्ब २७ करोड ५० लाख	७७ अर्ब ७९ करोड	५३.४०

तथ्यांकअनुसार असोजमा नेप्से १८५.०७ अंकले घट्दो थियो। भदौको अन्तिम कारोबार दिन नेप्से परिसूचक २६७२.२५ विन्दुमा थियो। असोजको अन्तिम कारोबार दिन त्यो घटेर २४८७.१७ विन्दुमा आयो। कात्तिकको अन्तिम कारोबार दिनसम्म आउँदा त्यो २५४०.५६ विन्दुमा उक्लियो। अर्थात्, कात्तिकमा ५३.४० अंकले नेप्से परिसूचक बढेको देखिन्छ। बिहीबार नेप्से परिसूचक २६०७.३७ विन्दुमा छ।

असोजमा घटे पनि कात्तिकपछि नेप्से परिसूचक बढ्दै आएको छ। तर, जेन-जी आन्दोलनअघिको अवस्थामा पुगेको छैन। अझै पनि सेयर बजारमा उत्साह देखिएको छैन। त्यसले गर्दा कर्जाको माग नबढेको हुन सक्ने सिइओ खालिङ बताउँछन्।

'ऋण लिएर सेयर बजारमा दीर्घकालीन लगानी गर्नुहुँदैन। किनकि, ऋणको ब्याज पनि धेरै तिर्नुपर्छ। त्यसमाथि यस्तो लगानीको प्रतिफल कहिले कति हुन्छ भन्ने पनि ग्यारेन्टी हुँदैन। यसैगरी ऋणको नियमित किस्ता पनि तिर्नु त पऱ्यो। त्यसो हुँदा ऋण लिएर दीर्घकालीन लगानी गर्दैन,' उनले भने, 'अल्पकालीन लगानी अर्थात् ट्रेडिङ प्रयोजनका लागि ऋण लिएर लगानी गर्ने हो। तर, अहिले सेयर बजारमा लगानी गरेर छोटो समयमै धेरै नाफा कमाउन सक्ने अवस्था देखिन्न। लगानीकर्ता पर्ख र हेरको अवस्थामा छन्। अहिले लगानीकर्तामा लगानी बढाउने कन्फिडेन्स नै देखिन्न। त्यसले गर्दा पनि कर्जाको माग भएनजस्तो लाग्छ।'

ऋण लिएर लगानी गर्दा ब्याज तिर्न पुग्ने गरी पनि प्रतिफल नआउने डर पनि कतिपय लगानीकर्तामा छ। जेन-जी आन्दोलनपछि सेयर बजार उच्चदरमा घटेपछि बजार बढाउने उद्देश्यअनुसार नै सीमा हटाइएको थियो। तर, त्यसको प्रभाव देखिएको छैन। राष्ट्र बैंकले साउन ०७८ देखि यस्तो कर्जामा विभिन्न सीमा तोक्दै आएको थियो। त्यसअघि बढेको सेयर बजार सेयर धितो कर्जामा सीमा तोकिएकै कारण घटेको भनेर विश्लेषण गरिएको थियो। तर, अहिले सीमा हटाउँदा पनि बजार बढ्न सकेको छैन।

सामान्यतः बैंकले निक्षेपमा दिने ब्याजदर बढ्दा सेयर बजार घट्ने र ब्याजदर घट्दा बजार बढ्ने पनि हुन्छ। किनकि, ब्याजदर बढ्दा लगानी निक्षेपमा आकर्षण हुन्छ। ब्याजदर घटेको अवस्थामा लगानी निक्षेपमा सेयर बजारमा आकर्षित हुन्छ।

अहिले बैंकले दिने ब्याजदर एकदमै न्यून छ। तर, निक्षेपमा लगानी गर्नेले सेयर बजारमा लगानी बढाउन सकेका छैनन्। अहिले बैंकमा ब्याजदर न्यून छ। तरलता पनि छ। तर, लगानीकर्ताले ऋण लिने आँट गरेका छैनन्।

एक बैंकरले अहिले बजार बढ्ने आधार पनि नभएको बताए। 'अहिले बजार बढ्ने आधार पनि छैन। बजारमा सूचीकृत कम्पनीहरूको आम्दानी खस्किएको छ। लाभांश पनि धेरै दिन सकेका छैनन्। त्यसले गर्दा सेयर बजार बढ्ने आधार छैन,' उक्त बैंकरले भने, 'अनि कर्जाको माग पनि भएन।'

सेयर लगानीकर्ता छोटेलाल रौनियारले पनि लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको बताए।

'जेन-जी आन्दोलन र त्यसपछिको अनिश्चिततले लगानीको वातावरण खलबलिएको छ। थप आन्दोलन हुने हल्लाले पनि लगानीकर्ता हच्किएका छन्। यस्ता क्युरा बजारले रुचाउँदैन पनि,' उनले भने, 'अहिले आमजनमानसको मनोबल पनि कमजोर छ। अहिले उद्योग, व्यापार क्षेत्रमा पनि लगानी बढेको देखिन्न। सेयर बजारमा पनि नयाँ र ठुला लगानीकर्ता प्रवेश गर्न सकेका छैनन्।'

यस्तै, पछिल्लो समय प्रि-आइपिओमा पनि लगानी 'डाइभर्ट' भएको उनले बताए। 'अहिले प्रि-आइपिओमा धेरै पैसा लगानी भएको छ। त्यसको असर पनि सेयर बजारमा परेको छ,' उनले भने, 'अहिले बजारमा शिथिलता नै छ। राष्ट्र बैंकले कर्जाको सीमा हटाएर समस्या समाधान हुँदैन। बैंकहरूलाई सेयर किन्न खुला गरेको अवस्थामा बजार बगाएको छ। पुलको निर्माण भौतिक प्रगति ८० प्रतिशत छ। ठेक्काको म्याद चैत ०८३ सम्म थपिएको भए तापनि निर्माण व्यवसायी निर्माणस्थलमा परिचालित भएको छैन।

त्यस्तै, रौतहटको चपुरबाट उत्तरतर्फस्थित गैंडाटार चाँदी पुल १० वर्षदेखि निर्माण अलपत्र छ। मकवानपुरको बकैया गाउँपालिका जोड्दै धरान-चतरा-हेटौंडा सडकखण्डसँग जोड्नसमेत प्रयोग हुने पुल तीनपटक म्याद थपि तापनि अझै निर्माण सम्पन्न हुन सकेको छैन। पुल निर्माण तत्काल सम्पन्न गर्न स्थानीयले अनशनलगायतका विभिन्न विरोधका कार्यक्रम गरेका थिए। पुल निर्माणको ठेक्का पप्पु-शिवशंकर जेभीले पाएको थियो।

तीन लाख ३१ हजार करदाताको ९५ अर्ब राजस्व बक्यौता

बक्यौता असुली लक्ष्यअनुसार हुन सकेन, सबैभन्दा बढी बक्यौता आयकरको



कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले उठाउनुपर्ने राजस्व बक्यौता झन्डै ९५ अर्ब पुगेको छ। कर कार्यालयले निर्धारण गरेको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा साबिकका कर समयमै उठाउन नसक्दा राजस्व बक्यौता रहन्छ। यसरी तोकिएको समयमा तीन लाख ३० हजार नौ सय १२ जना करदाताबाट त्यस्ता कर उठाउन नसक्दा ९४ अर्ब ९५ करोड राजस्व बक्यौता हुन पुगेको हो।

आन्तरिक राजस्व विभागले हालै सार्वजनिक गरेको आर्थिक वर्ष ०८१/८२ को वार्षिक प्रतिवेदनमा लक्ष्यअनुसार राजस्व बक्यौता असुल हुन नसकेको उल्लेख छ। 'कर कार्यालयले निर्धारण गरेको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा साबिक कर तोकिएको समयमा दाखिला नभए बक्यौता कायम रहन्छन्,' प्रतिवेदनमा उल्लेख छ, 'आव ०८१/८२ को अन्त्यसम्ममा आइपुग्दा लागेको ब्याज, थप दस्तुर, विलम्ब शुल्कसमेत उठ्न बाँकी कुल बक्यौता रकम ९४ अर्ब ९५ करोड रहेको छ।'



विभागको प्रतिवेदनअनुसार सबैभन्दा बढी बक्यौता आयकरअन्तर्गत रहेको छ। एक लाख ९२ हजार पाँच सय नौ करदाताबाट संकलन गर्नुपर्ने ५४ अर्ब ९६ करोड आयकर बक्यौता हुन पुगेको विभागले जनाएको छ। त्यस्तै, एक लाख ३६ हजार पाँच सय ४६ करदातासँग ३८ अर्ब ३४ करोड मूल्य अभिवृद्धि कर बक्यौता हुन पुगेको छ। विभागका अनुसार दुई सय ८७ करदाताबाट ६८ करोड अन्तःशुल्क बक्यौता उठाउन बाँकी छ। त्यस्तै, अन्य राजस्व बक्यौतामा एक हजार ६ सय ६० करदातासँग ९७ करोड रुपैयाँ असुल गर्न बाँकी छ। आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले समग्रमा राजस्व बक्यौता र बक्यौता समायोजनमा सन्तोषजनक प्रगति भएको बताए।

■ बक्यौता असुलीमा ५०% मात्रै प्रगति

कुनै पनि शीर्षकका राजस्व बक्यौता संकलनमा कर कार्यालयले लक्ष्य भेट्न सकेको देखिँदैन। आव ०८१/८२ मा आयकरतर्फ २२ अर्ब ७६ करोड बक्यौता संकलनको लक्ष्य रहेकोमा आठ अर्ब ७१ करोड असुल भएको विभागको तथ्यांक छ। आयकर बक्यौतामा लक्ष्यको तुलनामा ३८.२९ प्रतिशत प्रगति भएको देखिन्छ। त्यस्तै, मूल्य अभिवृद्धि करतर्फ १६ अर्ब ३३ करोड बक्यौता संकलनको लक्ष्य रहेकोमा १० अर्ब ३३ करोड असुल भएको विभागले उल्लेख गरेको छ। मूल्य अभिवृद्धि करको बक्यौता संकलनमा लक्ष्यको तुलनामा ६३.२८ प्रतिशत प्रगति भएको देखिन्छ। बक्यौता समायोजनमा भने शीर्षकअनुसार लक्ष्यनजिक र लक्ष्यभन्दा बढीसम्म प्रगति देखिन्छ। 'बक्यौता समायोजनतर्फ आयकरतर्फ २७ अर्ब ३८ करोड लक्ष्य रहेकोमा २१ अर्ब ३९ करोड प्रगति भई लक्ष्यको तुलनामा ७८.१ प्रतिशत प्रगति भएको छ,' प्रतिवेदनमा उल्लेख छ। 'मूल्य अभिवृद्धि करतर्फ १८ अर्ब १७ करोड समायोजनको लक्ष्य रहेकोमा २२ अर्ब २९ करोड प्रगति भई लक्ष्यको तुलनामा १२२.६३ प्रतिशत प्रगति भएको छ।' कानुनी कारबाही गरी असुल गर्ने कुल लक्ष्य चार अर्ब ३९ करोड रहेकोमा एक अर्ब ७९ करोड असुली भई लक्ष्यको तुलनामा ४०.७७ प्रतिशत प्रगति भएको प्रतिवेदनमा उल्लेख छ।

■ पौने दुई खर्बको कर विवादमा

कर कार्यालयहरूले निर्धारण गरेका करउपर चित्त नबुझेमा करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनमा जान सक्ने व्यवस्था छ। त्यस्तै, विभागको प्रशासकीय पुनरावलोकनबाट समेत चित्त नबुझे राजस्व न्यायाधिकरणमा अपिल गर्न पाउने व्यवस्था रहेको छ। यसरी कर कार्यालयले निर्धारण गरेको, तर करदाताले चित्त नबुझाई प्रशासकीय र न्यायिक पुनरावलोकनमा गएको रकम पौने दुई खर्ब रुपैयाँबराबर पुगेको छ। 'कर कार्यालयहरूबाट भएको कर निर्धारणउपर करदाताले चित्त नबुझाई आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनमा रहेको तथा अन्य न्यायिक निकायमा अपिलमा रहेको विवादित रकम एक खर्ब ८० अर्ब १० करोड रहेको छ,' विभागको प्रतिवेदनमा उल्लेख छ।

कर्णालीको रैथाने उत्पादनको आउटलेट काठमाडौंमा पनि

जुम्ला/ चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्था जुम्लाले काठमाडौंमा पनि रैथाने बाली उत्पादनको आउटलेट कोसेली घर सञ्चालनमा ल्याएको छ। माथिल्लो कर्णाली विशेष गरी जुम्ला र कालिकोट, मुगु, डोल्पा, हुम्लामा उत्पादित रैथाने बालीको बजारीकरण गर्न भद्रकालीमा कोसेली घर सञ्चालनमा ल्याएको हो। यसअघि जुम्लाको सदरमुकाम खलंगा, कालीकोटको सीमाक्षेत्र नाम्म बजार र कर्णाली प्रदेश राजधानी सुर्खेतको विमानस्थलमा आउटलेट सञ्चालनमा ल्याएको सहकारीकी अध्यक्ष विष्णुमाया बुढाले बताइन्।

कोसेली घरमा मार्सी चामल, सिमी, चिनो, कागुनो, चिया, टिमुर, मह, गहत र रैथाने राडीपाखी, खरायोको टोपी, लिउ, शिलाजित, कोदो, जिम्बु, टिमुर, जौको सातु, फापरको पिठो, ओखर, भटमासलगायत कर्णालीमा उत्पादन भएका ४२ भन्दा बढी प्रकारका खाद्यवस्तु राखिएका छन्।

रौतहट र सर्लाही जोड्ने पुल निर्माण अलपत्र

काठमाडौं/ मधेश प्रदेशका रौतहट र सर्लाहीका विभिन्न ठाउँमा पुल समयमै निर्माण नहुँदा स्थानीय बासिन्दा सास्ती व्यहोर्न बाध्य भएका छन्। पुल निर्माणका लागि ठेक्का लगाएको भए पनि काम हुन नसक्दा पुल निर्माण अलपत्र छ।

रौतहट र सर्लाही जिल्ला जोड्न बागमती नदीमा दुईवटा पुल अलपत्र हुँदा यात्रुहरू वर्षौंदेखि जोखिमपूर्ण एवं कष्टकर यात्रा गर्न बाध्य छन्। जनजीवन प्रभावित भएको छ। दुवै पुलले सर्लाही र रौतहट मात्र नभएर पर्सा, बारा, रौटहटलाई मधेश प्रदेशको राजधानी जनकपुरलाई जोड्नेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले शुक्रबार साँझ पुल निरीक्षण गरी निर्माण प्रगतिका बारेमा जानकारी लिएका छन्।

रौतहटको दुर्गाभगवती गाउँपालिका र सर्लाहीको रामनगर गाउँपालिका जोड्ने बागमती नदी (गंगा पिपरा)को सात सय मिटर लामो पुल अलपत्र छ। पुल निर्माणका लागि असार ०७३ मा टुन्डी-रसुवा-पप्पु संयुक्त उपक्रम (जेभी)सँग ८६ करोड ३७ लाख रुपैयाँ (करसहित)मा ठेक्का सम्झौता भएको थियो। पछिल्लोपटक थपिएको ठेक्का सम्झौताको म्यादबमोजिम पुल निर्माण १३ कात्तिक ०८३ भित्र सम्पन्न गर्नुपर्नेछ। गत वर्षको असोजमा बागमती नदीमा आएको बाढीले पुलको एक स्पान र एक जग (फाउन्डेसन)

वाणिज्य बैंकको नाफामा १३.११ प्रतिशतको गिरावट

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो चार महिनामा वाणिज्य बैंकहरूको नाफा १३.११ प्रतिशतले घटेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आवको कात्तिक मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो। चालू आवको पहिलो चार महिनामा बैंकहरूले १९ अर्ब ३७ करोड ५० लाख रुपैयाँ नाफा कमाएका छन्। गत आवको कात्तिक मसान्तसम्म भने उनीहरूको नाफा २२ अर्ब २९ करोड ९० लाख रुपैयाँ थियो। यो लेखा परीक्षणअघिको नाफा हो। हाल नेपालमा सञ्चालित २० वाणिज्य बैंकले गत आवमा ७१ अर्ब ५१ करोड १० लाख रुपैयाँ खुद नाफा कमाएका थिए।

जेन-जी आन्दोलनको असरका कारण बैंकहरूको नाफा प्रभावित भएको बताइएको छ। जेन-जी आन्दोलनका क्रममा व्यावसायिक संघ-संस्थामाथि तोडफोड तथा आक्रमण भयो। त्यसले व्यापार-व्यवसाय प्रभावित भयो। व्यापार-व्यवसाय नै नभएपछि ऋणको साँवा तथा ब्याजको किस्ता असुली हुन सकेको छैन। त्यसरी असुली नभएको ऋणमा प्रोभिजनिङ राख्नुपरेपछि नाफा प्रभावित भएको बैंकरहरू बताउँछन्।

कुन बैंकको कति नाफा ?

समीक्षा अवधिमा ग्लोबल आइएमई बैंकले सबैभन्दा धेरै दुई अर्ब ५१ करोड ३७ लाख रुपैयाँ नाफा कमाएको छ। दोस्रोमा नबिल बैंकले दुई अर्ब ४६ करोड ७१ लाख, तेस्रोमा प्राइम कमर्सियल बैंकले एक अर्ब ५८ करोड ६० लाख रुपैयाँ नाफा कमाएको छ। यस्तै, एभरेष्ट बैंकले एक अर्ब ५१ करोड ३४ लाख, एनएमबि बैंकले एक अर्ब २७ करोड ५७ लाख, कुमारी बैंकले एक अर्ब १८ करोड दुई लाख, राष्ट्रिय वाणिज्य बैंकले एक अर्ब १३ करोड ४४ लाख र स्ट्यान्डर्ड चार्टर्ड बैंकले ९१ करोड ५८ लाख रुपैयाँ नाफा कमाएको छ।

यसैगरी, हिमालयन बैंकले ८२ करोड ३२ लाख, नेपाल बैंकले ८० करोड ९८ लाख, सानिमा बैंकले ७७ करोड ९२ लाख, प्रभु बैंकले ७३ करोड ७७ लाख, नेपाल एसबिआई बैंकले ६७ करोड २० लाख, सिद्धार्थ बैंकले ६६ करोड २७ लाख, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ६३ करोड नौ लाख र लक्ष्मी सनराइज बैंकले ६२ करोड ८१ लाख रुपैयाँ नाफा कमाएको छ। माछापुच्छ्रे बैंकले ६० करोड ९९ लाख, एनआइसी एसियाले ३४ करोड ३४ लाख, कृषि विकास बैंकले सात करोड ४९ लाख र सिटिजन्सले एक करोड ६४ लाख रुपैयाँ खुद नाफा कमाएको छ।

तथ्यांकमा वाणिज्य बैंकको नाफा

ग्लोबल आइएमई बैंक	२ अर्ब ५१ करोड ३७ लाख
नबिल बैंक	२ अर्ब ४६ करोड ७१ लाख
प्राइम कमर्सियल	१ अर्ब ५८ करोड ६० लाख
एभरेष्ट बैंक	१ अर्ब ५१ करोड ३४ लाख
एनएमबि बैंक	१ अर्ब २७ करोड ५७ लाख
कुमारी	१ अर्ब १८ करोड २ लाख
राष्ट्रिय वाणिज्य बैंक	१ अर्ब १३ करोड ४४ लाख
स्ट्यान्डर्ड चार्टर्ड	९१ करोड ५८ लाख
हिमालयन	८२ करोड ३२ लाख
नेपाल बैंक	८० करोड ९८ लाख
सानिमा बैंक	७७ करोड ९२ लाख
प्रभु बैंक	७३ करोड ७७ लाख
नेपाल एसबिआई	६७ करोड २० लाख
सिद्धार्थ	६६ करोड २७ लाख
नेपाल इन्भेष्टमेन्ट मेगा	६३ करोड ९ लाख
लक्ष्मी सनराइज	६२ करोड ८१ लाख
माछापुच्छ्रे	६० करोड ९९ लाख
एनआइसी एसिया	३४ करोड ३४ लाख रुपैयाँ
कृषि विकास	७ करोड ४९ लाख
सिटिजन्स बैंक	१ करोड ६४ लाख

स्रोत : नेपाल राष्ट्र बैंक

पुरस्कार राशी रु.३,५१,१११/-

सूचना सूचना सूचना

हीरालाल केडिया ज्योर्तिगमय सम्मानपत्र

२०८२ को प्रस्ताव निवेदन आहवानसम्बन्धी सूचना

महावीर प्रसाद वृजलाल केडिया सेवा ट्रष्टद्वारा स्थापित हीरालाल केडिया ज्योर्तिगमय सम्मानपत्र राम कुमार महावीर प्रसाद केडिया आँखा अस्पतालको स्वर्ण महोत्सव वर्षदेखि प्रदान गरिँदै आएको जानकारी गराउँदछौं । यस वर्ष २०८२ को सम्मानको लागि तल उल्लेखित शर्त पूरा गर्ने व्यक्तित्वहरूबाट प्रस्ताव निवेदन आह्वान गरिएको सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू:

१. यस सम्मानका लागि आँखा क्षेत्रमा न्यूनतम् २० वर्ष अनवरत सेवा गरेको हुनुपर्ने छ । छनौट हुने व्यक्तिको उमेर ४५ वर्षभन्दा बढी र उदाहरणीय कार्य गरेको हुनुपर्ने छ । तर ,नयाँ प्रविधिको विकास गरेका वा युगान्तकारी कार्य गरेका व्यक्तिको लागि उमेरको हद र कार्य अवधि लागू हुने छैन ।
२. यो सम्मानका लागि आँखा क्षेत्रमा काम गर्ने समाजसेवी, नागरिक अभियन्ता, नेत्र विशेषज्ञ, पारामेडिकल र प्रशासनिक कर्मचारीहरू मात्र योग्य हुने छन् ।
३. सम्मान लागि प्रस्तावित व्यक्तिले गर्नुभएको काम र निजले आँखा क्षेत्रमा पुऱ्याएको योगदानलाई उल्लेख गरी प्रस्तावकले छनौट समितिमा २०८२ माघ ०७ गतेभित्र सम्पूर्ण विवरण पेश गर्नुपर्ने छ ।
४. हीरालाल केडिया ज्योर्तिगमय सम्मानको लागि प्रस्तावित व्यक्ति अविवादित र कुनै प्रकारको अभियोग नलागेको हुनुपर्ने छ ।
५. यो सम्मान एक पटक प्राप्त गरेका व्यक्तिलाई सोही योगदानका आधारमा अर्को पटक सम्मानित गरिने छैन । तर, एउटै व्यक्तिले फरक कार्य गरी उदाहरण स्थापित गरेमा, नयाँ खोज गरेमा वा नयाँ प्रविधि विकास गरी परिवर्तन ल्याएमा पुनः सम्मानको लागि छनौट हुन बाधा पुग्ने छैन ।
६. पठाउनु पर्ने सम्पूर्ण विवरण तल उल्लेखित इमेल ठेगानामा पठाई दिनुपर्ने छ ।
Awardcommitee@kediaeyes.org
७. यस सम्मानको छनौट समितिले सिफारिस गरेको व्यक्तित्वलाई पूर्वजानकारी गराई मिति २०८२ फाल्गुन १२ गते, राम कुमार महावीर प्रसाद केडिया आँखा अस्पतालको ५१ औं वार्षिक उत्सवको दिन यो सम्मान प्रदान गरिने छ ।
८. विशेष परिस्थितिबाहेक छनौट समिति नै अधिकार सम्पन्न समिति हुनेछ र समितिले घोषणा गरेको नाम र निर्णय अन्तिम हुनेछ ।

रामकुमार महावीर प्रसाद
केडिया आँखा अस्पताल
परवानीपुर-४, वीरगञ्ज, नेपाल
Sight Saving Service

भावपूर्ण
श्रद्धाञ्जली



स्व. कुल बहादुर श्रेष्ठ

हाम्रा बहिनी, ज्वाई/दिदि भिनाजु, नारायणी श्रेष्ठ/प्रा.डा. राममनोहर श्रेष्ठ, पुर्व प्रधानन्यायाधिस कल्याण श्रेष्ठ र डा. पुकार श्रेष्ठको पुजनिय पिताजी पुर्व न्यायाधिस **कुल बहादुर श्रेष्ठ**ज्यु को दुःखद निधन भएको आज १३औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

पुरुषोत्तम मान श्रेष्ठ
एवं परिवार

दुर्गा/सुरेन्द्र बहादुर भारिजू
एवं परिवार

मुक्तिनाथ विकास बैंकले गऱ्यो स्याङ्जा प्रहरीलाई सामग्री सहयोग



कास्की/ मुक्तिनाथ विकास बैंकले जिल्ला प्रहरी कार्यालय स्याङ्जालाई आवश्यक सामग्री सहयोग गरेको छ। बैंकको स्याङ्जा शाखाले समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जनचेतनामूलक सन्देश प्रवाहका लागि आवश्यक स्मार्ट टेलिभिजनलगायतका सामग्री सहयोग गरेको हो।

बैंकका सञ्चालक भरतप्रसाद लम्साल र बैंकका उपक्षेत्रीय कार्यालय स्याङ्जाका निर्देशक ऋषिराम ढकालले सहयोग गरिएका सामग्री स्याङ्जाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक दधिराम न्यौपानेलाई हस्तान्तरण गरे। सहयोग हस्तान्तरणपछि सञ्चालक लम्सालले प्रहरीको कामलाई सहज बनाउन बैंकले सहयोग गरेको बताए। त्यस्तै, प्रहरी उपरीक्षक न्यौपानेले सबैको साथ र सहयोगले प्रहरीलाई आफ्नो दैनिक कार्य गर्न सहज भएको बताउँदै बैंकले सहयोग गरेकोमा धन्यवाद दिए।

सहयोगप्राप्त टेलिभिजन कार्यालयको प्रतीक्षालयमा राखिने र सेवाग्राहीले प्रतीक्षालयमै बसेर प्रहरीले जारी गरेको सन्देशमूलक श्रव्य तथा दृश्य सामग्री हेर्न र सुन्न सक्नेछन्। जसले गर्दा समाजमा हुने घट्नामा कमी आउने प्रहरीले अपेक्षा गरेको उनले बताए। निर्देशक ढकालले बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक काममा सहयोग गर्दै आएको र सोही क्रममा यो सहयोग हस्तान्तरण गरिएको बताए।

सूर्यज्योति लाइफको बोनस दर सार्वजनिक

काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्सले आर्थिक वर्ष ०८१/८२ को बिमांकीय मूल्यांकन प्रतिवेदनका आधारमा नयाँ बोनसदर सार्वजनिक गरेको छ। नेपाल बिमा प्रधिकरणले स्वीकृत गरेको बिमांकीय मूल्यांकन प्रतिवेदनका आधारमा कम्पनीले सावधिक जीवन बिमा योजनाहरूमा न्यूनतम ४० देखि ७५ रुपैयाँसम्म बोनस दिने भएको हो।

साथै, सावधिक तथा आजीवन जीवन बिमा योजनाहरूमा न्यूनतम ४० देखि ७५ रुपैयाँ, अग्रिम भुक्तानी सावधिक जीवन बिमा यो जनाहरूमा न्यूनतम ४२ देखि ६० रुपैयाँ, वार्षिक अग्रिम भुक्तानीमा न्यूनतम ३८ देखि ४७ रुपैयाँ र चौरासी पूजा जीवन बिमा यो जनाहरूमा न्यूनतम ४५ देखि ९० रुपैयाँसम्म बोनस दिने भएको छ।

कम्पनीले जीवन बिमा क्षेत्रमै पहिलो सर्वाधिक ३५ घातक रोगविरुद्ध ५० लाख रुपैयाँसम्मको उपचार खर्चको सुविधा प्रदान गर्ने एक मात्र पहिलो कम्पनी बन्दै आइएसओ ९००१-२०१५ द्वारा विभूषित भएको एक मात्र जीवन बिमा कम्पनी बन्न सफल पनि भएको छ।

'ग्रासरुट टेनिस'का लागि सिद्धार्थको सहयोग



कास्की/ सिद्धार्थ बैंकले पोखरामा सञ्चालन भइरहेको 'ग्रासरुट टेनिस'का लागि आर्थिक सहयोग गरेको छ। गण्डकी प्रदेश टेनिस संघले पोखरा रंगशालामा सञ्चालन गरेको 'ग्रासरुट टेनिस' प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि बैंकले प्रत्येक वर्ष नगद दुई लाख सहयोग गर्दै आएको छ। आर्थिक सहयोगसँगै बैंकको पोखरा लेकसाइडस्थित शाखाका प्रबन्धक अनिरुद्ध बरालले प्रशिक्षणमा रहेका ३० जना बालबालिकालाई शनिबार ट्र्याकसुट वितरण गरेका थिए। संघले बालबालिकाको क्षेत्रमा महत्त्वपूर्ण कार्य गरेकाले बैंकले सहकार्य गरेको बताउँदै यस्ता काममा बैंकले आउँदा दिनमा आफ्नो सहकार्यलाई निरन्तरता दिने बताएका थिए।

संघका महासचिव चालिसेले बैंकले संघलाई प्रत्येक वर्ष दुई लाख आर्थिक सहयोग गर्दै आएको जानकारी दिँदै सो सहयोग गरिब तथा विपन्न वर्गका बालबालिकाका लागि प्रशिक्षणसँगै अन्य काममा खर्च गर्दै आएको बताए।

नेपाल लाइफको बोनसदर सार्वजनिक

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले नयाँ बोनसदर सार्वजनिक गरेको छ। कम्पनीले आर्थिक वर्ष ०८१/८२ का लागि बोनसदर घोषणा गरेको छ। कम्पनीले बिमितलाई प्रतिहजार न्यूनतम ५५ रुपैयाँदेखि अधिकतममा ८५ रुपैयाँसम्म बोनसदर निर्धारण गरेको छ। कम्पनीले गत आवको स्थितिको लेखाजोखा र दायित्वको मूल्यांकनसम्बन्धी बिमांकीय प्रतिवेदनका आधारमा ०८१/८२ का लागि नयाँ बोनसदर घोषणा गरेको हो। कम्पनीले सञ्चालनमा ल्याएको मुनाफामा सरिक हुने गरी जारी गरिएका सबै किसिमका जीवन बिमालेखअन्तर्गत नयाँ बोनसदर लागू हुने जनाएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कम्पनीले लिएका रणनीतिक निर्णयका कारण नै बोनसदरलाई स्थिर राख्न सफल भएको बताए। कम्पनीका अनुसार सावधिक जीवन बिमालेख (सुरक्षित जीवन, जीवनज्योति, ग्रामीण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बिमा, जीवनलक्ष्मी, जीवन उदय एकल)अन्तर्गत बिमालेखमा ६० देखि ८२ रुपैयाँ प्रतिहजार बोनसदर कायम गरिएको छ।

त्यस्तै, सावधिक जीवन बिमालेख (नौलो सुरक्षित, नौलो केटाकेटी जीवन बिमा)अन्तर्गत बिमालेखअन्तर्गत ६५ देखि ८२ रुपैयाँ कायम गरिएको बताइएको छ। सावधिक जीवन बिमालेख (जीवन समुन्नत) योजनामा न्यूनतम ५६ देखि अधिकतम ७० रुपैयाँ प्रतिहजार कायम गरिएको छ।

नेपाल बैंक र पाटन हेल्थ ल्याब प्रालिबिच सम्झौता



काठमाडौं/ नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकले पाटन हेल्थ ल्याबमा छुट पाउने भएका छन्। छुटसम्बन्धी सम्झौतामा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र पाटन हेल्थका तर्फबाट प्रबन्ध निर्देशक सरिता खड्काले हस्ताक्षर गरे।

यसअनुसार ललितपुर थसिखेलमा रहेको हेल्थ ल्याबमा बैंकका कर्मचारी तथा ग्राहकले प्याथोलोजी ल्याबका विविध सेवामा १० देखि ३० प्रतिशतसम्म छुट पाउनेछन्। यो सहयकाबाट बैंकका कर्मचारी तथा ग्राहक सहुलियतपूर्ण स्वास्थ्य सेवाबाट लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

परिसंघ र सामाजिक सुरक्षा कोषबिच समझदारी

काठमाडौं/ नेपाल उद्योग परिसंघ र सामाजिक सुरक्षा कोषबिच श्रमिकको सुरक्षा सुदृढ गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ। दुवै संस्थाले उद्योग क्षेत्रमा सामाजिक सुरक्षाबारे जागरण बढाउन र श्रमिकलाई योजनामा आबद्ध गराउन समझदारी गरेका हुन्। सहकार्यअन्तर्गत परिसंघले आफ्ना सदस्य उद्योगलाई सामाजिक सुरक्षा योजनामा जोड्न सहयोग गर्ने, देशभर सचेतना कार्यक्रम सञ्चालन गर्ने, आवश्यक जानकारी उपलब्ध गराउने तथा श्रमिकको दीर्घकालीन हित सुनिश्चित गर्ने उद्देश्य रहेको छ।

सम्झौता कार्यक्रममा परिसंघ अध्यक्ष वीरेन्द्रराज पाण्डेले यो सहकार्य श्रमिक र उद्योग दुवैका लागि अत्यन्त महत्त्वपूर्ण भएको उल्लेख गरे। उद्योगीलाई कोषमा आबद्ध गराउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै साझेदारीले सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यावहारिक र पहुँचयोग्य बनाउन मद्दत गर्ने उनको विश्वास छ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले सबै क्षेत्रका श्रमिक र रोजगारदाताको सक्रिय सहभागिता अभिवृद्धि गर्न र दर्ता प्रणालीमा समाहित हुन सहयोग गर्नमा यो सहकार्यले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। त्यस्तै, कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सामाजिक सुरक्षा प्रणालीलाई अझ सुदृढ बनाउँदै लैजान र श्रमिकका सुविधालाई विस्तार गर्दै लैजान यो सहकार्यले सघाउने बताए।

NIMB

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०८/२८)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४९२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(सांविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने सांवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : मेक बहादुर गुरुङ्ग (विविध कर्जा) -शाखा कार्यालय परस्याङ्ग,** (ना.प्र.नं. ५११०४७/२८, मिति २०६५/०३/१७ मा जि.प्र.का. पर्वतबाट जारी भएको), ठेगाना : बहाकीठाँटी १, पर्वत, बाबु: प्रेम बहादुर गुरुङ्ग, बाजे: रन सिं गुरुङ्ग **व्यक्तिगत जमानीकर्ताहरु :** **१. हरिकला गुरुङ्ग -जमानीकर्ता** (ना.प्र.नं.५६०३, मिति २०४८/१२/०६ मा जि.प्र.का. पर्वतबाट जारी भएको), पति : प्रेम बहादुर गुरुङ्ग, ससुरा : रन सिं गुरुङ्ग **२. प्रेम प्रसाद गुरुङ्ग -जमानीकर्ता** (ना.प्र.नं.५६०२, मिति २०४८/१२/०६ मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : रन सिं गुरुङ्ग, बाजे : शेर बहादुर गुरुङ्ग **३. कल्पना गुरुङ्ग -जमानीकर्ता** (ना.प्र.नं.४६१०३५/५२१, मिति २०६७/०१/०८ मा जि.प्र.का.कास्कीबाट जारी भएको) पति : होम बहादुर गुरुङ्ग, ससुरा : प्रेम बहादुर गुरुङ्ग	४.	**ऋणी : जनक कुमार श्रेष्ठ (व्यक्तिगत कर्जा) -शाखा कार्यालय हेटौडा,** (ना.प्र.नं.९७४१, मिति २०४४/११/२६ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), ठेगाना : हेटौडा ४, पारीजातपथ मकवानपुर बाबु : चन्द्र बहादुर श्रेष्ठ, बाजे : हर्ष बहादुर श्रेष्ठ **व्यक्तिगत जमानीकर्ता :** **टिका कुमारी श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं.२१३४१, मिति २०४८/०६/११ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको) पति : जनक कुमार श्रेष्ठ, ससुरा : चन्द्र बहादुर श्रेष्ठ
२.	**ऋणी : न्यू अर्घा भगवति टेलर्स (आवधिक कर्जा) -शाखा कार्यालय अर्घाखाँची,** प्रा.फ.द.न : २४/०७७/०७८, ठेगाना : सन्धिखर्क न.पा. २ अर्घाखाँची **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रमेश दमाई -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.९३५१/६२७१, मिति २०५८/०८/२८ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) बाबु : खुद बहादुर दमाई, बाजे : भक्त बहादुर दमाई **२. निर्मला दमाई -जमानीकर्ता** (ना.प्र.नं. ४०३०१६/१९५, मिति २०६३/११/२५ मा जि.प्र.का.अर्घाखाँचीबाट जारी भएको) पति : रमेश दमाई (परियार), ससुरा : खुद बहादुर दमाई **३. कुवारी दमाई -जमानीकर्ता** (ना.प्र.नं. ५४१/२९५३, मिति २०४४/११/०१ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) पति : खुद बहादुर दमाई, ससुरा : भक्त बहादुर दमाई	५.	**ऋणी : श्रीजना कस्मेटिक पसल (आवधिक कर्जा) -शाखा कार्यालय अर्घाखाँची,** प्रा.फ.दर्ता.नं. : ३५१६/२०७७/०७८, ठेगाना : सन्धिखर्क न.पा. २ अर्घाखाँची **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रिता काफ्ले -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३६-०१-७२-०३५३१, मिति २०७२/०६/०६ मा जि.प्र.का.नवलपरासीबाट जारी भएको) पति : दुर्गा काफ्ले, ससुरा : मधु काफ्ले **२. दुर्गा काफ्ले -जमानीकर्ता** (ना.प्र.नं.३६१०५५/१११०, मिति २०६६/११/१९ मा जि.प्र.का.नवलपरासीबाट जारी भएको) बाबु : मधु काफ्ले, बाजे : इन्द्र लाल काफ्ले
३.	**ऋणी : सम्झना लामा (पेशागत कर्जा) -शाखा कार्यालय चावहिल,** (ना.प्र.नं. १४३२४६, मिति २०६२/०५/२७ मा जि.प्र.का.काभ्रेपलाञ्चोकबाट जारी भएको), ठेगाना : कानपुर १, काभ्रेपलाञ्चोक हाल खरिवोट कपन काठमाडौं, बाबु : सुर्य तामाड , बाजे : साजी तामाड **व्यक्तिगत जमानीकर्ता :** **राजेन्द्र लामा -जमानीकर्ता** (ना.प्र.नं.३०-०१-७०-०५९२५, मिति २०७०/०५/१३ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको), बाबु: सुर्य तामाड, बाजे: साजी तामाड		

Nepal Electricity Authority

Notice Regarding Intent to Accept the Bid

Notice Publication Date : 2082/08/28

Name & Address of Office	IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
Butwal Grid Division (Tel. No. 071-437302)	SQ/BGD/2082/083-03	M/s Gupta Multi Engineering Marketing Concern, Birjung-3 Parsha	NRs. 7,42,034.84
	SQ/BGD/2082/083-05	M/s Prabidhi Construction Pvt. Ltd. Kathmandu -11	NRs. 9,46,967.12
	SQ/BGD/2082/083-06	M/s Prabidhi Construction Pvt. Ltd. Kathmandu -11	NRs. 7,84,411.08
Chilime Trishuli 220kV Transmission Line Project (Tel. No. 6616784)	NCB-CHTHSS-81/82-RCC	M/s Dhachha Nirman Sewa Balaju-16 Kathmandu, Nepal	NRs. 4,05,28,831.42

NIC ASIA

एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७०७०७
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी : सुमन पौडेल** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, चापाकोट न.पा. वडा नं. ४, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २, बाबु : राम प्रसाद पौडेल, बाजे : मेधन प्रसाद पौडेल
२)	**ऋणी फर्म : डि बि आशा चुनिक कलेक्सन, प्रोप्राईटर तथा जमानीकर्ता : आशा देवि थापा** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुरमा प्रा.फ.र.नं : १५५१/०७७/७८, दर्ता मिति : २०७७/१०/०९, ठेगाना : जिल्ला कञ्चनपुर, दोधारा चाँदनी न.पा. वडा नं. ७
३)	**ऋणी फर्म : पासा इन्टरनेशनल, प्रोपाईटर तथा जमानतकर्ता : सुमन कुमार श्रेष्ठ** दर्ता नं.: उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा, प्रा.फ.र.नं. ६१२१७/०५२/६० स.पा.आ.नि., दर्ता मिति: २०५२/०८/२६, ठेगाना : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २४
४)	**१) ऋणी कम्पनी : राही क्रिएशन प्रा.लि., संचालक तथा जमानतकर्ता : मो.सबनम प्रवेज** दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, कम्पनी दर्ता नं. १९०७४७/७४/०७५, दर्ता मिति:२०७५/०२/२०, ठेगाना : जिल्ला ललितपुर, महालक्ष्मी न.पा. वडा नं. ५
	२) ऋणी : कुसुम पराजुली स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २, हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ५ बाबु : सूर्यबहादुर पराजुली, ससुरा : मो.मोबान आलम, पति : मो. सबनम प्रवेज
५)	**१) ऋणी फर्म : भूमिका कृषि फर्म , प्रोप्राईटर तथा जमानीकर्ता : भुपेन्द्र प्रसाद यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरीमा, प्रा.फा.नं. १५२४९/०७६/७७ अर्न्तगत मिति: २०७६/०८/०३, ठेगाना : जिल्ला सुनसरी, बर्जू गा.पा. वडा नं. ०६
	२) ऋणि : भुपेन्द्र प्रसाद यादव स्थायी ठेगाना : सुनसरी जिल्ला, घुस्की गा.वि.स. वडा नं ०२, हालको ठेगाना : सूनसरी जिल्ला, बर्जू गा.पा. वडा नं. ०२, बाबु : राम प्रसाद यादव, बाजे : उचित यादव
	३) ऋणी फर्म : आदित्य जेनरल स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : तारा कुमारी यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरीमा, प्रा.फ.र.नं. १०३१४/०७८/०७९ अर्न्तगत मिति: २०७८/०५/२७, ठेगाना : जिल्ला सुनसरी, बर्जू गा.पा. वडा नं. ०६
६)	**ऋणी कम्पनी : दिगो सप्लायर्स प्रा. लि., संचालक तथा जमानतकर्ता : अनिश हुमागाई** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. : २८१५५७/०७८/०७९, दर्ता मिति: २०७८/०९/२८, ठेगाना : जिल्ला काठमाडौं, काठेश्वरी मनोहरा न.पा. वडा नं. ४

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Request for Proposal

First Published Date: 14/12/2025

Nabil Bank Ltd. invites sealed bid proposals from interested firms/companies for providing services related to Brand Protection & Dark Web Monitoring.

Terms and Conditions:

1. Eligibility Criteria:

- A registered legal entity incorporated under relevant act of their respective country.
- Must be authorised sale/support/service partner for the Brand Protection and Dark Web Monitoring solution.
- The bidder or the distributor/ OEM associated with the bid should have implemented Brand Protection and Dark Web Monitoring solution in Banks and Financial Institutions (BFIs). Only completed/ On-going/ initiated projects would be considered for evaluation.
- Not have been criminally prosecuted/blacklisted by any authority, Bank and financial Institution mainly on fraud, money laundering or any other act prohibited by law.

2. RFP documents with detailed Scope of works, Terms & Conditions can be received upon submission of a request letter in the official company letterhead along with proof of deposit of **non-refundable application fee of NPR 10,000/- (In words: NPR. Ten Thousand Only) to the bank.** Companies in Nepal are requested to physically visit the bank to submit the request letter along with proof of deposit and collect the RFP document from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal.** Whereas, Companies outside of Nepal can email their request letter along with proof of deposit to **admin@nabilbank.com t**o request the RFP document.

a. **In case service provider firm/companies are from Nepal**, deposit of NPR. 10,000/- is to be made in any of the following bank account:

A/C Name: Miscellaneous Deposit Receipt
A/C Number: 93254001006
Bank: Nabil Bank Limited, Head Office
Bank BIC (Swift code): NARBNPKA (for international transfers)
Purpose of Deposit/Transfer: <<Bid REF code>> <<Bidder's Name>>

b. **In case service provider firm/companies are from India**, deposit of INR equivalent to NPR. 10,000/- is to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., Kolkata	ICICI Bank Ltd., Mumbai	Axis Bank Ltd., Silgudi
A/C Name: Nabil Bank Ltd. A/C No. 33105139469 SWIFT code: SCBLINBB IFSC code: SCBL0036001	A/C Name: Nabil Bank Ltd. A/C No. 000405075236 SWIFT code: ICICINBB IFSC code: ICIC0000004	A/C Name: Nabil Bank Ltd. A/C No. O35010200025230 SWIFT Code: AXISINBB IFSC code: UTIB0000035

c. **In case service provider firm/companies are from countries other than India,** deposit of USD equivalent to NPR. 10,000/- to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., Kolkata	ICICI Bank Ltd., Mumbai
A/C Name: Nabil Bank Ltd. A/C No. 33105139469 SWIFT code: SCBLINBB IFSC code: SCBL0036001	A/C Name: Nabil Bank Ltd. A/C No. 000405075236 SWIFT code: ICICINBB IFSC code: ICIC0000004

3. The Physical copy of Proposal document along with copy of other supporting documents must be submitted to **Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM, 12th January, 2025 i.e. 28th of Poush 2082.** Bid documents received after the deadline of the submission will not be accepted.
4. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening day as well.
5. The received Bids shall be opened at **Nabil Bank Ltd, Ghantaghar, Kathmandu, at 11:00. A.M. on 13th January ,2025 i.e. 29th of Poush 2082.** Non-attendance of any or all the bidder's representatives shall not hinder the opening of the bid.
6. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®

Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871



लगातार ६ जित निकाल्दै लुम्बिनी च्याम्पियन

गत सिजन पुछारमा रहेको लुम्बिनीले दोस्रो सिजनको फाइनलमा सुदूरपश्चिमलाई हराउँदै जित्यो उपाधि



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को १३औँ खेलमा सुदूरपश्चिम रोयल्ससँग सात विकेटले पराजित हुँदा लुम्बिनी लोयल्स लिग चरणबाटै बाहिरिने अवस्थामा थियो । लिगको १७औँ खेलमा पोखरा एभेन्जर्ससँग भिड्दा लुम्बिनी गर या मरको अवस्थामा पुगेको थियो । यो खेलमा पराजित हुँदा लुम्बिनीको शीर्ष चारको स्थान समीकरण समाप्त हुने थियो । तर, उसले पोखरालाई तीन विकेटले हराउँदै प्लेअफ आशा कायमै राख्यो । पोखराविरुद्धको जित लुम्बिनीलाई 'लक्की' साबित भयो ।

त्यसपछि लुम्बिनीले खेलमा फर्केर हेर्नुपरेन । लगातार ६ खेल जित्दै दोस्रो एनपिएलको ट्रफी नै लुम्बिनीले उचाल्यो । प्लेअफमा स्थान सुरक्षित नहुँदासम्म कप्तान रोहित पौडेलले लिग चरणका अन्तिम खेल नकआउट रूपमा रहेको प्रतिक्रिया दिएका थिए । उनी भन्थे, 'लिग चरणमा पोखरा, विराटनगर र जनकपुरसँगका खेल लुम्बिनीले नकआउटजस्तै लिएको थियो । हारले लिग चरणबाटै बाहिरिने अवस्थामा हामी पुगेका थियौँ ।'

पोखरासँगको खेलपछि टिमवर्कको भावनामा प्रतिस्पर्धा गर्दै लुम्बिनीले बलिया टोलीलाई परास्त गर्दै सहजै फाइनलसम्म स्थान बनायो । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुदूरपश्चिमविरुद्धको फाइनल रोमाञ्चक हुने अपेक्षा थियो । तर, फाइनल एक किसिमले एकपक्षीयजस्तै भयो । रोहितको ह्याट्रिक, शेर मल्ल तथा रुबेन ट्रम्पेलम्यानले समान तीन विकेट लिँदा लगातार दोस्रोपटक फाइनल खेलिरहेको सुदूरपश्चिम केवल ८४ रनमै समेटियो ।

८५ रनको सहज लक्ष्य पछ्याएको इनिङ्समा ओपनर दिनेश अधिकारीले दीपेन्द्रसिंह ऐरीको पहिलो ओभरमै २७ रन खोसेपछि लुम्बिनीले उपाधि भिडन्त नौ ओभरमै सकायो । लुम्बिनीले पावर प्लेमा दुई विकेट गुमाएर ६२ रन जोडेको थियो । गत सिजनमा लुम्बिनी पुछारमा रहेको थियो । दोस्रो सिजनमा उत्कृष्ट प्रदर्शन गरी लुम्बिनीले उपाधि जितेको हो ।

लगातार ६ खेलमा जित

लिग चरणको पहिलो चार खेलसम्म लुम्बिनीले एक जित निकालेको थियो । आफ्नो पहिलो खेलमा उसले चितवनलाई ६ विकेटले हराएको थियो । कर्णालीसँग ९ विकेट, काठमाडौं गोर्खाजसँग २२ रन तथा सुदूरपश्चिमबाट सात विकेटले पराजित हुँदा लुम्बिनी अंकतालिकाको सातौँ स्थानमा थियो । अर्कोतिर, तत्कालका साबिक विजेता जनकपुर बोल्ट्सले एक खेलमा पनि जित निकाल्न नसक्दा आठौँ स्थानमा थियो । रनरेटमा मात्र लुम्बिनी जनकपुरभन्दा एक स्थानमाथि रहेको थियो । पाँचौँ खेलमा पोखराविरुद्धको जितले आत्मविश्वासका साथ लुम्बिनीले प्रत्येक खेलमा प्रतिस्पर्धा गऱ्यो । छैटौँ खेलमा विराटनगरलाई पाँच विकेटले हराएको लुम्बिनीले लिगकै अन्तिम खेलमा जनकपुरलाई चारै विकेटले हराउँदै आठ अंकका साथ शीर्ष चारमा पुग्यो । त्यसपछि इलिमिनेटरमा लुम्बिनीले काठमाडौं गोर्खाजलाई ४ विकेटले हराउँदै क्वालिफायर २ मा स्थान सुरक्षित गऱ्यो । फाइनल प्रवेशको खेलमा लुम्बिनीले विराटनगरमाथि ४० रनको एकपक्षीय जित निकालेर फाइनलमा स्थान बनायो । लुम्बिनीले च्याम्पियनशैलीमै फाइनलमा सुदूरपश्चिमलाई स्तब्ध पार्दै लगातार ६ खेलमा अपराजित रहँदै उपाधि जित्न सफल भयो ।

बलिङमा बलियो लुम्बिनी

रमाइलो पक्ष के छ भने, लुम्बिनी च्याम्पियन हुँदा कुनै पनि ब्याट्समयानले अर्धशतकीय योगदान दिएनन् । दोस्रो एनपिएल भरी नै कप्तान रोहितले कर्णाली याक्सविरुद्ध ४९ रन नै सर्वाधिक रह्यो । ब्याटिङमा मध्य प्रदर्शन गरेको लुम्बिनीले फास्ट तथा स्पिन बलमा उत्कृष्ट प्रदर्शन गरेको थियो । विशेषतः इलिमिनेट देखि फाइनलसम्म उनीहरूको प्रदर्शन अब्बल रहे । स्पिनमा शेर मल्ल, रोहित, अभिषेक गौतम तथा तिलकराज भण्डारीले प्रत्येक खेलमा सुधारिएको प्रदर्शन गरी टोलीलाई च्याम्पियन बनाए । विरानटगरविरुद्धको क्वालिफायर २ मा भण्डारीले १५ रन तीन विकेट लिए । शेरले सोही खेलमा दक्षिण अफ्रिकाका पूर्वकप्तान फाफ डु प्लेसिसलाई आउट पारे । नामिबियाका फास्ट बलर रुबेन ट्रम्पेलम्यानले पहिलो ओभरमै सनसनीपूर्ण रूपमा दुई विकेट लिएका थिए । उपाधि भिडन्तमा रोहितले ह्याट्रिकसमेत गरे । दोस्रो एनपिएलमा सर्वाधिक विकेट लिने शीर्ष पाँचमध्ये दुई बलर लुम्बिनीका छन् । तेस्रो स्थानमा शेर तथा चौथो स्थानमा रुबेन रहे । यसैगरी, कप्तान रोहित नवौँ स्थानमा छन् ।

दोस्रोपटक चुक्यो सुदूरपश्चिम

पहिलो सिजनमाझैं दोस्रोमा पनि सुदूरपश्चिमले लिग चरणदेखि क्वालिफायर वानसम्म उत्कृष्ट प्रदर्शन गरेको थियो । लिग चरणको आफ्नो अन्तिम खेलमा विराटनगर किंग्सबाहेक अन्य ६ खेलमा सुदूरपश्चिमले विपक्षीमाथि एकपक्षीय जित निकाली क्वालिफायर वानमा स्थान बनाएको थियो । लिग चरणमा लगातार ६ खेल निकालेको सुदूरपश्चिम अन्तिम खेलमा विराटनगरबाट ६ विकेटले पराजित भएको थियो । सुदूरपश्चिमले क्वालिफायर वानमा विराटनगरलाई ७७ रनले हराउँदै सहजै फाइनलमा स्थान पक्का गऱ्यो । लगातार दोस्रोपटक फाइनल स्थान बनाएको सुदूरपश्चिमले लुम्बिनीविरुद्ध ब्याटिङ र बलिङमा कमजोर प्रदर्शन गऱ्यो । गत सिजनमा जनकपुरविरुद्ध पहिलो ब्याटिङ गर्दै नौ विकेट गुमाएर १८४ रनको बलियो योगफल बनाएको थियो । तर, जनकपुरले १९.२ ओभरमा पाँच विकेट गुमाएर सुदूरपश्चिमलाई उपाधि जित्न वञ्चित बनायो । दोस्रोपटकको उपाधि भिडन्तमा सुदूरपश्चिमले फितलो ब्याटिङ गर्दा नै उपाधि हात पार्न नसकेको हो ।

दुईपटक एनपिएल जित्ने शेर मल्ल एक्ला खेलाडी

पहिलो सिजनमा जनकपुर बोल्ट्स तथा दोस्रोमा लुम्बिनीबाट शेर मल्लले ट्रफी उचाले



सुदूरपश्चिम रोयल्सका हेमन्त धामी तथा लुम्बिनी लायन्सका स्पिनर शेर मल्लमध्ये एक खेलाडीले उपाधि भिडन्तमा व्यक्तिगत रेकर्ड राख्ने निश्चित थिए । सुदूरपश्चिम जित्दा हेमन्त र लुम्बिनीले बाजी मार्दा शेर लगातार दोस्रोपटक च्याम्पियन बन्ने सँघारमा थिए । गत वर्ष जनकपुर बोल्ट्स च्याम्पियन हुँदा यी दुवै खेलाडी टोलीका महत्त्वपूर्ण खेलाडी थिए । यस सिजनमा जनकपुरले अक्सन अगाडि शेर र हेमन्तलाई रिलिज गरेको थियो ।

अक्सनमा शेरलाई लुम्बिनी र हेमन्तलाई सुदूरपश्चिमले भित्र्याएको थियो । लुम्बिनी च्याम्पियन भएसँगै शेर फरक-फरक टोलीबाट च्याम्पियन बन्ने पहिलो खेलाडी बनेका छन् । लुम्बिनीलाई पहिलोपटक च्याम्पियन बनाउने क्रममा उनले १० खेलमा ४६ रन बनाए । उनले एक चौका र चार छक्का प्रहार गरेका थिए । बलिङ क्रममा उनले १७ विकेट हात पारेका छन् । गत सिजन जनकपुरलाई उपाधि दिलाउने क्रममा शेरले आठमध्ये सात इनिङ्समा बलिङ गर्दै सात विकेट हात पारेका थिए । त्यसवेला उनको उत्कृष्ट प्रदर्शन ३/११ रहेको थियो । गत सिजनमा उनी धेरै विकेट लिने सूचीको २५औँ स्थानमा थिए । उनले जनकपुरबाट आठमध्ये पाँच इनिङ्समा ब्याटिङ गरी २४ रन जोड्दा तीन छक्का लगाएका थिए ।



रोसिंटन समग्रमा पहिलो र स्वदेशीमा रोहित सर्वाधिक रन बनाउने


● रोहित पौडेल


● एडम रोसिंटन

दोस्रो एनपिएलमा पोखरा एभेन्जर्सका एडम रोसिंटन सर्वाधिक रन बनाउने ब्याट्समयान बनेका छन् । सात खेलमा एक शतक तथा दुई अर्धशतक सहयोगमा रोसिंटनले सर्वाधिक ३२३ रन जोडे । लुम्बिनीका कप्तान रोहित पौडेल समग्र एनपिएलमा दोस्रो तथा स्वदेशी खेलाडीमा सर्वाधिक रन बनाउने सूचीमा रहेका छन् । उनले १० खेलमा २७६ रन बटुलेका छन् । फाइनलअघि सुदूरपश्चिमका ओपनर विनोद भण्डारी २६० रनका साथ दोस्रो स्थानमा थिए ।

तर, उनी लुम्बिनीसँगको उपाधि भिडन्तमा शून्य रनमा आउट भए । रोहितले फाइनलमा १६ रन जोड्दै दोस्रो स्थानमाथि कब्जा जमाए । प्रतियोगितामा उनले एकपटक पनि अर्धशतकीय इनिङ्स खेल्न सकेनन् । दोस्रो एनपिएलमा उनले कर्णाली याक्सविरुद्ध सर्वाधिक ४९ रन तथा पोखराविरुद्ध ४० रन जोडेका थिए । यसैगरी, विराटनगर किंग्स र जनकपुरसँगको खेलमा रोहितले समान ३४ रन जोडेका थिए ।

विराटनगरसँगको खेलमा शून्य रनमा आउट भएका थिए । लगातार दोस्रोपटक उपविजेतामा सीमित भएको सुदूरपश्चिमका विनोद नौ खेलमा २६० रन जोड्दै तेस्रो स्थानमा रहे । लुम्बिनीका ओपनर डार्सी सट २५६ रनका साथ चौथो स्थानमा छन् । कर्णालीका मार्क वाटले सात खेलमा २४६ रन बनाउँदै पाँचौँ स्थान रक्षा गरेका छन् । पोखराका एडम र कर्णालीका मार्कले मात्र दोस्रो एनपिएलमा शतकीय इनिङ्स खेलेका थिए । चितवनका रवि बोपाराले लगातार तीन खेलमा अर्धशतक लगाएका थिए ।

सर्वाधिक रन बनाउने

एडम रोसिंटन (पोखरा)
खेल : ७, इनिङ्स : ७
रन : ३२३, शतक : १, अर्धशतक : २

रोहित पौडेल (लुम्बिनी)
खेल : १०, इनिङ्स : १०
रन : २७६, शतक : ०, अर्धशतक : ०

विनोद भण्डारी (सुदूरपश्चिम)
खेल : ९, इनिङ्स : ९
रन : २६४, शतक : ०, अर्धशतक : २

डार्सी सट (लुम्बिनी)
खेल : १०, इनिङ्स : १०
रन : २५६, शतक : ०, अर्धशतक : १

मार्क वाट (कर्णाली)
खेल : ७, इनिङ्स : ७
रन : २४६, शतक : १, अर्धशतक : १

रवि बोपारा (चितवन)
खेल : ७, इनिङ्स : ७
रन : २३७, शतक : ०, अर्धशतक : ३

बेन चार्ल्सवर्थ (काठमाडौं)
खेल : ८, इनिङ्स : ८
रन : २०१, शतक : ०, अर्धशतक : १

प्रियांक पन्चाल (कर्णाली)
खेल : ७, इनिङ्स : ७
रन : १९७, शतक : ०, अर्धशतक : २

बसिर अहमद (विराटनगर)
खेल : ९, इनिङ्स : ९
रन : १९१, शतक : ०, अर्धशतक : १

आसिफ शेख (सुदूरपश्चिम)
खेल : ९, इनिङ्स : ८
रन : १८६, शतक : ०, अर्धशतक : १

■ आजको तस्बिर



विकेट लिएपछि फाइनलमा सुदूरपश्चिमविरुद्ध विकेट लिएपछि लुम्बिनी लायन्सका कप्तान रोहितकुमार पौडेल ।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

उपाधि भिडन्तमा तीन खेलाडी परिवर्तन

दोस्रो संस्करणको एनपिएल फाइनलमा सुदूरपश्चिमका दुई तथा लुम्बिनीका एक खेलाडी परिवर्तन भए । विदेशी खेलाडीको कोटामा भित्रिएका जेजे स्मितले उपाधि भिडन्त खेल्न पाएनन् । लुम्बिनीले उनको स्थानमा मोविन सुभसिंहलालाई समावेश गरेको थियो । स्मिथले सात खेलमा ६ इनिङ्स ब्याटिङ गरी ५६ रन मात्र जोडेका थिए । उनले ६ इनिङ्स बलिङ गर्दै चार विकेट हात पारेका थिए । फाइनलमा स्मितको स्थानमा अवसर पाएका मोबिनले सुदूरपश्चिमविरुद्ध दुई ओभर बलिङ गर्दै १० रन खर्चे ।

यसैगरी सुदूरपश्चिमबाट मिलन बोहाराको स्थानमा दीपक बोहाराले स्थान पाए । लुम्बिनीविरुद्धको खेलमा उनी गोल्डेन डकआउट भए । रोहित पौडेलको बलमा उनी क्याचआउट भए । यसैगरी, मुख्तर अहमदको स्थानमा पुनित मेहराले स्थान पाए । उनी पनि गोल्डेन डकआउट भए । रोहितले ह्याट्रिक विकेटका रूपमा मेहरालाई एलबिडब्लूको धरापमा राखेका थिए ।

इकोनोमी रनरेटमा सन्दीप उत्कृष्ट बलर

क्वालिफायर २ बाट बाहिरिएको विराटनगर किंग्सका कप्तान सन्दीप लामिछाने दोस्रो सिजनकै सर्वाधिक विकेटकर्ता बनेका छन् । दोस्रो एनपिएलमा सन्दीपसँगै सुदूरपश्चिमका अविनाश बोहरा र लुम्बिनी लायन्सका शेर मल्लले समान १७ विकेट लिएका थिए । सन्दीपले नौ खेलमा नौ इनिङ्स बलिङ गर्दै ४.९१ इकोनोमी राखेका छन् । बोहराले नौ खेलमा ११.४७ इकोनोमी खेली दोस्रो स्थानमा रहेका छन् । च्याम्पियन लुम्बिनीका स्पिनर शेरले १० खेलमा १३.७६ इकोनोमी राखेका छन् । उनी तेस्रो स्थानमा छन् ।

दोस्रो एनपिएलका चौथो सर्वाधिक विकेट लिने बलर लुम्बिनीका रुबेन ट्रम्पेलम्यानले १५ विकेट हात पारेका छन् । उपाधि भिडन्तमा उनले तीन रन खर्चेर तीन विकेट लिएका थिए । यसैगरी, इलिमिनेटर चरणबाट बाहिरिएको काठमाडौं गोर्खाजका सहाब आलम १३ विकेटका साथ पाँचौँ र काठमाडौंकै कप्तान करण केसी १३ विकेटका साथ छैटौँ स्थानमा रहेका छन् ।

रनरेटकै आधारमा सहाबले करणलाई पछि पारेका हुन् । एनपिएलमा सन्दीपको उत्कृष्ट प्रदर्शन ४-११ रह्यो । अविनाशले ३० रन खर्चेर चार विकेट लिएका थिए । शेरले विराटनगरविरुद्ध १८ रन खर्चेर तीन विकेट लिँदै उत्कृष्ट स्पेल बलिङ गरेका थिए । रुबेनले भने फाइनलको दिन उत्कृष्ट बलिङ प्रदर्शन गरेका हुन् । यसै प्रदर्शनमा उनले इकोनोमीसमेत सुधारे ।

प्रतियोगितामा सहाब एनपिएलकै पहिलो ह्याट्रिक लगाउने बलर बन्दा पोखराविरुद्ध ६-२५ रेकर्ड राखेका थिए । करणले सुदूरपश्चिमविरुद्ध ३० रन खर्चे चार विकेट लिएका थिए । सुदूरपश्चिमका हर्मित सिंहले सातौँ स्थानमा रहे । उनले नौ खेलमा १२ विकेट लिँदा ६.१८ को इकोनोमी रेट राखेका छन् । उनले काठमाडौं गोर्खाजविरुद्ध २२ रन खर्चेर तीन विकेटको स्पेल गरेका थिए ।



सर्वाधिक विकेट लिने बलर

सन्दीप लामिछाने (विराटनगर)
खेल : ९, विकेट : १७
ओभर : ३६, इकोनोमी : ४.९१

अविनाश बोहरा (सुदूरपश्चिम)
खेल : ९, विकेट : १७
ओभर : २६.१, इकोनोमी : ७.४५

शेर मल्ल (लुम्बिनी)
खेल : १०, विकेट : १७
ओभर : ३६, इकोनोमी : ६.५०

रुबेन ट्रम्पेलम्यान (लुम्बिनी)
खेल : १०, विकेट : १५
ओभर : ३३.२, इकोनोमी : ६.७२

साहब आलम (काठमाडौं)
खेल : ८, विकेट : १३
ओभर : २८, इकोनोमी : ६.२१

करण केसी (काठमाडौं)
खेल : ८, विकेट : १३
ओभर : २८.५, इकोनोमी : ७.४२

हर्मित सिंह (सुदूरपश्चिम)
खेल : ९, विकेट : १२
ओभर : ३३.४, इकोनोमी : ६.१८

धनञ्जय लक्षण (पोखरा)
खेल : ३, विकेट : १०
ओभर : ११.४, इकोनोमी : ५.७४

रोहित पौडेल (लुम्बिनी)
खेल : १०, विकेट : १०
ओभर : १३, इकोनोमी : ७.६१



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com